# मधेशी आयोगको

# पाँचौं
## वार्षिक प्रतिवेदन
## (आ.व. २०७९/८०)




## मधेशी आयोग, नेपाल
२०८०

# मधेशी आयोगको पाँचौ वार्षिक प्रतिवेदन

**प्रकाशक:** मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल ।

**फोन नं.** +९७७-०१-५२६९१८५

**फ्याक्स:** +९७७-०१-५२६११८५

**हेल्पलाईन :** ११४८

**टोल फ्रि :** १६६००११६१८५

**अङ्क-पाँचौ**

**Website :**www.madheshicommission.gov.np

**Email:** madheshicommission@gmail.com

सर्वाधिकार© मधेशी आयोग, नेपाल

**कम्प्युटर डिजाइन तथा लेआउट :** सुनिल श्रेष्ठ

**मुद्रण :** दिप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स


नेपाल
संघीय नेपालको प्रादेशिक सिमाङ्कन
कोशी प्रदेश
मधेश प्रदेश
बागमती प्रदेश
गण्डकी प्रदेश
लुम्बिनी प्रदेश
कर्णाली प्रदेश
सुदूरपश्चिम प्रदेश



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटि-कोटि, सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।



# आयोगका पदाधिकारी



**डा. विजय कुमार दत्त**
माननीय अध्यक्ष
मो. ९८५१२३९४५८



**जीवछ साह**
माननीय सदस्य
मो. ९८५२८३३३४४



**रेणु देवी साह**
माननीय सदस्य
मो. ९८४२८२०३२७



**विजय कुमार गुप्ता**
माननीय सदस्य
मो. ९८४८०२४३५३



**आभा कुमारी**
माननीय सदस्य
मो. ९८०३४७३३१४



**सचिव**
रुद्र प्रसाद लामिछाने
९८४१५१२३९८

# मधेशी आयोग

## ज्वागल, ललितपुर

पत्र संख्या: २०८०/८१
चलानी नं.: ६४

फोन नं: ०१-५२६९१८५
टोल फ्रि नं: १६६००११६१८५

मधेशी आयोग ज्वागल, ललितपुर

मिति : २०८०।०६।१५

सम्माननीय राष्ट्रपतिज्यू ,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

**विषय- पाँचौ वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

नेपालको संविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक बर्ष २०७९/८० मा सम्पादन गरेका कार्यको पाँचौ वार्षिक प्रतिवेदन यसै पत्रसाथ पेश गरेको छु ।

भवदिय

V.K.
डा. विजय कुमार दत्त
अध्यक्ष

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email: madheshicommission @gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं.: ११४८



जानकी मन्दिर, जनकपुरधाम्



लुम्बिनी

# मन्तव्य

**"मधेशी आयोगको सतत् सदिच्छा**

**राज्यमा समुचित पहुँचको लागि**

**नैतिकवान् मधेश:सशक्त नैतिक शिक्षा ।"**

नेपालको संविधानको भाग २७ र धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। यो आयोगलाई स्वतन्त्र संवैधानिक निकायको रुपमा चित्रित गरिएको छ । यसबाट के प्रष्टिन्छ भने सामाजिक समावेशीता, मानव अधिकार, संविधानवाद र परिभाषित कानुनी शासनलाई प्रभावकारी रुपमा स्थापित गर्नका लागि नै यो आयोग बनाइएको हो । संविधानको प्रस्तावना देखि भाग र धाराहरुमा अक्षरांकित गरिएका मानव अधिकार, समानुपातिक समावेशिता र सामाजिक न्यायप्रति राज्यलाई अझ जिम्मेवार बनाउन सक्रिय भूमिका निर्वाह गर्नु पर्छ भन्ने दायित्वमुखी जिम्मेवारी रहेको छ।

मधेशी आयोगको स्थापना वर्ष २०७५ तथा कार्य संचालन बर्ष पनि २०७५ चैत ७ गते नै रहेको छ । स्थापना काल देखि नै यो आयोगले प्राप्त संवैधानिक र कानुनतः परिभाषित गरिएका कार्यहरु अहोरात्र सम्पादन गर्दै आएको छ । यसै क्रममा कोभिड - १९ को पहिलो, दोस्रो र तेस्रो लहरको विश्वव्यापी महामारीले नेपाललाई पनि निकै अप्ठेरोमा पारेको थियो र अझैसम्म त्यसको नकारात्मक प्रभाव आर्थिक र सामाजिक लगायतका क्षेत्रमा देखा परेकै छ । यसको कुप्रभाववाट यो आयोग पनि निकै प्रभावित भए । विश्व संकटका वावजुद पनि यो आयोगले प्राप्त जिम्मेवारीलाई अक्षरशः वहन गर्दै आयोगलाई सकेसम्म प्रविधिको माध्यमवाट जनमैत्री बनाएको छ । प्राप्त वैधानिक जिम्मेवारी अनुसार "मधेश" शव्द र भूगोलको परिभाषा गरिएको छ । त्यस्तै, मधेशी समुदाय को को हुन ? परिभाषित गरिएको छ। मधेशीको खण्डिकृत जनसंख्या कति छ ? त्यसको लागि मधेश प्रोफाइल र सांस्कृतिक अवस्थाको यथार्थ चित्रणको लागि वृत्तचित्र निर्माण गरिएको छ । मधेशी समुदायको समस्या पहिचान र बर्ग पहिचान गरिएका छन् । पञ्चबर्षिय रणनीतिक योजना तयार गरी सरोकारवालाहरुमा कार्यान्वयनको लागि सिफारिस गरिएको छ। आयोगले प्राप्त अधिकार अनुसार, अनुगमन,

समक्षिा र मूल्यांकन गर्ने कार्य गरेको छ। प्राप्त सयकडौं उजुरीहरु माथि कारवाही लागि कार्य सम्पादन भएको छ। संघीय संसद, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा तीन पटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग सघन छलफल भएको छ। आयोगको स्थापनाकालदेखि वर्तमान सम्म शुन्य वेरुजु भएको लगायतका ऐतिहासिक कार्यहरु सुसम्पन्न भएका छन् ।

यी कालजयी अध्यापन र अनुसन्धानहरु नेपालको इतिहासमै प्रथम पटक भएका छन् । यसै क्रममा आ.व. ०७९/०८० मा आयोगले "राज्यमा मधेशी समुदायको पहुँच" सम्वन्धमा अध्ययन सुसम्पन्न गरेको छ । यस अध्ययन अनुसार, मधेशी समुदायको पहुँच नेपाली सेनामा ०३%, निजामती सेवामा ०८%, सशस्त्र प्रहरी बलमा ०९%, नेपाल प्रहरीमा १२% र नेपाल राष्ट्र बैकमा १२.११% रहेको छ । २०८० वैशाख महिनासम्म जो जसले मधेशी प्रमाणपत्र लिएका छन् ती सबैको यस अध्ययनको प्रतिवेदनमा सहभागिता रहेका छन् । यसमा मधेशी दलित, मधेशी आदिवासी जनजाति, थारु, मुस्लिम लगायतका समुदायहरु रहेका छन् ।

यसप्रकार सवै जात र समुदायलाई एकत्रित गर्दा जम्मा जनसंख्या ४९% हुन जान्छ ।यो अध्ययन प्रतिवेदनको डिजिटल प्रकाशन र हार्डकपी दुबैमा प्रकाशन गरिएको छ । यसै वार्षिक प्रतिवेदन मार्फत, राज्यलाई सिफारिस गरिनेछ । जसबाट मधेशी समुदायको राज्यमा यथेष्ट पहुँचको लागि आधारस्तम्भ स्थापित हुनेछ । यसै अध्ययनको आधारमा मधेशी आयोगले प्रभावकारी रुपमा समस्या समाधान गर्न सिफारिस नेपाल सरकारलाई गर्नेछ । थप अध्ययन तथा अनुसन्धानको निरन्तरता आयोगले गर्ने नै छ । सबै अधिकारमुखी संवैधानिक आयोगहरुसँगको समन्वय र सहकार्यमा लक्षित समुदायको राज्यमा समुचित र न्यायिक पहुँचको लागि आयोगले अहोरात्र कार्य गर्दै आएको छ ।

नैतिकवान् मधेश र सशक्त नैतिक शिक्षाको माध्यमवाट आयोगले स्थापनाकाल देखि नै केन्द्रीय तह, प्रादेशिक तह र तराई-मधेशका सीमावर्ती जिल्लाहरुका स्थानीय तहमा समेत नेपाल सरकारको सहकार्यमा अभिमुखीकरण कार्यक्रम सन्चालन गर्दै आएको छ । यी कार्यक्रमहरु अत्यन्तै फलदायी रहेका छन् ।

आयोगको ऐनको प्रस्तावना अनुसार "इतिहास र संस्कृतिको पहिचान गरी त्यसलाई संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्नु" प्राप्त वैधानिक जिम्मेवारी अनुसार आयोगले विदेह सभ्यतालाई सशक्तीकरण गर्ने अभियानलाई समेत अग्रसारित गरेको छ । यसै क्रममा गरिएका केहि परिदृश्य यसप्रकार रहेका छन् :

सभ्यताहरुको कठिन संघर्ष - माझ र समूहमा मानव जातिको उदय र उदगम् भएको देखिन्छ। विभिन्न विचार र धर्मावलम्बीहरुले मानव जातिको सम्वन्धमा आ-आफ्ना विचार राखेता पनि सिन्धु/हिन्दु सभ्यताको वैज्ञानिक दस्तावेजीकरण भएको प्रमाणिकता देखिन्छ । अनेकानेक सभ्यताहरुसंग संघर्ष गर्दै सिन्धु नदिदेखि व्रम्हपुत्र र भगिरथी- गंगा उत्तरमा हिमालयसम्म एउटा सभ्यताले सुदृढ अस्तित्व कायम गरे जसलाई आर्य भनिएको देखिन्छ । यो आर्य सभ्यताका सामाजिक, सांस्कृतिक र राजनीतिक नेतृत्वकर्ता "मनु" थिए । मनु लाई मनुष्य वा मानवको संक्षिप्त शव्दरुप मानिन्छ । सम्भवतः मनुवाट नै अंग्रेजीको Man शव्द आएको भान हुन्छ । मनुलाई मानव जातिको प्रथम सन्देशवाहक पनि भनिन्छ । मनु सृष्टिकर्ता व्रम्हाका सृष्टि अंश थिए र उनी सतरुपाका पति थिए । भनिन्छ, मनुको जन्म १९७०० वर्ष पहिले नै भएको थियो। उनको १० रुप थियो वा सृष्टिकर्ताले दसवटा मनुको सृजना गरे । प्रथम मनु-सतरुपाका पाँच सन्तान भए । जसमा दुई छोरा र तिन छोरी भईन् । छोराहरुमा प्रियव्रत र उत्तानपादु भए र छोरीहरुमा आकृति, देवभुमि र प्रसुति भईन् । कपिलमुनि देवभुमिका भए । मनुले राज्यकाज सुन्दरतम् जिम्मेवारीका साथ पूरा गरे । राजा भएर गरेका कामहरु सुनौलो अक्षरमा अक्षरांकित भएको थियो तैपनि केहि सामाजिक विवादहरु अर्थको अनर्थ लगाए पछि देखिन्छ । मनुले जीवनको उत्तरार्द्धमा मुनि मनु भए पछि उहाँ द्वारा ऋषि-मुनिहरुलाई दिएका वा प्रदान गरिएका वचनहरुमा "मनुसंहिता" प्रतिपादन भए जसको सवल अस्तित्व अझै रहेको देखिन्छ । उहाँ द्वारा भनित र चयनित श्लोक "जन्मनाजायते शुद्रः, कर्मणाद्विज भवेत्" ले वैज्ञानिक आधार प्रस्तुत गरेको छ । जन्मले सवै शुद्र तुच्छकर्मी हुन्छन् तर कर्मले उच्चकर्मी वा व्राम्हण हुन्छन् ।

वाल्मीकि रामायण अनुसार, मनुका वंशजहरु जसलाई सीतायन-रामायण पूर्वका वंशज मानिन्छन्। यस प्रकार रहेका छन् :-

१. मनु २.ऋषभ/ इक्ष्वाकु ३.निमि ४.मिथि ५.जनक ६.उदावसु ७.नन्दिवर्धन ८.सुकेतु ९.देवरात १०.बृहद्रथ ११.महावीर १२.सुधृति १३.धृष्टिकेतु १४.हर्यरब १५.मरु १६. प्रतिन्धक १७.किर्तिरथ १८.देवमीठ १९.विवुध २०.महिध्रक २१.किर्तिरात २२.महोरमा २३.स्वर्णरोमा २४.हर्षरोमा २५.शीरध्वज जनक [ सीताको पिता ]

माथिबाट गणना गर्दा शिरध्वज जनक विदेह सभ्यताका वाइसौ राजा भए । यस्ता ऐतिहासिक अध्ययन कार्यमा समेत आयोग प्रतिवद्ध रहेको छ।

आयोगको ऐनद्वारा प्रदत्त र आयोगबाट निर्णयित "मधेश दिवस" आयोजनाको सम्बन्धमा प्रारम्भिक विमर्श गरिएको छ । तर, राज्यको वक्रदृष्टिको कारण जनताका माग र आयोगद्वारा प्रदत्त आपूर्ति सेवाको बीचमा उचित तालमेल हुन नसकेको यर्थातता घाम झैं झर्लंग छ । सम्माननीय प्रधानमन्त्रीहरुसँगको भेट र छलफल फलदायी हुन सकेको छैन । यथावस्थामै यस आयोगलाई राखि राख्नु राष्ट्र कै लागि प्रत्युत्पादक हुनेछ । या त अवस्था र व्यवस्थालाई सुधार्न पर्ने हुन्छ या त आयोगलाई नै संविधानको दृष्टिपटलबाट सदा-सदैवको लागि हटाउनु पर्छ । यसरी शिखण्डीको स्वरुपमा राखि राख्नु कथापि उचित हुँदैन ।

अन्तयमा, यस पन्चम् बार्षिक प्रतिवेदन तयार गर्न प्रज्ञा महानुभावहरु, प्रत्यक्ष वा परोक्षरुपमा सहयोग गर्ने आयोगका मा. सदस्यहरु, कर्मचारीहरु, सम्पूर्ण व्यक्ति तथा व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद अर्पण ।

जय जानकी, जय नेपाल

जय वुद्ध, जय नेपाल ।

**डा. विजयकुमार दत्त**
अध्यक्ष
मधेशी आयोग।
drvijaydutta@hotmail.com

# प्राक्कथन

हाम्रो देश बहुल जातजाति, भाषाभाषीको राज्य हो । बहुलपन हाम्रो परिचय हो । देशमा रहेका विविध जातजाति, भाषाभाषी समुदाय मध्ये मधेशमा रहने जातजाती, भाषाभाषीको हकहितको संरक्षण र सम्बर्द्धनका लागि मधेशी आयोगको स्थापना भएको हो । आयोगको उद्देश्य बमोजिम आयोग आफ्नो कार्य क्षेत्रमा लम्किनै रहेको छ । आयोग आफ्नो कार्यप्रति लगनशिल भएकोले आयोगबाट गरिएका सिफारिस र अनुगमनबाट मधेशी समुदायमा भएका गलत क्रियाकलापहरुमा दोषी उम्कन नपाउने र पीडितले न्याय पाउने अवस्था रहेको छ । सालवसाली रुपमा मधेशी आयोगबाट सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश हुने प्रतिवेदनबाट मधेशी समुदायमा थप गर्नुपर्ने सुधारको विषय र यसबाट प्राप्त प्रतिफल र परिणाम सम्बन्धमा समेत उल्लेख गरिने हुँदा मधेशी समुदायको उत्थानका लागि यो प्रतिवेदन कोशे ढुङ्गा सावित हुने कुरामा दुईमत छैन । आयोगको यो प्रतिवेदन तयारीमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण आयोग परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**रुद्र प्रसाद लामिछाने**

सचिव

मधेशी आयोग

# विषय सूची

**पेज नं.**


कार्यकारी सारांश ............ १
परिच्छेद—१ ............ ६
प्रारम्भिक ............ ६
१.१ पृष्ठभूमि ............ ६
१.२ आयोगको उद्देश्य ............ ६
१.३ आयोगको काम, कर्तव्य र अधिकार ............ ६
१.४ संगठन ............ ९
परिच्छेद—२ ............ १०
आयोगबाट सञ्चालित र गतिविधि र कार्यक्रम ............ १०
२.१ हक हितको संरक्षण ............ १०
२.१.१ उजुरी ............ १०
२.१.२ अनुगमनका कार्यक्रमहरु ............ ११
२.२ अधिकारको प्रबर्द्धन तथा सशक्तीकरण ............ १२
२.२.१ प्रतिवेदन प्रकाशन ............ १२
२.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम ............ १२
२.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम ............ १३
२.२.४ राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच ............ १४
२.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया ............ १५
२.३ आयोगका गतिविधिहरु ............ १६
२.३.१ आयोगका वैठकका निर्णयहरु ............ १६
२.३.२ आयोगका प्रेस विज्ञप्ति ............ १६
परिच्छेद —३ ............ १८
३.१ सुझाव तथा सिफारिस ............ १८
३.१.१ आयोगका तर्फबाट प्रस्तुत गरिएका सुझाव तथा सिफारिस ............ १८
परिच्छेद— ४ ............ ३२
भौतिक स्रोत साधन र उपयोगको अवस्था ............ ३२
४.१ आयोगको भौतिक सम्पत्ति ............ ३२

परिच्छेद –५ ........................................................ ३३
उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु ........................................................ ३३
५.१ उपलब्धीहरु ........................................................ ३३
५.२ समस्या तथा चुनौतिहरु ........................................................ ३४
५.३ आयोगको अपेक्षा तथा भावी कदमहरु ........................................................ ३६
परिच्छेद–६ ........................................................ ४१
कार्यक्रम र लागत ........................................................ ४१
६.१ वार्षिक कार्यक्रम र खर्च ........................................................ ४१
अनुसूचीहरु
अनुसूची- १ ........................................................ ४२
मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण ........................................................ ४२
अनुसूची- २ ........................................................ ४५
आयोगमा परेका उजुरीहरुको विवरण ........................................................ ४५
अनुसूची- ३ ........................................................ ५३
प्रदेशगत कार्यक्रमहरु ........................................................ ५३
अनुसूची- ४ ........................................................ ५९
आयोगका पदाधिकारीबाट गरिएका अनुगमनहरु ........................................................ ५९
अनुसूची- ५ ........................................................ ७२
राज्यको मूलप्रवाहमा मधेशी समुदायको पहुँच अध्ययन प्रतिवेदन, २०७९ सम्बन्धी विवरण. ७२
अनुसूची- ६ ........................................................ १०६
आयोगका बैठकहरु ........................................................ १०६
अनुसूची–७ ........................................................ ११८
आयोगका प्रेस विज्ञप्ति ........................................................ ११८
अनुसूची–८ ........................................................ १४९
आयोगको भौतिक सम्पत्ति ........................................................ १४९
अनुसूची–९ ........................................................ १५२
आयोगका आर्थिक विवरण ........................................................ १५२
अनुसूची–१० ........................................................ १५७
विविध क्रियाकलापको फोटो ग्यालरी ........................................................ १५७

# कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले आफ्नो स्थापना काल देखि संवैधानिक परिधि तथा ऐन कानुन भित्र रही कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

## १. हक हितको संरक्षण

### (क) उजुरी

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी आयोगको ऐनको दफा ७ (ठ) अनुसार सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कानुनी जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल १३३ वटा उजुरी तथा गुनासाहरु आयोगसमक्ष प्राप्त भएका छन् । यस आयोगले पिडितलाई न्याय दिलाउन ती वार्षिक रुपमा प्राप्त भएका उजुरीहरुको आवश्यक छानबिन तथा तहकिकातका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाएको छ ।

(परिच्छेद २ सँग सम्बन्धित)

### (ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि विकासको समग्र अवस्थाको अनुगमनको लागि नीतिगत पृष्ठपोषण लिई आयोगबाट आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो ।जसमा शिक्षा, स्वास्थ्य, रोजगारी, औद्योगिक क्षेत्र, सिँचाई, कृषि तथा प्राकृतिक स्रोत, पर्यटन, सांस्कृतिक सम्पदा, पर्यायवरण, चुरे क्षेत्रको अवस्था, प्रतिनिधिसभा र प्रदेश सभा सदस्यको निर्वाचन अनुगमन, मिटरव्याजी पीडितको अवस्था, स्थानीय तहको नीति तथा कार्ययोजना तयारी, शान्ति सुरक्षा सम्बन्धी समस्या, खुल्ला सिमाना, महिला हिंसा र दाइजोप्रथा, सुकुम्वासी समस्या, मानव अधिकारको अवस्था, छुवाछुत, विभेद, मधेशी समुदायका अति विपन्न र विपन्न समुदायको आर्थिक अवस्था, कृषि विश्वविद्यालयको अवस्था र भौतिक पूर्वाधारहरुको अवस्था आदिको बारेमा बुझ्न तथा आगामी दिनमा चालिनु पर्ने कदमको बारेमा सुझाव लिन आयोगबाट विभिन्न समयमा अनुगमन गरिएको थियो ।

(परिच्छेद २ सँग सम्बन्धित)

## २. सम्बर्द्धन

### (क) राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच

मधेशी आयोगको ऐन, २०७४ को दफा ७ अनुसार राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन २०७९ तयारी गरी प्रकाशित गरिएको छ । देशको कुल जनसंख्याको लगभग आधा हिस्सा ओगट्ने मधेशी समुदायको राज्यको मूल प्रवाहमा कति सहभागिता छ भनेर अध्ययन गर्नु नै यस प्रतिवेदनको मुख्य उद्देश्य हो । राज्यको मूल प्रवाहमा मधेशीहरुको सहभागिता र उपस्थिति के कति रहेको छ भन्ने सम्बन्धमा अध्ययन गरी सो को तथ्याङ्क यो प्रतिवेदनमा उल्लेख गरिएको छ ।

(परिच्छेद २ सँग सम्बन्धित)

### (ख) अन्तरक्रिया कार्यक्रम

आ.व. २०७९।८० मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन् । आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ । सो सन्दर्भमा कार्यपत्रात्मक कार्यक्रमहरु समेत सम्पन्न गरिएको थियो । साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ । राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको महिलाहरुले मनाउने विभिन्न चाडपर्व र ती चाडपर्वबाट सिर्जित विकृतिहरु न्यूनीकरण गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।वालविवाह निरुत्साहन सम्बन्धी जनचेतनामूलक **"जुना"** चलचित्रको बारेमा आयोगको सभाहलमा अन्तरक्रिया गरिएको थियो। नेपालका धार्मिक तथा सांस्कृतिक धरोहर तथा विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न सिफारिस गरिएकाहरुमध्ये विश्व प्रसिद्ध जानकी मन्दिर सहितका धरोहरहरुलाई संरक्षण गर्न गरिएका कार्यक्रम, पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यक्रमहरु, निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउन नागरिक समाज तथा सरकारी सरोकारवालाहरुसँग गरिएका कार्यक्रमहरु,

छुटेका जातजातिहरुलाई समाविष्ट गर्ने कार्यक्रम आदि रहेका छन् । यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सवै सरोकारवालाहरुको उत्तिकै जिम्मेवार र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ । (परिच्छेद २)

## २.१ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण सशक्तीकरण

### (क) सशक्तीकरण

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले आत्मसात गरेको छ । साथै मधेशी समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ । त्यसैगरी मधेशी आयोग ऐनमा मधेशी समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्न, भइरहेका कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा सुधार गर्न, सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्न नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र कार्यक्रम आयोग स्वयमले गर्ने व्यवस्था रहेको छ ।

सोही अनुरुप मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख छ । राष्ट्र निर्माणमा युवाहरुको भूमिका अहम् हुने हुँदा उनीहरुलाई राज्यको मूलधारमा ल्याउनुपर्ने आवश्यक हुन्छ । यही कुरालाई मध्यनगर गर्दै मधेशी आयोगले युवाहरुका लागि **"नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रम "** र लोकसेवा आयोगमा सहज पहुँच होस भन्ने हेतुले **"लोकसेवा तयारी कक्षा अभिमुखीकरण कार्यक्रम"** संचालन गरेको थियो । मूलतः मधेशी समुदायको सशक्तीकरण र पहुँचको लागि राज्यले हरेक निकायमा आरक्षणको व्यवस्था गरेको छ । सोही अनुरुप ती व्यवस्थाहरुको बारेमा जानकारी दिने, निजामती सेवा प्रवेश कसरी गर्ने, सेवा भित्र के कस्ता अवसरहरु छन । सेवा प्रवेशका लागि के कति योग्यता आवश्यक

पर्छ आदि विषयमा प्रशिक्षण दिने तथा सहभागीहरुका जिज्ञासा संवोधन गर्ने ध्येयले कोशी प्रदेशको सुनसरी जिल्लाको बर्जु गाउँपालिका र लुम्विनी प्रदेशको दाङ्ग जिल्लाको गढवा गाउँपालिकामा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

### (ख) मधेशी आयोगको ईच्छा: नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको सिराहा जिल्लाको भगवानपुर गाउँपालिका, सप्तरी जिल्लाको बलान विहुल गाउँपालिका र गण्डकी प्रदेशको पोखरा महानगरपालिकामा कार्यक्रम संचालन गरिएको थियो ।

(परिच्छेद २ सँग सम्बन्धित)

### (ग) प्रतिवेदन प्रकाशन

यस आयोगले आफूले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो र चौंथो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको छ ।

संविधानको धारा २९४ (२) अनुसार, कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखहरु समक्ष पनि प्रतिवेदन पेश गरिएको छ ।

## २.२ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल

आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

(परिच्छेद २ संग सम्बन्धित)

## २.३ आयोगका गतिविधीहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरेको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो संवैधानिक भूमिका निर्वाह गर्ने क्रममा विभिन्न मितिमा विभिन्न घटना, परिवेश विषयहरुको बारेमा आयोगमा बैठक बसी विभिन्न विषयमा २३(तेइस) वटा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची-७ मा उल्लेख गरिएको छ ।

## ३. सिफारिस

### (क) आयोगबाट गरिएका सिफारिस

मधेशी आयोगको ऐन, २०७४ अनुसार यस आयोगले तराई मधेशमा सामाजिक कुरीतिका रुपमा रहेका वालविवाह, दाईजो प्रथा, बोक्सी, धामी, झाँक्री जस्ता कुरीति, अन्धविश्वास र छुवाछुत न्यूनीकरण, हत्या, लैङ्गिकहिंसा, आधुनिकीकरणको नाममा भईरहेको नीति विपरितका क्रियाकलापहरु, तराई मधेशमा भएका भूभागमा खडेरीका समस्या समाधानार्थ सुख्खा क्षेत्र घोषणा गर्न, सर्लाही जिल्लाको मधुवन गोठलाई ऐतिहासिक, सांस्कृतिक स्थल निर्माणार्थ प्रभावकारी रुपमा कार्य गर्न, चुरेको विनाशलाई रोक्न, अवैध जंगल कटानलाई रोक्ने कार्यको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई प्रभावकारी बनाउनुपर्ने, नेपाल-भारत सीमामा देखिएको समस्यालाई दिगो रुपमा द्विपक्षीय वार्ता मार्फत समाधान गर्न, तराई-मधेशमा रहेका पुरातात्त्विक महत्वका मठ-मन्दिरलाई उचित संरक्षण र विकास गर्न विश्व-सम्पदा सूचीमा सूचीकृत गर्न सरकारलाई सिफारिस गरिएको छ ।

(परिच्छेद ३ सँग सम्बन्धित)

# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भई विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। नेपाल सरकारको मिति २०७५।०७।२७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो । यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्त नियुक्त हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्य प्रारम्भ गर्नु भई मधेशी आयोगको नेतृत्व गर्दै आउनुभएको छ । त्यसैगरी मिति २०७७।१०।२१ मा सदस्यको रुपमा माननीय सदस्य जीवछ साह, माननीय सदस्य रेणु देवी साह र माननीय सदस्य विजय कुमार गुप्ता र मिति २०७८।३।१० मा माननीय आभा कुमारी नियुक्त भई सपथ ग्रहण गरी कार्य प्रारम्भ गरे सँगै यस आयोगले पूर्णता पाएको छ ।

## १.२ आयोगको उद्देश्यः

नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम तोकिएका छन् ।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत,

कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, ।

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको

अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

**यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेका छन:**

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि

आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।

## १.४ संगठनः

आयोगको कार्य संचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ । नेपालको संविधानको धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु कार्यरत रहनुभएको छ । आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत २६ जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ । संगठन संरचना र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-१ मा दिइएको छ ।

परिच्छेद– २

# आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २६२ मा व्यवस्था भए बमोजिम मधेशी आयोगको स्थापना गरिएको छ ।

मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो ।

## २.१ हक हितको संरक्षण

### २.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७९/८० मा विभिन्न माध्यमबाट प्राप्त भएको पत्र, व्यक्ति, टेलिफोन, विभिन्न संस्थाहरु, सामाजिक सञ्जाल, मौखिक र विद्युतीय माध्यमबाट कुल १३३ वटा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा उजुरीहरु प्राप्त भएका छन् । आयोगमा प्राप्त हुन आएका उजुरीहरु विभिन्न माध्यमबाट संकलन गर्ने, दर्ता गर्ने, आयोग समक्ष पेश गर्ने, आवश्यक छलफल गर्नुपरेमा आयोगको बैठक बसी छलफल गर्ने र उजुरीको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ । यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको उजुरी सहितको वर्गीकरण अनुसूची-२ मा उल्लेख गरिएको छ ।

## २.१.२ अनुगमनका कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगबाट विभिन्न समयमा पूर्व मेची देखी महाकालीसम्म अनुगमनात्मक कार्य सुसम्पन्न भएको छ । मधेशी समुदायको जनजिविकाका सवाल र मधेशी समुदायको समग्र अवस्थाको अनुगमन गर्ने क्रममा विभिन्न धारणाहरु प्राप्त गरी ती विषयहरुलाई आयोगले गम्भिरतापूर्वक मनन गरी सम्बन्धित निकायमा समस्या समाधानको लागि सिफारिस गर्ने गरेको छ ।

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो । मिटरव्याज पीडित, चुरे संरक्षण, शैक्षिक संस्थाहरुको सशक्तीकरण सम्बन्धी कार्य भएको, स्थानीय तहमा नीति तथा कार्ययोजना सम्बन्धी अवलोकन, विभिन्न जिल्लाहरुमा उत्पन्न शान्ति सुरक्षा सम्बन्धी समस्या समाधानार्थ गरिएका स्थलगत कार्य, खुल्ला सिमाना, महिला हिंसा र दाइजोको कारण उत्पन्न समस्याहरुको बारेमा, राज्यमा पहुँच नभएका समुदायमा हुने विभिन्न समस्याहरुको बारेमा, किसान आन्दोलनको बारेमा, संयुक्तरुपमा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात स्थलगत अनुगमन गरिएको थियो । त्यसैगरी मधेशी समुदायको राज्यमा पहुँचको अवस्थामा अझ प्रभावकारी सुधार हुनुपर्ने देखिएको जातिय, धार्मिक तथा साम्प्रदायिक विवादहरुको यथार्थपरक जानकारीको लागि कार्यको प्राप्त गर्ने कार्य, साथै आयोगमा दर्ता भएका उजुरीहरु माथि सत्य तथ्य बुझ्ने गरी आयोगबाट अनुगमन भएको थियो ।अति विपन्न र विपन्न समुदायको पारस्परिक सीप, सम्बर्द्धनको अवस्थाको जानकारी प्राप्त गरिने कार्य, हिमाल, पहाड र तराई मधेशका धार्मिक तथा पर्यटकीय स्थलहरुको माध्यमबाट आय आर्जनलाई प्रत्यक्ष प्रभावकारी बनाउने सम्बन्धी कार्यहरु, सामुदायिक तथा सांस्कृतिक सम्बन्ध अभिवृद्धि गर्ने हेतुले जनस्तरमै गरिएका कार्य, सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो । आयोगबाट भएको अनुगमन सम्बन्धी विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।

## २.२ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### २.२.१ प्रतिवेदन प्रकाशन

यस आयोगले आफुले गरेको काम कारबाहीको पहिलो, दोस्रो, तेस्रो र चौंथो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिसकेको छ ।

संविधानको धारा २९४ (२) अनुसार कोशी प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशको माननीय प्रदेश प्रमुख समक्ष पनि प्रतिवेदन पेश गरिसकेको छ ।

### २.२.२ मधेशी आयोगको ईच्छा: नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ । यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । मानिस नैतिक रुपमा सफा हुनु पर्दछ । जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउँदै व्यक्तिमा सदाचार, विनम्रता, सद्भाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन् । परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छा: नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा को लागि मधेश प्रदेशको सिराहा जिल्लाको भगवानपुर गाउँपालिका र सप्तरी जिल्लाको बलान विहुल गाउँपालिका, गण्डकी प्रदेशको पोखरा महानगरपालिकामा उक्त कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिबद्ध गरिएको छ । साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ ।

१. नैतिक शिक्षाको माध्यमबाट समग्र मानव जीवनमा वात्सल्य र माधुर्य भाव प्राप्त हुने हुँदा नैतिक शिक्षाको उन्नयनमा सरकारले प्रभावकारी भूमिका खेल्नुपर्ने । यो शिक्षा मानब कल्याणका लागि भएको हुँदा यसको महत्वलाई सबै पक्षले आत्मसात गर्नुपर्ने ।

२. मानवजीवनलाई सामाजिक कु-संस्कार कुरीति र अन्धविश्वासबाट उज्यालो दिशातिर उन्मुख गराउनुपर्ने हुँदा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने ।

३. समाजमा रहेका राम्रा पक्षलाई प्रेरित गर्न यसले महत्वपूर्ण भूमिका खेल्नुपर्ने ।

४. समाज र राष्ट्रको विकासका लागि व्यक्तिगत सदाचार, स्वाबलम्बीले ठूलो भूमिका खेलेको हुन्छ भन्ने कुरामा जोड दिएको हुँदा नैतिक शिक्षा कार्यक्रम अझ बढी प्रभावकारी रुपले संचालन हुनुपर्ने ।

५. व्यक्तिको व्यबहार, विनम्रता, आदर, संस्कार जस्ता आधारभूत आवश्यक मान्यताहरुमा विशेष जोड दिनुपर्ने । जसवाट वालवालिकाहरु भविष्यमा असल र कुशल नागरिक भै देश, समाज र विश्व मै अनुकरणीय उदाहरण बन्न सक्ने ।

६. आयोगबाट नै वर्षेनी यस्ता जीवन उपयोगी कार्यक्रमहरु संचालन हुनुपर्ने ।

७. सफलतम व्यक्तिहरुलाई समेत अभिमुखीकरणमा सहभागी गराउनुपर्ने ।

## २.२.३ सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधान, २०७२ को भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ । नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित राज्य भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातिलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ । यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम् मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ । यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि

परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरणका माध्यमबाट मूलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको सुनसरी जिल्लाको बर्जु गाउँपालिका, लुम्बिनी प्रदेशको दाङ्ग जिल्लामा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो । यो कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरुलाई निम्नानुसार लिपिबद्ध गरिएको छ । साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ ।

**प्राप्त सुझावहरु:-**

१. लोक सेवा तयारी कक्षा संचालन तीनै तहको सहकार्य, समन्वयमा प्रभावकारी र फलदायी हुनुपर्ने ।

२. हरेक वर्ष सबै पदको छुट्टाछुट्टै कक्षा संचालन हुनुपर्ने ।

३. सीमित बजेटबाट लोकसेवा तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुने ।

४. लोकसेवा तयारी कक्षा अत्यन्त फलदायी भएकोले यस्ता कार्यक्रमलाई सघनतापूर्वक निरन्तरता प्रदान गर्नुपर्ने ।

५. ग्रामिण भेगमा पनि शहर जस्तो लोकसेवा तयारी कक्षाका संस्थाहरु हुनुपर्ने ।

६. सफल निजामती कर्मचारीहरुको "जीवन" सम्वद्धमा प्रत्यक्ष वा अप्रत्यक्ष विचार सम्प्रेषण हुनुपर्ने ।

७. लोकसेवा तयारी सम्बन्धी १ दिने कार्यक्रम नभई निश्चित अवधिको संचालन गर्नुपर्ने ।

## २.२.४ राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच

मधेशी आयोगको गठन मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्नुका साथै मधेशी समुदायको हकहितको संरक्षण, सम्बर्द्धन तथा समुदायको सशक्तिकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्नका लागि भएको हो । त्यसैगरी मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल

सरकारलाई सिफारिस गर्ने पनि यस आयोगको काम कर्तव्य रहेको छ । मधेशी समुदायको राज्यका विभिन्न निकायहरुमा प्रतिनिधित्व र समावेशीकरणको सवाल विगत लामो समयदेखि उठिरहेको छ । राज्यको मूल प्रवाहमा देशको कुल जनसंख्याको लगभग आधा हिस्सा ओगट्ने मधेशी समुदायको पहुँच र प्रतिनिधित्व तथा सहभागिता र समावेशिताको अवस्था थाहा नभइकन उनीहरुका सवाललाई सम्बोधन गर्न के कस्ता नीति तथा कार्यक्रम आवश्यक पर्छ भन्ने सुझावहरु प्रस्तुत गर्न नसकिने भएको हुँदा यो अध्ययन आवश्यक परेको हो ।

यस कार्यको लागि द्वितीय स्रोतबाट सूचना तथा तथ्यांक संकलन गरी राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच तथा समावेशिता कस्तो छ भन्ने अध्ययन प्रतिवेदन तयार पार्ने लक्ष्य आयोगले लिएको छ । यस आयोगको आन्तरिक क्षमताले मात्र सो कार्य गर्न असमर्थ भएको हुँदा तथ्याङ्क संकलन, तालिकीकरण र प्रस्तुतिकरणको लागि विशिष्ट प्रकारको ज्ञान तथा सीपको आवश्यकता भएको हुँदा सम्बन्धित क्षेत्रका विज्ञहरुको सहयोगमा आयोगले मधेशी समुदायको शैक्षिक अवस्था सम्बन्धी तथ्यांकको आधारमा प्रतिवेदन तयार पार्ने आयोगले लक्ष्य लिएको हो ।

**(राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ)**

## २.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया

आयोगले अल्पकालिन, मध्यकालिन र दीर्घकालिन विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ । आ.ब. २०७९।८० मा विभिन्न अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन् । आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले मधेशी समुदायको हक हित, संरक्षण, सम्बर्द्धन, सशक्तीकरण र समग्र विकासको लागि अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ । सो सन्दर्भमा कार्यपत्रात्मक

कार्यक्रमहरु समेत सम्पन्न गरिएको थियो । साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ । राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको महिलाहरुले मनाउने विभिन्न चाडपर्व र सो चाडपर्वको विकृति न्यूनीकरण सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।वालविवाह निरुत्साहन सम्बन्धी जनचेतनामूलक "जुना" चलचित्र मार्फत गरिएको ।नेपालका धार्मिक तथा सांस्कृतिक धरोहर तथा विश्व सम्पदाको सूचीमा सूचिकृत गर्न सिफारिस गरिएकाहरुमध्ये विश्व प्रसिद्ध जानकी मन्दिर सहितका धरोहरहरुलाई संरक्षण गर्न गरिएका कार्य, पिडितहरुको उजुरीलाई मध्यनजर राखी सबै सरोकारवालाहरुसँग गरिएका कार्यहरु, निर्वाचनलाई स्वच्छ र निष्पक्ष र भयरहित बनाउन नागरिक समाज तथा सरकारी सरोकारवालाहरुसँग गरिएका कार्यहरु, छुटेका जातजातिहरुलाई समाविष्ट गर्ने कार्य, यस्ता कार्यक्रमबाट मधेशी समुदायको सांस्कृतिक सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सवै सरोकारवालाहरुको उतिकै जिम्मेवार र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ ।

## २.३ आयोगका गतिविधिहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्न अपेक्षित नतिजा र उद्देश्य प्राप्त गर्न, विवादित विषयवस्तुहरुको निक्यौल गर्न, सरोकारवालाबीच समन्वय कायम गर्न, समस्याहरुलाई छिटो छरितो तवरबाट समाधान गर्ने क्रममा विभिन्न मितिमा १६(सोह्र) वटा आयोगको बैठक बसी विभिन्न विषयमा निर्णय गरेको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

मधेशी आयोग ऐन, २०७४ को कार्यक्षेत्र भित्र रहि मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन, सशक्तीकरण, नीतिगत, कानुनी र संस्थागत सुधारका विषय, मधेशी समुदायभित्रका भाषा, लिपि, संस्कृति, ईतिहास, परम्परा, साहित्य, कलाको संरक्षण, विकासका साथै विभिन्न समयमा सिर्जित समस्याहरुको समाधानका लागि सरकारको भूमिकालाई प्रभावकारी र जनमुखी

बनाई दवाव सिर्जना गर्न आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न मितिमा आयोगमा बैठक बसी विभिन्न विषयमा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची - ७ मा उल्लेख गरिएको छ ।

# परिच्छेद -३

## ३.१ सुझाव तथा सिफारिस

### ३.१.१ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु पेश गरिएको छ।

**सिफारिसहरु :**

### (१) संविधान संशोधनः-

नेपालको संविधानको भाग २७ मा लेखिएका "अन्य आयोगहरु" वाट "अन्य" शव्द झिक्नुपर्ने । धारा २६२ मा रहेका मधेशी आयोगको अगाडि "राष्ट्रिय" शव्द थपी **"राष्ट्रिय मधेशी आयोग"** बनाउनु पर्ने । साथै, संविधानमै मधेशी आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गर्नुपर्ने देखिन्छ । यस संशोधनबाट मधेशी समुदायले राष्ट्रको मूलधारमा समावेश हुनुको गौरव महसुस गर्दै, विभेद र विषमताको न्यूनीकरण भएको अनुभुति गर्नेछन् ।

### (२) ऐन संशोधन -

(क) मधेशी आयोगको ऐन २०७४ को दफा ७ संशोधन गरी "सिफारिस गर्ने" को सट्टामा "निर्देशन दिने" शव्द हुनुपर्ने । यस संशोधनवाट आयोगलाई काम गर्न सहज हुनेछ भने अर्कोतर्फ सेवाग्राही र लक्षित वर्गमा विश्वासका वातावरण निर्माण भई आयोगहरुको बीचमा एकरुपता र समरुपता प्राप्त हुनेछ ।

(ख) आयोग समक्ष थुप्रै जनअपेक्षा र चुनौतीहरुको चाङ रहेको हुँदा ती चुनौतीहरुलाई अवसरमा परिणत गरी अगाडि बढाउन, संवैधानिक दायित्व निर्वाह गर्न र प्रशासनिक सहजीकरणको भूमिका निर्वाह गर्न आयोगको कार्यक्षेत्र र कर्मचारीको दरबन्दी अनुसार तालमेल मिलाइनुपर्ने हुन्छ । सोही कुरालाई मध्यनजर गरी प्रशासनिक सेवा प्रवाह मार्फत आयोगको कामकारवाहीलाई व्यवहारिक रुपमा रुपान्तरण गर्न संशोधन भन्दा पूर्वको संगठन संरचना बमोजिम कर्मचारीहरुको दरबन्दी हुनुपर्नेमा आयोग सिफारिस गर्दछ ।

(ग) संविधानको मर्म र आयोगको ऐन अनुसार सेवा प्रवाह गर्न र आयोगको भूमिकालाई

प्रभावकारी बनाउन आयोगलाई मनसा, वाचा, कर्मणा र व्यहारमै स्वायत्त आयोग बनाउन आयोग सिफारिस गर्दछ ।

## (३) आरक्षण सम्बन्धमा:

संविधानले परिकल्पना गरे अनुसार सवै वर्ग, क्षेत्र र समुदायको राज्यका हरेक क्षेत्रमा पहुँच र प्रतिनिधित्वको साथै स्रोत साधन, अवसर र लाभमा न्यायोचित वितरणका लागि हाल लागु भएको आरक्षण नीतिलाई पुनरावलोकन गरी वैज्ञानिक ढंगले सन्तुलित आरक्षण नीति बनाउनुपर्नेमा आयोग सिफारिस गर्दछ । जसबाट राज्यको मूलधारबाट पछाडि परेका विभिन्न वर्ग, क्षेत्र, जात-जातिहरुको राज्यका हरेक निकायमा सहज र सुलभ पहुँच र प्रतिनिधित्व हुनेछ ।आरक्षण नीतिलाइ पुनरावलोकन गरि वर्गीय आधारमा (Class-Based) बनाउनुपर्ने देखिन्छ, जसबाट सबैले सहज अपनत्व प्राप्त गर्नेछन् ।

## (४) निर्वाचन अनुगमन :

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनिय एवम् मितव्ययी निर्वाचनको संचालन एवम व्यवस्थापनका लागि राज्यका सवै अंग तथा निकायहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।सबै उम्मेदवार तथा मतदातालाई आफ्नो राजनीतिक अधिकार निर्वाध ढंगले उपभोग गर्न पाउने अवसर प्रदान गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, विश्वसनीय र मितव्ययी आवधिक निर्वाचन सम्पन्न गर्न सकेमा लोकतन्त्र वलियो हुने गर्दछ । सोही अनुसार आयोगले पनि निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात तीनवटै चरणमा सातै प्रदेशका विभिन्न मतदानस्थलहरुको अनुगमन गरी निर्वाचनको क्रममा हुने विभिन्न विषयहरुको समिक्षा र मूल्याङ्कन गरेको छ । स्थानीय तह, प्रदेशसभा सदस्यको निर्वाचन र प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई अनुगमन र मुल्यांकन गर्दा निर्वाचनमा गरिने दृश्य र अदृश्य खर्च र प्रभावको कारणले वर्तमान अवस्थामा निर्वाचन आमजनताको पहुँचवाट झनै टाढिदै गएको, निर्वाचन आचारसंहिता अक्षरसः र व्यवहारपरक रुपमा कार्यान्वयन नभएको, निर्वाचन भन्दा पहिले सरकारी कर्मचारीहरुलाई प्रभाव र दवावमा पार्ने गरेको, राजनीतिक दल, सरोकारवाला र सुरक्षा निकायबीच विश्वासिलो वातावरण सिर्जना नभएको, निर्वाचन शिक्षा बढी भन्दा बढी सहभागितामूलक नभएको, मतगणना कार्य छिटो छरितो नभएको आदि प्रतिक्रियाहरु प्राप्त भएको थियो । यस्तो अवस्थालाई पूर्णरुपमा अन्त्य गरी निर्वाचनलाई सही रुपमा व्यवस्थापन गरी लोकतन्त्रका खम्बाहरुलाई

बलियो पार्दै लोकतन्त्रको संस्थागत विकास हुनुपर्ने कुरालाई आयोग सिफारिस गर्दछ ।

## (५) नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम :

सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणका लागि सिर्जनशील, आत्मविश्वासी युवाहरुको अहम् भूमिका रहन्छ । परिवर्तनका संवाहक शक्ति तथा अग्रदुत मानिने युवाहरु नैतिकवान जिम्मेवारी, इमान्दारी र वफादारी हुनुपर्दछ । राज्यको मूलधारमा नैतिकवान युवाहरुको उपस्थितिका लागि नैतिक शिक्षा कार्यक्रमलाई राज्यको प्राथमिकतामा राखी अगाडि बढाउनका लागि आयोग सिफारिस गर्दछ ।

## (६) सरकारी सेवामा मधेशी समुदायको पहुँच कार्यक्रम :

आयोगको स्थापना वर्षदेखि नै सरकारी सेवामा मधेशी समुदायको पहुँचको लागि **"अधिकृत"** स्तरीय तयारी कक्षा संचालन गरियो । यसबाट लक्षितवर्ग लाभान्वित भएका थिए । सो कार्यक्रम स्थानीय तहले नै संचालन गरोस् भन्ने उद्देश्यले मेचीदेखि महाकालीसम्मका स्थानीय तहहरुमा "तयारी कक्षा अभिमुखी कार्यक्रम" संचालन गरिएका छन् । प्रदेश र संघ सरकारले पनि यस कार्यक्रमलाई निरन्तरता दिनु पर्दछ । यसबाट निजामती सेवामा लक्षित वर्गको सहज पहुँच हुनेछ । अहिले नेपाली सेनामा ३%, निजामती सेवामा ८%, सशस्त्र बलमा ९%, नेपाल प्रहरीमा १२% र नेपाल राष्ट्र बैकमा १२.११% को अति न्युन गुणस्तरीय उपस्थिति रहेकोमा सो सहभागितामा वृद्धि हुनेछ ।

## (७) श्रम सम्बन्धी :

स्वदेशमै लगानी गर्ने, आफ्नो पुँजीगत तथा बौद्धिक सम्पत्तिको अधिकतम उपयोग उत्पादनमूलक क्षेत्रमा गर्ने र मुलुकमै स्वरोजगारका अवसरहरु बढाउनु नै आजको आवश्यकता हो । त्यसैगरी क्षमता अनुसारको मर्यादित काम, समान कामका लागि समान ज्याला, सीप विकास तथा स्वरोजगार कार्यक्रम मार्फत श्रम बजारलाई चलायमान बनाउनुपर्दछ । साथै वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय, ज्ञान, सीप, कुशलता, कार्यसंस्कृति, प्रविधि, उद्दमशिलता र आत्मविश्वासलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी नेपाली श्रमिक र श्रम बजारलाई उत्थान गर्न आयोग सिफारिस गर्दछ ।

**(८) उद्योग सम्बन्धी:**

आर्थिक विकासको मेरुदण्डको रुपमा औद्योगिक क्षेत्र रहेको हुन्छ । नेपाल कृषि अर्थतन्त्रमा आधारित रहेको हुँदा कृषिजन्य उद्योगहरुको स्थापना र पुनः संचालन गरी तराई-मधेशका उर्वर जमिनलाई वर्षभरि नै उत्पादनमूलक बनाउनु पर्छ । सिंचाइ, मल, बीउ लगायतका सामग्रीहरुमा किसानमैत्री सहयोग गरी "कम लगानीमा उच्च आम्दानी" को व्यवहारिक कार्यको व्यवस्था गरी बाह्र महिने रोजगारीको अवस्था सृजना गर्न आयोग सिफारिस गर्दछ।

**(९) मल कारखाना स्थापना सम्बन्धी:**

नेपालमा रासायनिक मल कारखाना नभएको र मल ल्याउन जिम्मा पाएको ठेकेदार कम्पनीले समयमै मल ल्याउने जिम्मेवारी पूरा गर्न नसक्दा मलको अभाव, निरन्तरको समस्या बनिरहेको छ । जसले गर्दा खेतीका लागि आवश्यक पर्ने वेलामा मल अभाव हुन गई वर्षेनी किसानहरूले विभिन्न समस्याहरु भोग्दै आएका छन् । मल अभावको समस्यालाई समाधान गर्न पूर्ण क्षमताको एउटा रासायनिक मल कारखाना अनिवार्य रुपमा स्थापना गर्नका लागि आयोग सिफारिस गर्दछ ।

**(१०)** वास्तविक रुपमै जन अपेक्षा र जन आवश्यकतालाई पूरा हुनेगरी जनचेतनामूलक कार्यक्रम संचालन गरी वैदिक र वास्तविक रुपान्तरण तिर समाजलाई डोर्‍याउनु पर्छ । यसबाट व्यक्ति र समाजलाई सशक्तीकरणको माध्यमबाट पहुँचमा सहजता हुनेछ ।

**(११)** सरकारी तथा सामुदायिक विद्यालयहरूलाई वैदिक समाज अभिभूतिजन्य गुणस्तरीय तथा रोजगारमुलक शिक्षाप्रदायक शिक्षाकेन्द्रको रुपमा विकास गर्नुपर्छ । यसबाट समाजमा रहेका कुरीतिहरु क्रमशः न्यूनीकरण हुँदै जानेछ ।

**(१२)** जीवनमैत्री शिक्षामा महिला, बालबालिका, लैङ्गिक अल्पसंख्यक तथा सामाजिक रुपमा पछि परेकाहरुका लागि राज्यमा उचित पहुँच हुनेछ । यसबाट राज्यप्रति अपनत्व बढ्नेछ ।

**(१३)** ऐनको दफा ७ (ठ) अनुसार, प्राप्त उजुरीलाई "तहकिकात र अनुसन्धान" का लागि सरोकारवालामा सिफारिस गर्ने कानुनी व्यवस्था अनुसार आ.व. ०७५/०७६ आ.व.

०७६/०७७ आ.व. ०७७/०७८, आ.व. ०७८/०७९ र आ.व. ०७९/०८० लाई एकीकृत गर्दा आयोगको सिफारिस प्रतिशत ९०.८२% रहेको छ । यसलाई अझबढि जनअपेक्षा पूरा गर्न "अनुसन्धान र तहकिकात" गरी कारवाहीको लागि सरोकारवालामा सिफारिसको कानुनी अधिकार आयोगलाई प्रदान गरेमा सरकार र आयोगप्रति विश्वासमा अझै वृद्धि हुनेछ ।

**(१४)** सूचना र प्रविधिको प्रयोग गरी संचार गर्ने, सिर्जना गर्ने, मूल्याङ्कन गर्ने, संज्ञात्मक र प्राविधिक सीपहरुको प्रयोग गरी जीवन जिउनका लागि आजको पुस्ता अगाडि बढिररहेको छ । सो सन्दर्भमा डिजिटल शिक्षाको उच्चतम प्रयोग र पहुँच बढाउँदा रोजगारी सिर्जना र आय आर्जनमा समेत वृद्धि हुने हुँदा डिजिटल शिक्षालाई सबैको पहुँचयोग्य बनाउन आयोग सिफारिस गर्दछ ।

**(१५)** नेपालका सांस्कृतिक सम्पदाहरुलाई नेपाल सम्पदा र विश्व सम्पदामा विभाजन गरी त्यस अनुसार सूचीकृत गर्नु पर्छ । यसबाट सांस्कृतिक तथा सामाजिक पर्यटनमा वृद्धि भई मनग्य आयमा वृद्धि हुनेछ ।

**(१६)** स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानीको पहुँच सबै नागरिकलाई सुनिश्चित हुनुपर्दछ । तर तराई-मधेशका सीमावर्ती जिल्लाहरुमा गुणस्तरीय खानेपानीको सर्वसुलभ उपलब्धताबाट बञ्चित हुन पुगी आर्सेनिकयुक्त खानेपानीको सेवन गर्न जनता वाध्य भएका छन् । ती क्षेत्रहरुमा खानेपानी तथा सरसफाइ मन्त्रालय लगायत सम्बन्धित सरोकारवाला निकायले शुद्ध खानेपानीको तत्काल व्यवस्था गर्न आयोग सिफारिस गर्दछ ।

**(१७)** मधेश दिवस उत्सवको माध्यमबाट राज्यमा सबैको समुचित पहुँच र अपनत्वको अवस्थामा वृद्धि हुनेछ। यसको लागि आयोग बहुविधाका अगुवाहरुसँग नियमित विमर्शमा रहेको छ ।

**(१८)** सरकारी स्तरमा स्थापित प्रज्ञा प्रतिष्ठानहरुमा "विद्वत्त वृत्ति" को व्यवस्था रहेको छ । यस विद्वत्त वृत्तिमा मधेशी समुदायका विद्वानहरुलाई समानुपातिक - समावेशीको आधारमा स्थान दिईनु पर्छ। यसबाट विविधा भूगोलमा रहेका संस्कृतिहरुको सम्मान हुनेछ । अपनत्वमा वृद्धि हुनेछ ।

**(१९)** कुनै पनि राष्ट्रको मुटुको रुपमा मातृभाषा रहेको हुन्छ । यसको मूल्य मानवीय संवेदनासँग जोडिएको हुन्छ, जसबाट सामाजिक सन्तुलन र सामाञ्जस्य कायम भएको हुन्छ । यसले संस्कृति निर्माणमा सहयोग पुर्याउँदछ ।त्यस कारण मातृभाषाको संरक्षण, सम्वर्द्धन र सशक्तीकरण गर्नु सवैको दायित्व हुनेछ ।यसै कुरालाई मध्यनजर गरी मधेशी आयोगले मधेशी समुदायको मातृभाषा दिवस मनाउन सिफारिस गरेको छ ।

**(२०)** वित्तीय साक्षरताको अभावमा नेपालमा थुप्रै समस्याहरु देखिने गरेका छन् ।मुख्य गरी ग्रामिण तथा विपन्न क्षेत्रमा आय, रोजगारी र व्यवसायमूलक कार्यक्रम संचालनको लागि कर्जाको पहुँच पुर्याउने नाममा खास गरी विपन्न वर्गमा वित्तीय क्षेत्रहरु पुगेतापनि वैंक तथा वित्तीय संस्थाबाट व्याजदरको वार्गेनिङ्ग गरी कर्जा प्रवाह गर्ने र समयमै कर्जा तिर्न नसक्दा विभिन्न समस्या देखिने गरेका छन् । हाल नेपालको ग्रामिण क्षेत्रहरुमा वित्तिय शिक्षाको अभावमा चर्को व्याजदरमा सर्वसाधारणले ऋण लिने जसले गर्दा पुँजीको पहुँचको अभावमा मानिसहरु गरिब बन्न बाध्य भएका छन् ।

**(२१)** मानव वेचविखन विश्वव्यापी सवाल हो । यो नेपालको लागि पनि निरन्तर समस्याको रुपमा रह्दै आएको छ । गरिबी, वेरोजगारी, असमानता, सामाजिक विभेद, हिंसा, न्यून चेतनास्तर आदि यसका मुख्य कारण हुन् । त्यसकारण प्रभावित क्षेत्र समुदायको पहिचान गरी महिला, बालबालिका लगायतका ओसार-पोसारलाई तत्कालै रोक्नु पर्छ । यसबाट "जीवस्य जीवो जीवनम्" को यर्थाथपरक भावना विकास हुनेछ, साथै मानवस्रोतको विकासमा पनि सहयोग पुग्नेछ । यसका लागि विद्यमान कानुनहरुको कडा भन्दा कडा पालना हुन आयोग सिफारिस गर्दछ ।

**(२२)** चुरेको तल/पींधवाट पूर्व-पश्चिम नहरको निर्माण गरी कोशी, कमला, नारायणी लगायतका नदीहरुलाई एक-आपसमा जोडेर नदी संयोजन गरी कृषिको लागि उपयुक्त सिंचाइ, चुरे क्षेत्रको वाटर रिचार्ज (Water Recharge) र मधेशमा भूमिको मरुभूमिकरणबाट वचावट भई जनमैत्री वातावरण निर्माण हुनेछ ।साथै यसबाट खाद्यान्नमा मुलुक आत्मनिर्भर हुनेछ । यसका अतिरिक्त चुरे संरक्षणको लागि यथार्थपरक र व्यवहारपरक नीति बनाई व्यवहारतः नै लागु गर्नुपर्दछ ।

**(२३)** न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने राज्यको नीति रहेतापनि नागरिकहरुको न्यायमा सहज पहुँच हुन सकेको

छैन । न्याय प्रदायक निकायहरुबाट प्रदान हुने सेवा र प्राप्त हुने क्षमता सबै व्यक्तिमा समान छैन जसको कारण धेरै मानिसहरु न्याय सम्मको पहुँचबाट टाढा रहेका छन् । मधेशका प्रशासन, न्याय र सरकारहरु समाजमैत्री भएको जनताले अनुभूति गर्न सकेका छैनन् । देवानी मुद्दाहरुमा भएको पक्षपाती निर्णयले मुद्दाहरु फौजदारीमा परिवर्तन हुँदै गएका छन् । समाजलाई विभाजित गरी आयको लागि चरागाहमा परिणत बनाइँदै छ । यसबाट जनवितृष्णा क्रमशः बढ्दै गएको छ । न्यायपूर्ण वातावरण निर्माण भए वितृष्णा न्यून हुँदै जानेछ । साथै, विचौलियाहरुको व्यापक विगविगी रहेको देखिन्छ । यसलाई निस्तेज पारी जनमैत्री प्रशासनको व्यवस्था गरेमा समाज व्यवस्थित हुनेछ ।

**(२४)** विविधा संस्कृति रहेको नेपालमा सामाजिक एकतामा वितृष्णा ल्याउन जातिय, धार्मिक जस्ता दुर्भावनालाई उत्तेजित पार्ने दृश्य/अदृश्य अभियानमा लागेका छन् । यस्ता गतिविधिको लागि रकम समेत भित्रिने गरेको छ । भित्रिने रकम गृह र अर्थ मन्त्रालयको एकद्वार प्रणालीबाट मात्र भित्रिएमा जातिय र धार्मिक सद्भावनालाई अक्षयीकरण हुनेछ । साथै, धर्मान्तरणको समस्या समेतमा न्यूनीकरण हुनेछ । भएका घटनाहरुको न्यायिक आयोग गठन गरी सत्य, तथ्य जनसमक्ष ल्याउनु पर्छ ।

**(२५)** वैज्ञानिक र आधुनिक प्रविधिको माध्यमबाट धार्मिक शिक्षण संस्थाहरुलाई राज्यको मूलधारमा ल्याई मानव स्रोत निर्माण र मुलुक निर्माणतिर अग्रसारित गर्नु पर्छ । यसबाट समृद्धि निर्माणमा सहयोग हुनेछ ।

**(२६)** सीमा संवेदनशील विषय हो । सीमाका कारण विवाद र कुटनीतिक तनाव उत्पन्न मात्रै होइन, राजनीतिक र जनताको तहको सम्बन्धमा पनि खलल आउन सक्छ यस्तो जटिल विषयलाई जनताको चासो र जीवनशैलीलाई असर नपारीकन आतंककारी, अपराधी, तस्करी र सीमा अतिक्रमण रोक्ने किसिमले व्यस्थापन हुन जरुरी छ । मुलुकको सीमा मानवीय र वैज्ञानिक विधिबाट व्यवस्थापन गर्नुपर्छ । यसबाट शान्ति सुरक्षाको व्यवस्थापन, भूगोलको सन्तुलन, छिमेकी मित्र राष्ट्रहरुसँगको सम्बन्धमा ऐश्वर्यता र माधुर्यता बढ्ने छ । साथै, जल प्रकोपको अवस्थामा समेत सुधार हुनेछ ।

**(२७)** निर्वाचनलाई पारदर्शी, मितव्ययी र विश्वसनीय वनाउन EVM [ Electronic Voting Machine ] को अनिवार्य प्रयोग गर्नुपर्ने देखिन्छ । यसबाट Money, Muscle र Manipulation को अवस्थामा सुधार हुनेछ । साथै, सरकारी संयन्त्रको विश्वसनीयतामा वृद्धि हुनेछ ।

**(२८)** अन्धविश्वास, दाइजो, कुरीतिहरुलाई समुल नष्ट गर्न कानुनमा सुधार गरी जनस्तरसम्म नै सचेतनाको विगुल वजाउनु पर्छ । जनजागरणबाट नै रीति र थिति बसाल्न सकिन्छ ।

**(२९)** संवैधानिक व्यवस्था अनुसार "गाई र माई" को संरक्षण हुनैपर्ने देखिन्छ । यसबाट मुलुकमा सामाजिक र सांस्कृतिक सद्भावमा बृद्धी भई समग्र मुलुकमै सुशासन प्राप्त हुनेछ ।

**(३०)** राष्ट्रिय गौरवको आयोजनामा समेत सामेल भएको हुलाकी राजमार्गलाई तराई मधेशको आर्थिक मेरुदण्डको रुपमा हेरिदै आएको छ । यसको निर्माण एवम् संचालनबाट तराई मधेशको आर्थिक रुपान्तरण हुने देखिएको छ । त्यसकारण हुलाकी राजमार्गको रोकिएका कार्यलाई अविलम्ब पूरा गर्नु पर्दछ ।साथै हुलाकी राजमार्गको दक्षिण भागका नागरिक आर्थिक, सामाजिक र सांस्कृतिक रुपमै अलपत्र परेका छन् । जसबाट मुख्य गरी बालबालिकाहरुमा कुपोषणको समस्या देखिएको छ । राज्यले सो क्षेत्रका नागरिकहरुलाई राज्यको मूलधारमा अविलम्ब ल्याई स्वस्थ बालबालिका निर्माण गर्न आयोग सिफारिस गर्दछ ।

**(३१)** लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको तिलौराकोट, दाङ्ग जिल्लाको गढवा गाउँपालिका कोइलावासका ऐतिहासिक सिताराम मन्दिर, मोरङ्ग जिल्लाका विराटनगर स्थित ऐतिहासिक तथा पूरातात्त्विक स्थल विराट दरबार, धनुषाका धनुषाधामलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नु पर्छ । यसबाट ऐतिहासिक तथा पूरातात्त्विक स्थलहरुको संरक्षण र धार्मिक तथा सांस्कृतिक पर्यटनमा अभिवृद्धि हुनेछ ।

**(३२)** सातौं शताब्दीका प्रतापी राजा शैलेश/सलहेशको राजधानी सिरहा जिल्लाका फुलबारी, पतारी, महिसोथा, मानिकदह लगायतका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन गरी सामुदायिक र सांस्कृतिक पर्यटनको विकास गर्नु पर्दछ ।

**(३३)** पारस्परिक पेशालाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरी व्यक्तिको सामाजिक उन्नतीमा टेवा पुर्याउन सकिन्छ । त्यसकारण सिक्ने आधार भएको हुँदा सीपमुलक व्यवस्थापन, आधुनिकिकरण प्रविधि र विद्यमान प्राकृतिक स्रोत साधन तथा मानवीय साधनको सहि उपयोग गरी उत्पादकत्व बढाएर गरिवी न्यूनीकरण गर्न सकिन्छ । जसका लागि देशभरी नै जनचेतना कार्यक्रम

मार्फत प्रोत्साहन गर्नुपर्दछ ।

**(३४)** युवावर्गमा लागुपदार्थ सेवनको विकराल समस्या रहेको छ । नैतिक, कानुनी, सांस्कृतिक, धार्मिक, व्यवहारिक र सामाजिक शिक्षाको माध्यमबाट सो विकराल समस्याको निदान गर्नुपर्ने देखिन्छ । यसबाट युवाशक्तिको सदुपयोगबाट मुलुक समृद्ध हुनेछ ।

**(३५)** मुलुक दर्शनको व्यवस्था गरी हिमाल र पहाडका जनताहरुलाई तराई - मधेशमा र तराई -मधेशका जनताहरुलाई फरकफरक भूगोलका लागि सामाजिक र सांस्कृतिक अन्तरघुलनको व्यवस्थापनमा सहजीकरण गर्नुपर्ने देखिन्छ । यसबाट मुलुकमा देशभक्ति र राष्ट्रभक्तिमा अभिवृद्धि भई राष्ट्रिय एकता थप बलियो हुनेछ ।

**(३६)** विपन्न र पछाडि परेको महिलाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक सशक्तीकरणका विभिन्न औजारहरुहरु प्रयोग गरी आर्थिक सामाजिक रुपान्तरण गर्नु आजको आवश्यकता हो । खासगरी मधेशी महिलाहरुको आर्थिक सामाजिक विकासको लागि गुणस्तरीय सीपयुक्त शिक्षाको माध्यमबाट स्रोतसाधन, अवसर तथा लाभमा समान पहुँच सुनिश्चित गरी सशक्तीकरण गर्नुपर्ने देखिन्छ ।

**(३७)** कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा पितृसतात्मक सोचले ग्रसित समाज भएको हुँदा स्वास्थ्य संस्थाहरुमा आमाको गर्भमा रहेका बालिकालाई निगेटिभ र बालकलाई पोजेटिभ भन्ने मेडिकल शब्द प्रयोग गरी गर्भमा रहेको निगेटिभ सन्तानलाई गैरकानुनी रुपमा गर्भपतन गराउने गरेकाले बालिकाको संख्या लगातार घटिरहेको छ ।जसका कारण जनसांख्यकिय सन्तुलनमा गम्भीर समस्या उत्पन्न गरेको छ । यस्ता गैरकानुनी कार्यमा संलग्न हुनेहरूलाई कडा कानुनी कारवाही गर्नुपर्छ भने अर्कोतिर सचेतनाको माध्यमबाट समस्यालाई न्यूनीकरण गर्नुपर्छ ।

**(३८)** मधेशका जिल्लाहरुमा शैक्षिक, सामाजिक, प्राविधिक सांस्कृतिक, आर्थिक र कानुनी वातावरणको बीचमा आपसी समन्वय नभएको कारणले बालबालिकाको उमेर नपुग्दै विवाह हुने गरेको यत्रतत्र, सर्वत्र देखिन्छ । यसले बालबालिकाको दीर्घकालीन स्वास्थ्यमै असर पर्ने गरेको छ । कानुनी, सामाजिक र सांस्कृतिक सचेतना व्यवहारिक रुपमै जगाई बालबालिकाको शारिरिक र मानसिक स्वास्थलाई संरक्षण गरी सो जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्नुपर्छ ।

**(३९)** नेतृत्व वर्गमा देखिएका विचलनहरुले राज्यका संरचना मै समस्या परेको देखिन्छ । नीति र नियतमा एकरुपता हुनुपर्छ । यसबाट राजकीय संरचना र सामाजिक संरचनामा सबलता प्राप्त हुनेछ । यसबाट मुलुकलाई विविधायुक्त समृद्धि प्राप्त गर्न सहज हुनेछ ।

**(४०)** सामुदायिक विद्यालयमा शिक्षकहरु योग्य भएपनि तिनीहरु विद्यालय र विद्यार्थीप्रति जिम्मेवारी नभई दलिय राजनीतिमा लाग्नु, शिक्षक सिकाइ सामाग्री र व्यवस्थापन अभाव हुनु आदि कारणले सरकारी र सामुदायिक शिक्षा कमजोर हुन पुगेको छ । जसले गर्दा गुणस्तरीय शिक्षा प्राप्त गर्नबाट विद्यार्थीहरु वञ्चित भएका छन् । **"दण्ड र पुरस्कार"** को माध्यमबाट यस्ता समस्यालाई निर्मुल पार्नुपर्ने देखिन्छ ।

**(४१)** राज्यको मूलधारमा ल्याउन मधेशी दलित र मधेशी जनजातिलाई या त छुट्टै समूह बनाई आरक्षणको व्यवस्था गर्नुपर्ने देखिन्छ या त मधेशी आयोगबाट गरिएका सिफारिस अनुसार नै सूचीकृत गरी प्रतिशत अनुसारको समूह बनाई आरक्षणको व्यवस्था गर्नुपर्छ । यसबाट मधेशी दलित र मधेशी जनजातिको राज्यमा सहज उपस्थिति भई राज्यप्रति अपनत्व ग्रहण हुनेछ ।

**(४२)** संविधानको भाग - १ को धारा ४ को स्पष्टीकरणको अक्षरशः राज्यले अंगीकार गर्नुपर्छ । यसबाट सामुदायिक र सामाजिक एकता सुदृढ भई राज्य एकाकार हुनेछ ।

**(४३)** मधेशी समुदायको लिपि मिथिलाक्षर -देवनागरी लिपि, कैथी लिपि, महाजनी लिपि लगायतका लिपिहरुलाई स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार मातहतमा रहेका संस्थाहरुले जवाफदेही भई कार्य गर्नुपर्छ । यसबाट लोपोन्मुख लिपिहरु संरक्षण हुनेछन् ।

**(४४)** चुरे र महाभारत पर्वत उद्‌गम स्थल रहेका नदी/खोलाहरुलाई वैज्ञानिक विधि-प्रविधिबाट नियन्त्रण गरी कटान, भडान, पटान र डुवानमा परेका जग्गालाई खेतीयोग्य भूमी परिणत गर्नु पर्छ । यसबाट विविध खेतीयोग्य जग्गामा खेती गर्न सम्भव हुनेछ ।

**(४५)** संघियताको मर्म अनुसार जिल्ला पर्यटन कार्यालय खारेजी भए । तर, प्रदेश स्तरीय पर्यटन वोर्डको गठन नभएको कारणले प्रदेश भित्र भएका पर्यटन सम्बन्धी व्यवसायहरु राज्यको मूलधारमा आउन नसकेको देखिन्छ । प्रदेश स्तरीय पर्यटन बोर्डको गठन गरी पर्यटन व्यवसायलाई राज्यको मूलधारमा समेटी राज्यले विकासात्मक कार्यमा

सहयोग लिनुपर्छ ।

**(४६)** पोखरी, सरोवर लगायतलाई जलचर मैत्री बनाउन "पोखरीहरुको पिंध" [Bottom] लाई पूर्णतः सफाई गर्नुपर्छ । यसबाट पोखरीका पानी पुनर्भरण हुन्छ । पोखरी/ सरोवरहरुको ऐतिहासिकता र वैज्ञानिकताको आधारमा सौन्दर्यात्मक कार्य हुनुपर्छ । पोखरी, ईनार आदिलाई संरक्षित गरी तराई -मधेशका "जल संस्कृति" लाई अक्षुण्य राख्नुपर्छ ।

**(४७)** गुणस्तरीय मानव संशाधनको विकासले उत्पादकत्व बढाउन कार्यकुशलता अभिवृद्धि गर्न तथा क्षेत्रीय एवम् अन्तराष्ट्रिय श्रम बजारमा पहुँच पुर्याउन सघाउ पुग्छ । यसका लागि नीतिगत संरचना र कार्यक्रम मार्फत विद्यमान गरिबी, वेरोजगारी, भोकमरी, शिक्षा, विभेद र असमानताको अन्त्य गरी मानव विकास गर्नुपर्छ । राज्यले सामाजिक विकृतिलाई निर्मुलीकरण गर्न रोजगार प्रबन्ध गरी आयमा पहुँच र मानवीय विकास सुचकांकमा सुधार ल्याउने कार्य गर्नुपर्छ । जसबाट सबै नागरिकलाई सम्मानपूर्वक वाँच्ने आधार र अनुभूति प्राप्त हुनेछ ।

**(४८)** कमाउदै सिक्दै (Earning and Learning, Learning and Earning) को Approach सघनरुपमा संचालन गरी मुलुकलाई आत्मनिर्भरतातिर डोऱ्याउनुपर्छ ।

**(४९)** अनावश्यक र दोहोरो राजकीय संरचनाबाट मुलुकलाई त्राण दिई चुस्त र तन्दुरुस्त व्यवस्थापनको व्यवहारमै अंगीकार गर्नुपर्छ ।

**(५०)** सर्लाही जिल्ला, हरिपुर-४ मा अवस्थित रजवा शिवालय, पुराना धार्मिक सम्पदा मास्ने क्रम बढिरहेको छ । धार्मिक सम्पदाको संरक्षण नहुँदा लोप हुने अवस्था छ। सर्लाहीको हरिपुर-४ मा रहेको ऐतिहासिक रजवा शिवालयको मन्दिर एवं धर्मशालालाई संरक्षण गरी धार्मिक पर्यटकीय स्थलको रुपमा प्रवर्द्धन गर्न सकिने छ।यो क्षेत्र जंग बहादुर राणाको देहावसान भएको स्थानले पनि परिचित छ। यही स्थानमा तत्कालिन श्री ३ महाराज जंग बहादुर राणा शिकार खेल्न आउँदा मृत्यु भएको थियो भन्ने यहाँका स्थानीयहरु बताउँछन्।लगभग १७/१८ कट्ठा सहितको यस शिवालयमा परिसरमा जीर्ण अवस्था रहेको ४ कोठाको धर्मशाला रहेको छ। मन्दिर सिमेन्ट नभई माटो र चुनाले जड़ान एवं प्लास्टर गरिएको सहजै देख्न सकिन्छ।मन्दिरमा दुर्लभ जोडी शिवलिंग रहेको छ। धार्मिक एवं ऐतिहासिक सम्पदाको संरक्षण गर्नुपर्ने देखिन्छ ।

**(५१)** नेपालमा रहेका बालसुधार गृहहरु वालवालिकाको सर्वाङ्गिण विकास गर्ने उद्देश्यले लागि स्थापना गरिएका छन् । तर वालसुधार गृहहरु यातना गृह, चरम शोषण स्थल, अमानवीय व्यवहारको केन्द्र र जेल जीवन जस्तै बिताउने स्थल भएका छन् । यी वालसुधार गृहहरुलाई वास्तविक रुपमै वालसुधार गृहकै रुपमा व्यवस्थापन गरी संविधानतः प्राप्त मौलिक अधिकारहरुको सुनिश्चित गरी वालवालिकाहरुलाई सुनिश्चित वातावरण निर्माण गरी वालवालिकाहरुलाई सुयोग्य नागरिक बन्न अभिप्रेरित गर्नुपर्छ ।

**(५२)** नेपालका कारागारहरुमा रहेका कैदी वन्दीको अवस्था दयनीय रहेको छ । कारागारलाई यातनागृह नभएर सुधार गृहको रुपमा विकास गर्नुपर्छ भन्ने अवधारणा आइरहेको सन्दर्भमा नेपालको कारागारको व्यवस्थापन असाध्यै जरजर रहेको छ । असल नागरिक उत्पादन र विकास गर्ने दायित्व राज्यको रहेको हुनाले कैदीहरुलाई दण्ड र सजायबाट भन्दा उनीहरुलाई व्यवसायिक सीप, मनोसामाजिक कक्षा अध्ययन, योग र रुची अनुरुपका गतिविधिहरुमा संलग्न गरी सुधार गर्नुपर्ने आजको आवश्यकता छ । भौतिक पूर्वाधार र मानविय पूर्वाधार, स्वास्थ्य पूर्वाधार लगायतका पूर्वाधारहरु गम्भिर अवस्थामा रहेकोले कारागारगृहलाई सुधारगृहमा परिणत गरी मानव अधिकारका नियमहरुलाई पालन गर्दै क्रमशः सुधार गर्दै लैजानुपर्ने देखिन्छ, जसबाट कारागार जीवन व्यतित गरिसकेपछि समाजका मूलधारमा व्यवस्थापन गर्न सजिलो हुनेछ ।

**(५३)** श्री छिन्नमस्ता भगवति सखडेश्वरी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा रहेको छ । सो प्रसिद्ध शक्तिपिठ हालसम्म निजि गुठी कै रुपमा रहेकोले सो गुठीलाई सार्वजनिक गुठीमा लैजानको लागि आवश्यक प्रकृया संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, केन्द्रिय गुठी संस्थानका साथै आवश्यक रहेको सवै सरोकारवालाहरुसँग पहल गर्न आयोग प्रतिवद्धि छ । यो शक्तिपिठ सार्वजनिक गुठीमा भएपछि नेपालीहरुलाई नै रोजगारी र सामाजिक, सांस्कृतिक विकासमा सुअवसर पाउनेछन् । साथै सो शक्तिपिठको परिसरमा रहेको छिन्नमस्ता भगवती भुपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई समेत आधुनिक तथा प्रभावकारी तवरले संस्कृत शिक्षाको लागि अगाडि बढाउनुपर्ने नितान्त जरुरी देखिन आएको छ ।

**(५४)** मधेशी समुदायमा रहेको परम्परागत सीपको संरक्षण र सम्बर्द्धन गर्दै सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरण गरी सांस्कृति अधिकार र पहिचानको व्यवस्था गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ।

**(५५)** पुस्तौंदेखि मिटर घुमेजस्तै व्याज रकम फनफनी घुमेर जोडिने रकमको कारणले पीडित भएका किसानहरु रुदै काठमाडौं स्थित माइतीघर मण्डलामा मिटर ब्याजविरुद्धको संघर्ष गरेका थिए । संघर्ष समितिले विभिन्न पीडित किसानको जमिनको मालपोत दृष्टी बन्धक खोली अनाधिकृत तमसुक च्यात्नु पर्ने, भूमिहीन बनाइएका किसानहरुको जमिन फिर्ता गरी कानुनले तोके बमोजिमको व्याज बाहेकको सबै रकम क्षतिपुर्ति सहित सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्ने, मिटर व्याजी साहुको निरन्तरको मानसिक प्रताडनाका कारण भएको किसानको मृत्युको छानबिन गर्नु पर्ने, नेपाल सरकारले अवलम्बन गर्दै आएको आर्थिक नीति किसानमैत्री हुनु पर्ने जस्ता माग सहित ज्ञापनपत्र बुझाएको छन भने यस सन्दर्भमा आयोगले प्रेस विज्ञप्ति समेत जारी गरेको थियो । देशभर भएका मिटरव्याजी पीडितहरुको मागलाई दीर्घकालिन रुपमा नै समाधान हुने गरी सरकारले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

**(५६)** काठमाडौको थापाथलीमा रहेका लक्ष्मीनारायण मन्दिर ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व वोकेका मन्दिर हो । ई. सन् १८५७ मा तत्कालीन ब्रिटेनका साशकहरुबाट लखनउमा भएका सीपाही विद्रोहलाई दवाउन नेपाल का तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले ब्रिटिश शासकलाई सेना पठाई सहयोग गरेका थिए । सो बाट ब्रिटिश साशकहरु तुष्ट भई नेपाललाई "बाँके, वर्दिया, कैलाली र कन्चनपुर फिर्ता गरेका थिए जसलाई "नयाँ मुलुक" पनि भनिन्छ । भने कैयौं महाराष्ट्र र हिन्दु शासित राज्का राजा र साशकहरु वर्तमानका पश्चिम नवलपरासी हुँदै काठमाडौ आईपुगे । जहाँ तिनीहरू पूर्ण स्वच्छता, निर्मलता र पवित्रताका साथ मन्दिरहरु स्थापित गरे जसमा काठमाडौको थापाथलीमा रहेका लक्ष्मीनारायण प्रशिद्ध मन्दिर पनि हुन् । यहाँ छिमेकी राष्ट्रका पर्यटकहरूको आवागमन बाक्लै रहेको थियो । तर, हाल यो मन्दिर केहि व्यक्तिको अधीनमा अधीनस्थ भएको देखिन्छ । यस मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी ऐतिहासिक, सांस्कृतिक र पूरातत्विक पक्षको संरक्षण गर्नुपर्नेछ । यसबाट पुनः नवीन आयामबाट पर्यटन प्रवर्द्धन गरी राष्ट्रिय आयमा वृद्धि हुन्छ ।

**(५७)** नेपालमा रहेका बालसुधार गृहहरु वालवालिकाको सर्वाङ्गिण विकासको लागि स्थापना गरिएका छन् । तर वालसुधार गृहहरु यातना गृह, चरम शोषण स्थल, अमानवीय व्यवहारको केन्द्र र जेल जीवन जस्तै विताउने स्थल भएका छन् । यी वालसुधार

गृहहरुलाई वास्तविक रुपमै वालसुधार गृहकै रुपमा व्यवस्थापन गरी संविधानतः प्राप्त मौलिक अधिकारहरुको सुनिश्चित गरी वालवालिकाहरुलाई सुनिश्चित वातावरण सृजना गरी सुयोग्य नागरिक बन्न अभिप्रेरित गर्नुपर्छ ।

**(५८)** नेपालमा भएका धेरै कारागारहरु रुग्ग अवस्थामा देखिन्छ । भौतिक पूर्वाधार, मानवीय पूर्वाधार, स्वास्थ्य पूर्वाधार लगायतका पूर्वाधारहरु गम्भिर अवस्थामा रहेकोले कारागारगृहलाई सुधारगृहमा परिणत गर्नको लागि मानव अधिकारका नियमहरुलाई पालन गर्दै क्रमशः सुधार गर्दै लैजानुपर्ने देखिन्छ, जसबाट कारागार जीवन व्यतित गरिसकेपछि समाजका मूलधारमा व्यवस्थापन गर्न सजिलो हुनेछ ।

परिच्छेद –४

# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ४.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिई कामकाज गर्दै आइरहेको छ । भाडामा लिइएको घर सानो र साँघुरो भएको हुँदा आयोगका माननीय सदस्यहरु चार जनाको नियुक्ति भइसकेको अवस्थामा वहाँहरुको निजी सहायकहरुको लागि कार्यकक्ष व्यवस्थापनमा अभाव भएको छ । त्यसैगरी दुईवटा भवनबाट सेवा प्रवाह गर्दा सेवाग्राहीलाई पनि असजिलो पर्न गएको छ ।

आयोगमा हाल भएको सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची -८ मा उल्लेख गरिएको छ ।

परिच्छेद-५

# उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

## ५.१ उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ । विभिन्न संवैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ । त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच अध्ययन प्रतिवेदन २०७९ तयार गरी सार्वजनिक गरिएको छ ।

२. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम मधेश प्रदेशको सिराहा जिल्लाको भगवानपुर गाउँपालिका र सप्तरी जिल्लाको बलान विहुल गाउँपालिका, गण्डकी प्रदेशको पोखरा महानगरपालिकामा नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम संचालन गरिएको थियो ।यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ ।

३. कोशी प्रदेशको सुनसरी जिल्लाको बर्जु गाउँपालिका र लुम्विनी प्रदेशको दाङ्ग जिल्लामा लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । यसबाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ ।

४. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ।जसबाट पीडितहरुलाई केही सहजता भएको छ ।

५. सातै प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ।यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन् ।

६. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ।जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ ।

७. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ ।यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

८. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको समयमा निर्वाचन पूर्व, निर्वाचन अवधी एवं निर्वाचन पश्चात समेत संयुक्त रुपमा अनुगमन गरिएको छ ।जसबाट निर्वाचन अवधिमा हुने विविध अवाञ्छित क्रियाकलापहरु न्यूनीकरणमा मद्दत पुर्याएको छ ।

९. किसान आन्दोलनकारीहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ । जसबाट नेपाल सरकार र आन्दोलनरत किसानहरुको बीचमा वार्ता भई समस्या समाधान भएको छ ।

१०. मिटरव्याजी पिडितहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ । जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित बीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन ।

११. मधेशका ऐतिहासिक, साँस्कृतिक, पूरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ ।

१२. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी समस्या समाधानार्थ सहज भएको छ।

१३. तराई मधेशका सीमा क्षेत्रको अनुगमन गरी देखिएका समस्या सम्बोधनका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइएको छ।

१४. महिला हिंसा तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ।जसबाट समस्याको समाधान गर्न सहज भएको छ ।

## ५.२ समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य

चुनौतीको रुपमा रहेको छ । आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन् ।

१. मधेशी समुदायको शैक्षिक अवस्था र गर्नुपर्ने सुधार सम्बन्धी अध्ययनको लागि प्रर्याप्त वजेटको अभाव रहनु ।

२. आयोगको आफ्नो जग्गा र भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न नसकिनु।

३. आयोगको काम बढि जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु ।

४. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु ।

५. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेल नहुनु ।

६. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बावजुत मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन नसक्नु ।

७. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

८. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सवै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु ।

९. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न नसक्नु ।

१०. आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को

कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु ।

## ५.३ आयोगको अपेक्षा तथा भावी कदमहरुः-

१. मधेशी आयोग ऐन, २०७४ अनुसार **"मधेशी समुदाय"** भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (ड) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ । तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्यका लागि बजेटमाग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य थियो तर बजेट शून्य भएको कारण उक्त कार्य सम्पन्न हुन सकेन तर, अपेक्षा रहेको छ ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ । तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न

पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ । आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, वुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि लयागतसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ ।चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा नमूना प्रोफाइल तयार गर्ने कार्यका लागि बजेटमाग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको छ र अझै सम्म बजेट विनियोजन हुन सकेको छैन ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय

श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने । साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने ।सो अनुसार सिफारिस राखिएतापनि बजेटको अभावमा हुन सकेन तर, अपेक्षा रहेको छ ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने ।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमश कार्यान्वयन गर्दै लैजाने ।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने ।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने ।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था

विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ ।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने ।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने ।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगनणा अनुसार अद्यावधिक गर्ने ।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने ।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्यले संवेदनशिल हुन नसकेको अवस्था रहेको छ ।

१८. संघीय संसदका प्रतिनिधिसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको पाँचौ वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने ।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी युवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ ।

२२. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन । यो अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ । घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सवैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोग अपिल गर्दछ ।

# परिच्छेद-६

## ६. कार्यक्रम र लागत

### वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०७९/८० को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची-९ मा समावेश गरिएको छ ।

## अनुसूची १: (परिच्छेद १ सँग सम्बन्धित)

## मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण




**करार सेवा**

निजी सहायक-५ जना

ह.स.चा.-५ जना

का.स.-२ जना

| सि.नं. | पद | श्रेणी | सेवा | समूह/ उपसमूह | स्थायी दरबन्दी | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ | ३ | |
| ४ | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | २ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | | १ | १ | |
| ७ | निजी सहायक | रा.प. अनं. प्रथम सरह | | | - | ५ | करार |
| ८ | ह.स.चा. | श्रेणीविहिन | | | २ | ७ | करार |
| ९ | कार्यालय सहयोगी (स्वीपर १ समेत) | श्रेणीविहिन | | | ३ | ५ | करार |
| **जम्मा** | | | | | **१३** | **२६** | |

# कर्मचारी संख्या

## आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि.नं. | कर्मचारीको नाम | पद | सेवा | समूह/उपसमूह | कैफियत |
|---|---|---|---|---|---|
| १ | रुद्र प्रसाद लामिछाने | सचिव | नेपाल प्रशासन | रा.प.प्रथम | स्थायी |
| २ | सविता डंगोल | उपसचिव | नेपाल प्रशासन/ सा.प्र. | रा.प.द्वितीय | स्थायी |
| ३ | रमेश कुमार दास | शाखा अधिकृत | | रा.प. तृतीय | स्थायी |
| ४ | विन्दु देवी शर्मा | | | | स्थायी |
| ५ | गोपाल प्रसाद घिमिरे | लेखापाल | नेपालप्रशासन/ लेखा | रा.प.अनं. प्रथम | स्थायी |
| ६ | अमित कुमार साह | क.अ. | विविध | रा.प.अनं. प्रथम | स्थायी |
| ७ | सुन्दर प्रसाद निरौला | ना.सु. | नेपाल प्रशासन/ सा.प्र. | रा.प.अनं. प्रथम | स्थायी |
| ८ | खगेन्द्र नेपाली | | | | स्थायी |
| ९ | दिपेन्द्र कुमार कर्ण | मा. अध्यक्षज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | करार सेवा |
| ११ | रोविन कुमार साह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | करार सेवा |
| १२ | अमन कुमार साह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | करार सेवा |
| १३ | विज्ञान कुमार यादव | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | करार सेवा |
| १४ | राजहंश सिंह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | करार सेवा |
| १५ | ईश्वर प्रसाद गुनी | ह.स. चालक | | | करार सेवा |
| १६ | भुवल भण्डारी | ह.स. चालक | | | करार सेवा |
| १७ | कुमार गोतामे क्षेत्री | ह.स. चालक | | | करार सेवा |
| १८ | तिलक बहादुर तामाङ्ग | ह.स. चालक | | | करार सेवा |
| १९ | मौसम तामाङ्ग | ह.स. चालक | | | करार सेवा |
| २० | डम्बर बहादुर विश्वकर्मा | ह.स. चालक | | | करार सेवा |
| २१ | माइला तामाङ | ह.स. चालक | | | करार सेवा |
| २२ | सिता थापा | का. सहयोगी | | | करार सेवा |
| २३ | गिरिजेश कोइरी | का. सहयोगी | | | करार सेवा |
| २४ | शारदा अधिकारी | का. सहयोगी | | | करार सेवा |
| २५ | कमल नारायण लाभ कर्ण | का. सहयोगी | | | करार सेवा |
| २६ | माया पोडे पुजारी | स्वीपर | | | करार सेवा |

# अनुसूची -२

## आयोगमा प्राप्त उजुरी तथा गुनासाहरुको विवरण

| दर्ता नं. | मिति | उजुरीकर्ताको नाम | माध्यम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | - | - | - | - | - |
| २ | २०७९।०४।०४ | दिपेन्द्र सिंह चौधरी | मेसेन्जर | आरक्षण सम्बन्धमा (लुम्बिनी प्रदेश सरकार) | |
| ३ | ५०२०७९।०४। | ललन कुमार साह (सोनार) | प्रत्यक्ष | सोनार जातीको सम्बन्धमा | |
| ४ | ८०२०७९।०४। | विजय राय (नेपाल दुरसंचार प्राधिकण) | प्रत्यक्ष | मधेशीहरुको वृत्ति विकास सम्बन्धमा । | |
| ५ | २०७९।०४।०९ | सुमी कमारी सिंह (जितपुर, सिमरा) | प्रत्यक्ष | न्याय पाउँ भन्ने सम्बन्धमा | |
| ६ | २०७९।०४।१३ | विजय प्रकाश निषाद | प्रत्यक्ष | थर सुचिकरण सम्बन्धमा | |
| ७ | २०७९।०४।१३ | प्रभाकर महतो | प्रत्यक्ष | उजुरी गरेको सम्बन्धमा | |
| ८ | २०७९।०४।१३ | रामचन्द्र दास तत्मा | प्रत्यक्ष | उजुरी गरेको सम्बन्धमा | |
| ९ | २०७९।०४।१५ | मधेशवाणी डटकम | अप्रत्यक्ष | सिराहा जिल्लामा १५ वर्षिय किशोरीको बलत्कार | |
| १० | २०७९।०४।१५ | लोकन्तर ज्युज एजेन्सी | अप्रत्यक्ष | न्यायधिश नियुक्तीमा मधेशीलाई वेवास्ता सवावेशी सिद्धान्तको उलंघन | |
| ११ | २०७९।०४।१५ | तराई न्युज | अप्रत्यक्ष | राजमार्ग छेउमा होटल चलाउदै आएका दम्पत्तिको हत्या | |
| १२ | २०७९।०४।१५ | दैनिक समाचार | अप्रत्यक्ष | औषधी पसलमा उपचार गराउदा महिलाको मृत्यू | |
| १३ | २०७९।०४।१५ | अन्नपुर्णा दैनिक (अनलाईन) | अप्रत्यक्ष | पर्साको जंगलमा युवतीको लगाइएको शब भेटियो | |
| १४ | ७२०७९।०४।१ | राजधानी जनकपुर अनलाईन | अप्रत्यक्ष | हिन्दु धर्मको धार्मिक स्थलहरुमा ईटा प्रहार तथा हनुमानजीको मन्दिरमा तोडफोड | |
| १५ | ९२२०७९।०४। | मा. दिल कुमारी | अप्रत्यक्ष | प्रमिला सदालाई आमासहित जलायर मार्न खोजिएको सम्बन्धमा | |
| १६ | १३२०७९।०४। | अलिशा श्रीवास्तव | प्रत्यक्ष | श्रीमानलाई झिकाई आवश्यक वार्ता गराई पाउँ भन्ने बारेमा | |

| दर्ता नं. | मिति | उजुरीकर्ताको नाम | माध्यम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १७ | ५।०२०७९।०५। | काशिन्द्र कुमार शर्मा | प्रत्यक्ष | कारबाही गरी पाउँ भन्ने सम्बन्धमा | |
| १८ | ५।०२०७९।०५। | निषाद उत्थान केन्द्र | प्रत्यक्ष | विपन्न तथा अल्पसंख्यक वर्गमा सूचिकृत हुने सम्बन्धमा | |
| १९ | ५।०२०७९।०५। | कल्टनिया देवी सिंह | प्रत्यक्ष | कारबाही गरी पाउँ भन्ने सम्बन्धमा | |
| २० | ४।१२०७९।०५। | विकास कुमार चौधरी | प्रत्यक्ष | कमेडियन अपूर्व क्षितिज सिंह सम्बन्धमा | |
| २१ | ४।१२०७९।०५। | मैथली साहित्यकार सभा जनकपुरधाम | प्रत्यक्ष | रेलवे स्टेशनहरुको नाउँ मिथिलाक्षरमा लेख्ने लेखाउने सम्बन्धमा | |
| २२ | ५।१२०७९।०५। | नेपाल गोंड समाज उत्थान समिति | प्रत्यक्ष | गोठ/गोड जातिको छुट्टै पहिचान र अल्पसंख्यक जातिमा सूचिकृत गर्ने सम्बन्धमा | |
| २३ | ६।१२०७९।०५। | सामाजिक सञ्जालबाट प्राप्त भएको | अप्रत्यक्ष | घिमिरे थर भएका व्यक्तिलाई मधेशी कोटामा सिफारिस गरिएको सम्बन्धमा | |
| २४ | ६।१२०७९।०५। | ईन्द्रजित यादव | प्रत्यक्ष | परीक्षामा सहभागी हुन मौका प्रदान गरिदिनु हुन सम्बन्धमा | |
| २५ | २९/०५/२०७९ | राजेश चौधरी | प्रत्यक्ष | लुम्बनी प्रदेश लोकसेवाको विज्ञापनमा मधेशी कोटा संशोधन सम्बन्धमा | |
| २६ | ०२/०६/२०७९ | सुनिल कुमार यादव | प्रत्यक्ष | मेकानिकल अपरेटर पदको प्रयोगात्मक परीक्षामा अनियमितता भएको कारण अविलम्ब छानविन गरी पाउँ | |
| २७ | ०३/०६/२०७९ | रीमा कुमारी चौधरी | प्रत्यक्ष | छात्रवृत्ति पाउँ भन्ने सम्बन्धमा | |
| २८ | २३/०६/२०७९ | विरेन्द्र ठाकुर | अप्रत्यक्ष | छठ पर्व गर्न पहल सम्बन्धमा | |
| २९ | २५/०६/२०७९ | हिमातिनी न्यूज पोर्टल | अप्रत्यक्ष | युवकले ६५ वर्षको महिलालाई निर्घात कुटपिठ गरी हत्या गरिएको सम्बन्धमा | |
| ३० | २७/०६/२०७९ | अन्नपूर्ण पोष्ट (कान्ती शाह विरगन्ज) | अप्रत्यक्ष | एकै परिवारका तीन जनाको हत्याको सम्बन्धमा | |
| ३१ | ०३/०७/२०७९ | प्रेम सेठ (सप्तरी जिल्ला) | अप्रत्यक्ष | घटनाको छानविन गरी पाउँ बारेमा | |

| दर्ता नं. | मिति | उजुरीकर्ताको नाम | माध्यम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| ३२ | ०३/०७/२०७९ | शेषज.आलम (रौतहट) | अप्रत्यक्ष | शान्ति सुरक्षाको लागि अंगरक्षक पाउँ बारे सम्बन्धमा | |
| ३३ | २२/०७/२०७९ | | | | |
| ३४ | २२/०७/२०७९ | | | समाजवादी पार्टीका नेता तथा मन्त्री मा. मेटमणी चौधरीले मधेशी समुदायलाई विवेकशिल नभएको होच्याउने खाले अपमानजनक शब्द प्रयोग गरेको सम्बन्धमा | |
| ३५ | २२/०७/२०७९ | श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र | अप्रत्यक्ष | ने.वि.स.कार्यकारी परिषद्को गैरकानुनी निर्णय बदर गरी पाउँ सम्बन्धमा | |
| ३६ | २३/०७/२०७९ | संजु शाह | प्रत्यक्ष | समानुपातिक उम्मेदवार सम्बन्धमा | |
| ३७ | २८/०७/२०७९ | नेहा चौधरी | अप्रत्यक्ष | श्रीमतीलाई गम्भीर कुटपिट गरेको सम्बन्धमा | |
| ३८ | ०८/१५/२०७९ | बैदेही कुमार महासेठ | प्रत्यक्ष | सुमुम्बासी जग्गा विवाद क्रममा मधेशी समुदायलाई अपमानित गरेको सम्बन्धमा | |
| ३९ | २५/०८/२०७९ | सुनित दुवे | प्रत्यक्ष | न्याय पाउँ भन्ने सम्बन्धमा | |
| ४० | २६/०८/२०७९ | न्युज व्यूरो | अप्रत्यक्ष | ८० वर्षको वृद्धलाई निर्घात कुटपिट गरेको सम्बन्धमा | |
| ४१ | ०७/०४/२०७९ | थारु आयोग | पत्रको आधारमा | प्रेस विज्ञप्ती | |
| ४२ | ०७/१४/२०७९ | थारु भाषा संख्या सम्बन्धमा | प्रेस विज्ञप्ती | जानकारी गरी कार्यार्थ पठाइएको | |
| ४३ | ०७/१५/२०७९ | थारु कल्याणकारी सभा | प्रेश विज्ञप्ती | आवश्यक कार्यार्थ पठाइएको | |
| ४४ | ०८/२८/२०७९ | कमलेश्वर प्रसाद शाह | प्रत्यक्ष | अनुरोध गरिएको सम्बन्धमा | |
| ४५ | ०८/२८/२०७९ | विद्या कुमारी सिन्ह | प्रत्यक्ष | अनुसन्धान सम्बन्धमा (धम्की तथा (सुतली बम प्रहार | |
| ४६ | ०१/०९/२०७९ | निलु चौधरी | प्रत्यक्ष | न्याय पाउँ (कुटपित शारीरिक तथा (मानसिक यातना | |
| ४७ | ०३/०९/२०७९ | तेजेन्द्र ताजपुरिया | प्रत्यक्ष | सुचिकरणबाट हटाउने सम्बन्धमा | |
| ४८ | ०६/०९/२०७९ | सजिला पोष्ट | प्रत्यक्ष | चुरे विनाशले बस्ती नै सखाप | |

| दर्ता नं. | मिति | उजुरीकर्ताको नाम | माध्यम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| ४९ | ०६/०९/२०७९ | सञ्जिव राउत | प्रत्यक्ष | हत्यारालाई पत्ता लगाउने सम्बन्धमा | |
| ५० | ०८/०९/२०७९ | प्रेम विदेह (ललन) सहित अन्य | प्रत्यक्ष | मधेशी भाषामा सपथ लिने सांसदहरुको सपथ बदर सम्बन्धमा | |
| ५१ | ०८/०९/२०७९ | विद्यानन्द वदेरी | सामाजिक सञ्जाल | मधेशी भाषामा सपथ लिएको विरोध गर्ने क्रममा प्रहार गरिएको सम्बन्धमा | |
| ५२ | ०८/०९/२०७९ | सतिश कुमार दत्त | प्रत्यक्ष | आवश्यक कारबाही सम्बन्धमा | |
| ५३ | १४/०९/२०७९ | समचार पत्रिका | प्रत्यक्ष | मजदुर गर्न भारत लगिएका लखपको ठेकेदारको कुटपिटका कारण मृत्यु भएको सम्बन्धमा | |
| ५४ | १४/०९/२०७९ | कृतिका यादव | प्रत्यक्ष | न्याय प्रक्रियामा सहयोग गरी पाउँ भन्ने सम्बन्धमा | |
| ५५ | १४/०९/२०७९ | विनु यादव | प्रत्यक्ष | ध्यानाकर्षण गराई पाउँ बारे सम्बन्धमा | |
| ५६ | १४/०९/२०७९ | महोत्तरी दर्पण | अप्रत्यक्ष | महोत्तरीको गौशालामा जाडोले एक वृद्धको मृत्युबारे सम्बन्धमा | |
| ५७ | १८/०९/२०७९ | Phoalbabu Yadhav | प्रत्यक्ष | Finding of missing Mr Pratik Yadhav | |
| ५८ | १९/०९/२०७९ | नरेन्द्र कुमार लाल | प्रत्यक्ष | प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित वृहद नेपाली शब्द कोषमा कायस्थ शब्दकी त्रुटिपूर्ण अर्थ सच्याई पाउँबारे सम्बन्धमा | |
| ५९ | १९/०९/२०७९ | निनु कर्ण | प्रत्यक्ष | सिफारिस सम्बन्धमा | |
| ६० | २२/०९/२०७९ | विदा मागपास | प्रत्यक्ष | कम्पनीको नाममा सिफारिस गरिपाउँ | |
| ६१ | २३/०९/२०७९ | अंकुश श्री | प्रत्यक्ष | राष्ट्रिय पत्रको समस्या सम्बन्धमा | |
| ६२ | १०/०३/२०७९ | धिरेन्द्र बर्मा र केदार देव | प्रत्यक्ष | सिफारिस पाउँ बारे | |
| ६३ | १०/०३/२०७९ | निर्मल मण्डल | प्रत्यक्ष | मधेशी भाषाको सम्बन्धमा | |
| ६४ | १०/०३/२०७९ | इन्द्रजित साकि | प्रत्यक्ष | नागरिकता समस्या समाधानमा विशेष भूमिका निर्वाह गर्नुपर्ने बारे सम्बन्धमा | |
| ६५ | १०/०४/२०७९ | देव कुमार शर्मा | प्रत्यक्ष | न्याय दिलाइ पाउँ भन्ने बारे | |

| दर्ता नं. | मिति | उजुरीकर्ताको नाम | माध्यम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| ६६ | १०/०५/२०७९ | महिदेव प्रसाद चौधरी | प्रत्यक्ष | क्षतिपूर्ति गरी कारबाहीको कागजात पठाइएको बारे | |
| ६७ | १०/०९/२०७९ | रवि रञ्जन प्रधान | प्रत्यक्ष | मधेशी आरक्षण सम्बन्धमा | |
| ६८ | १०/०९/२०७९ | रामअवतार मण्डल | प्रत्यक्ष | छानविन गरी कारबाही अगाडी बढाइदिनु हुन | |
| ६९ | १०/१०/२०७९ | मुकेश राजवंशी | प्रत्यक्ष | मधेशी प्रमाणपत्र सम्बन्धमा | |
| ७० | १०/११/२०७९ | सुनित कुमार शाह | प्रत्यक्ष | जात र थरमा आएको त्रुटी सच्याउने सम्बन्धमा | |
| ७१ | १०/१५/२०७९ | विरेन्द्र कर्ण | प्रत्यक्ष | राष्ट्रिय खेलकुद परिषद्ले नेपाल कराते महासंघ तदर्थ समिति गठन गरेको सम्बन्धमा | |
| ७२ | १०/१७/२०७९ | संयुक्त मधेशी सेवा समाज | प्रत्यक्ष | गम्भीर ध्यानाकर्षण क्षतिपूर्ति कारबाही एवं सुरक्षा गराइ पाउँ | |
| ७३ | १०/१९/२०७९ | विक्रममणी त्रिपाठी | प्रत्यक्ष | प्रभावकारी कार्यान्वयन सम्बन्धमा | |
| ७४ | १०/२०/२०७९ | गण्डकी प्रदेशका मधेशी समाज | प्रत्यक्ष | मधेशी आरक्षण सम्बन्धमा | |
| ७५ | १०/२४/२०७९ | हेमन्त कुमार  परासर | ईमेल | सहयोग तथा पत्रचार सम्बन्धमा | |
| ७६ | १०/२४/२०७९ | विद्यानाथ राम | टेलीफोन | सामाजिक भत्ता रोक्का सम्बन्धमा | |
| ७७ | १०/२४/२०७९ | सौरभ यादव | प्रत्यक्ष | ठगी सम्बन्धमा | |
| ७८ | ११/०२/२०७९ | मुक्ति प्रसाद पथरवट(कुशवाडिया उत्थान संघ) | प्रत्यक्ष | ध्यानकर्षण गराइएको बारे | |
| ७९ | २०७९/११/१८ | उपेन्द्रभगत बागवशी | प्रत्यक्ष | जातथरको नाम सूचिकृत गरी पाउँ | |
| ८० | २०७९/११/१८ | मनिशा झा अन्नपूर्ण पोष्ट | अप्रत्यक्ष | जानकी मन्दिरको सौन्दर्यीकरणको बजेट सदुपयोग सम्बन्धमा | |
| ८१ | २०७९/११/१८ | अभिषेक शाह | प्रत्यक्ष | दूर्व्यवहार र उत्पीडन सम्बन्धमा | |
[२५] नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, बबरमहल काठमाडौंले ०८० जेष्ठ २१ गते च.नं. ४४० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२६] नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, पुरातत्व विभाग, रामशाह पथ काठमाडौंले ०८० जेष्ठ २० गते च.नं. १७७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.८ संस्थान, बोर्ड, परिषद्हरू

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या |
|---|---|---|
| १ | दुग्ध विकास संस्थान [३१] | १४३ |
| २ | नेपाल वायु सेवा निगम [३२] | १४१ |
| ३ | नेपाल आयल निगम लि. [३३] | ९० |
| ४ | नेपाल पर्यटन वोर्ड [३४] | ४ |
| ५ | राष्ट्रिय खेलकुद परिषद् [३५] | ८१ |
| ६ | सांस्कृतिक संस्थान [३६] | ३ |
| ७ | नेपाल प्रज्ञा प्रतिष्ठान [३७] | ६ |
| ३ | नेपाल कृषि अनुसन्धान परिषद् [३८] | १८६ |
| जम्मा | | ५६४ |

[२७] नेपाल सरकार सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, हुलाक सेवा विभाग बबरमहल, काठमाडौंले ०८० जेष्ठ ७ गते च.नं. १३७२ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२८] नेपाल सरकार संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (शिक्षक), म्यूजियम मार्ग छाउनी, काठमाडौंले ०८० जेष्ठ १६ गते च.नं. ५५६३ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[२९] त्रिभुवन विश्वविद्यालय, राजिष्ट्रारको कार्यालय, कीर्तिपुर काठमाडौंले ०८० जेष्ठ ३१ गते च.नं. ६०१५ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३०] नेपाल भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय, रेल विभाग, विशालनगर काठमाडौंले ०८० जेष्ठ २६ गते च.नं. ४३१ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३१] दुग्ध विकास संस्थान, लैनचौर काठमाडौंले ०८० वैशाख ५ गते च.नं. १७४६ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३२] नेपाल  वायु सेवा निगम, काठमाडौंले ०८० वैशाख ७ गते इमेल मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३३] नेपाल आयल निगम लि., केन्द्रीय कार्यालय, बबरमहल काठमाडौंले ०७६ चैत्र २६ गते च.नं. ५६११ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधार मा ।

[३४] नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप काठमाडौंले ०८० वैशाख २५ गते पठाएको च.नं. १६१ को पत्र मार्फत उपलब्ध विवरणको आधारमा ।

[३५] नेपाल खेलकूद परिसर, त्रिपुरेश्वर काठमाडौंले ०८० वैशाख २८ गते च.नं. ११७० को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३६] सांस्कृतिक संस्थान, जमल काठमाडौंले ०८० जेष्ठ ७ गते च.नं. २३३ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३७] नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौंले ०८० जेष्ठ ८ गते च.नं. १४२७ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[३८] नेपाल कृषि अनुसन्धान परिषद्,काठमाडौंले ०८० जेष्ठ ७ गते च.नं. २७७१ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.९ प्रदेशस्तरीय कार्यालय

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या |
|---|---|---|
| १ | महिला बालबालिका तथा खेलकुद मन्त्रालय (मधेश प्रदेश) [३९] | ७ |

## २.१० जिल्लास्तरीय कार्यालय

| क्र.सं. | कार्यालयको नाम | कर्मचारी संख्या |
|---|---|---|
| १ | जिल्ला प्रहरी कार्यालय, धनुषा [४०] | ६९४ |
| २ | जिल्ला प्रशासन कार्यालय, महोत्तरी [४१] | २१ |
| ३ | जिल्ला प्रहरी कार्यालय, महोत्तरी [४२] | ४४८ |
| जम्मा | | ११६३ |

[३९] मधेश प्रदेश सरकार महिला, बालबालिका, युवा तथा खेलकूद मन्त्रालय, जनकपुरधामले ०७६ चैत्र १४ गते च.नं. ६४८ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[४०] नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रहरी कार्यालय धनुषाले ०७६ चैत्र २२ गते पठाएको पत्रको विवरणको आधारमा ।

[४१] नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय महोत्तरीले ०८० वैशाख १५ गते च.नं. ५०७६ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

[४२] नेपाल सरकार गृह मन्त्रालय, जिल्ला प्रहरी कार्यालय महोत्तरीले ०८० वैशाख ३ गते च.नं. ४१३४ को पत्र मार्फत उपलब्ध गराएको विवरणको आधारमा ।

## २.११ स्थानीय तह [४३]

| क्र.सं | स्थानीय तह | प्रशासन (स्वास्थ्यसहित) | शिक्षक संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | मनराशिसवा नगरापलिका, महोत्तरी | १०१ | २२४ | ३२५ |
| २ | गोकुलगंगा गाउापालिका, रामेछाप | १२ | ५ | १७ |
| ३ | देवदह नगरपालिका, रुपन्देही | ५० | २२८ | २७८ |
| ४ | तिलाठी कोइलाडी गाउापालिका, सप्तरी | ११३ | १६१ | २७४ |
| ५ | पुतलीबजार नगरपालिका, स्याङ्जा | १ | ६ | ७ |
| ६ | सान्नी त्रिवेणी गाउापालिका, कालिकोट | २ | ८ | १० |
| ७ | चामे गाउापालिका, मनाङ | ८ | १ | ९ |
| ८ | शहीदभूमी गाउापालिका, धनकुटा | ६ | ४ | १० |
| ९ | देवघाट गाउापालिका, तनहु | ४ | १२ | १६ |
| १० | इन्द्रसरोवर गाउापालिका, मकवानपुर | २ | ४ | ६ |
| ११ | विगु गाउापालिका, दोलखा | १४ | ३१ | ४५ |
| १२ | तिनपाटन गाउापालिका, सिन्धुली | १० | १३ | २३ |
| १३ | इलाम नगरपालिका | ७ | ७ | १४ |
| १४ | विहादी गाउापालिका, पर्वत | ११ | १३ | २४ |
| १५ | वुटवल उपमहानगरपालिका, रुपन्देही | | ५८ | ५८ |
| १६ | चौदण्डीगढी नगरपालिका, उदयपुर | | ३८ | ३८ |
| १७ | माङ्सेबुङ गाउापालिका, इलाम | | १८ | १८ |
| १८ | बेलबारी नगरपालिका, मोरङ | | १५ | १५ |
| १९ | फिदिम नगरपालिका, पााचथर | | ८ | ८ |
| २० | गोदावरी नगरपालिका, कैलाली | | ३ | ३ |

[४३] सम्पूर्ण ७५३ स्थानीय थहमा पत्रचार गर्दा प्रतिवेदन तयार पार्दासम्म ५७ पालिकासम्मको विवरण उपलब्ध भएकोले उक्त विवरणहरु यसै प्रतिवेदनका साथ अनुसूची ४ मा संलग्न गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| २१ | फुंलिन नगरपालिका, ताप्लेजुङ |  | ६ | ६ |
| २२ | नागार्जुन नगरपालिका, काठमाडौं |  | ७ | ७ |
| २३ | रुपाकोट गाउापालिका, कास्की |  | ३ | ३ |
| २४ | नेत्रावती डबजोङ गाउापालिका, धादिङ |  | ८ | ८ |
| २५ | भक्तपुर नगरपालिका, भक्तपुर |  | ३ | ३ |
| २६ | लिशंखुपाखर गाउापालिका, सिन्धुपाल्चोक |  | १० | १० |
| २७ | खैरहनी नगरपालिका, चितवन | २ |  | २ |
| २८ | कपिलवस्तु नगरपालिका, | ८८ |  | ८८ |
| २९ | बेलबारी नगरपालिका, झापा |  | २ | २ |
| ३० | चापाकोट नगरपालिका, स्याङ्जा |  | ११ | ११ |
| ३१ | बुढानिलकण्ठ नगरपालिका, काठमाडौं |  | ५ | ५ |
| ३२ | दुधपोखरी गाउापालिका, लमजुङ |  | ५ | ५ |
| ३३ | कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं |  | २८ | २८ |
| ३४ | बेलबारी नगरपालिका, मोरङ |  | १५ | १५ |
| ३५ | कचनकवल गाउप्र ालिका, झापा | ८ | ९ | १७ |
| ३६ | घोराही नगरपालिका, दाङ |  | ३ | ३ |
| ३७ | कन्कासुन्दरी गाउापालिका, जुम्ला | २ | ३ | ५ |
| ३८ | सिदिङ्वा गाउापालिका, ताप्लेजुङ | ६ | १५ | २१ |
| ३९ | वाणगंगा नगरपालिका, कपिलवस्तु | ३ | ६ | ९ |
| ४० | खाडाचक्र नगरपालिका, कालिकोट |  | ८ | ८ |
| ४१ | मुड्केचुला गाउापालिका, डोल्पा | ३ | ३ | ६ |
| ४२ | ठोरी गाउापालिका, पर्सा | २४ | ४७ | ७१ |
| ४३ | भीरकोट नगरपालिका, स्याङ्जा | ५ | ७ | १२ |
| ४४ | कटहरी गाउापालिका, मोरङ |  | २८१ | २८१ |
| ४५ | ललितपुर महानगरपालिका |  | २९ | २९ |

| | | | | |
|---|---|---|---|---|
| ४६ | सुनकोसी गाउपालिका, सिन्धुली | | २० | २० |
| ४७ | धुनिवेसी नगरपालिका, धादिङ | ५ | ४ | ९ |
| ४८ | आवुखैरेनी गाउपालिका | ५ | २ | ७ |
| ४९ | सन्धिखर्क नगरपालिका, अर्गाखाची | १ | ६ | ७ |
| ५० | लहान नगरपालिका, सिरहा | | २६२ | २६२ |
| ५१ | पाख्रिबास नगरपालिका, धनकुटा | | ७ | ७ |
| ५२ | कुश्मा नगरपालिका, पर्वत | २ | १ | ३ |
| ५३ | पाताराशी गाउपालिका, जुम्ला | | २ | २ |
| ५४ | तुम्बेवा गाउपालिका, पाचथर | | २० | २० |
| ५५ | गेरुवा गाउपालिका, वर्दिया | १ | ३ | ४ |
| ५६ | गोलन्जोर गाउपालिका | ३ | १८ | २१ |
| ५७ | गौर नगरपालिका, रौतहट | २०९ | - | २०९ |
| | **जम्मा** | ६५८ | १७१६ | २४२४ |

## २.१२ सारांशमा तथ्यांक

| क्र.सं | कार्यालय/संस्थान/प्राधिकरण | संख्या |
|---|---|---|
| १ | निजामती कर्मचारी | ६,९१३ |
| २ | सुरक्षा निकाय (सेना, प्रहरी, सशस्त्र, अनुसन्धान) | १७,४८७ |
| ३ | सरकारी संचार गृह<br>(रासस, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्र) | १७८ |
| ४ | वित्तिय संस्था (राष्ट्र बैंक, नेपाल बैंक, कृषि विकास) | ७३५ |
| ५ | स्थानीय तह (५७ पालिका) | २४२४ |
| ६ | संस्थान वोर्ड परिषद् (८ वटा) | ६५४ |
| ७ | वन तथा वातावरण क्षेत्र | २७८ |
| ८ | संवैधानिक आयोग (८ वटा) | ९४ |
| ९ | संघीय संसद सचिवालय | १७ |
| १० | प्रदेश सभा सचिवालय, मधेश प्रदेश | ६२ |
| ११ | त्रिभुवन विश्वविद्यालय रेजिष्ट्रारको कार्यालय | ३६६ |
| १२ | रेल विभाग | ३० |

## ३. अध्ययनका समस्या र चुनौतीहरू

अध्ययनको सुरूवातदेखी यो प्रतिवेदन तयार पार्दासम्म केही समस्या र चुनौतीहरु अध्ययनकर्ता टिमले भोग्नुपरेको छ । जुन यस प्रकार छन् :

१) प्रथम स्रोतको बारेमा सम्पूर्ण रूपमा संकलित तथ्यांक र जानकारी आइनपुग्नु,

२) आयोगको आधिकारिक पत्र पठाउँदासमेत विभिन्न निकायबाट अनावश्यक कागजात माग गरी दुख दिनु र बुझाउँदा पनि तथ्यांक उपलब्ध नगराउनु,

३) विभिन्न माध्यमबाट सम्पर्क गरी बारम्बारको भौतिक उपस्थितिमा छलफल हुँदा पनि सहोगात्मक समन्वय नहुनु ।

४) मधेश प्रदेश क्षेत्रका स्थानीय तहबाट सूचना र तथ्यांक कम आउनु ।

## ४. निष्कर्ष

अध्ययनबाट मधेशी समुदायको उपस्थिति मुलुकभरका अधिकांश स्थानीय तहमा देखिन्छ । सातै प्रदेशका अधिकांश स्थानीय तहका प्रशासन, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा मधेशीहरूको उपस्थितिले उक्त क्षेत्रमा अब्बलता देखिन्छ । मधेश प्रदेशसँगै देशभरका स्थानीय कार्यालय प्राविधिक क्षेत्र बाहेक पनि अन्य सबै क्षेत्रमा पनि मधेशीको पहुँच रहेको अध्ययनले देखाउछ । नेपाली सेनामा करिब ३ प्रतिशत मधेशी संख्या भएपनि सेनाको माथिल्लो दर्जामा केही संख्यामा मधेशी पुग्नु भविष्यको लागि आशाको रूपमा चित्रित गर्न सकिन्छ ।

मधेशी आयोगसँगको सम्झौतापश्चात् करिब ३ महिनाको अध्ययनले यो अध्ययनको समयसीमा कम रहेको प्रष्ट निष्कर्ष निकाल्न सकिन्छ । मधेशी समुदायको पहुँच निजामती कर्मचारी क्षेत्रमा मात्र नभई देशभरका सरकारी निकाय, वित्तिय संस्था, संस्थान आदिहरूमा रहेको छ । अझ देश संघीयतामा गइसकेपछि प्रदेश र स्थानीय तहलाई कर्मचारी राख्ने अधिकार दिइएको कारणले सबै क्षेत्रलाई समेटेर अध्ययन गर्न सकिएमा मात्र वास्तविक तथ्यांक आउँछ । त्यसैले पनि अध्ययनको कार्यक्षेत्र र प्रकृया पूरा गर्न यथेष्ट समयसीमा, स्रोतसाधन र समन्वय आवश्यक रहेको छ । यसका लागि आयोग गम्भीर हुनु जरूरी देखिन्छ । यस्तो गम्भीर विषयमा हाल भएको अध्ययन अनुसन्धान निक्कै कम भएकोले यसलाई भविष्यमा संख्यात्मक र गुणात्मक रूपमा वृद्धि गरी हरेक क्षेत्रका मधेशीको उपस्थितिको अध्ययन गर्नुपर्ने देखिएको

छ । यो अध्ययन शुरूवात हो र यसको निरन्तरता हुनु जरूरी छ । अध्ययनबाट मुख्य रूपमा निम्नानुसारको निष्कर्ष निकाल्न सकिन्छ ।

तथ्यांकमा सबैभन्दा बढी अर्थात् १२.११ कर्मचारीको अनुपात नेपाल राष्ट्र बैंकमा रहेको छ । यसैगरी निजामतीतर्फ कुल कर्मचारीको ८ प्रतिशत र नेपाल प्रहरीको १२ प्रतिशत मधेशी रहेका छन् । कृषि, शिक्षा, प्राविधि र वित्तिय क्षेत्रमा मधेशी समुदायको पहुँच उत्साहजनक नभएपनि सन्तोषजनक छ । न्याय, प्रशासन क्षेत्रमा पहुँच न्यून देखिन्छ । देशभरका सबैजसो स्थानीय तहमा मधेशी समुदायका कर्मचारी पुगेको तथ्यांकले देखाउँछ ।

## सुझाव तथा सिफारिस

यो अध्ययन विविध सीमाका कारण पूर्ण हुन नसकेको निष्कर्ष निकाल्न सकिन्छ । तसर्थः भविष्यमा यो अध्ययनलाई अझ बढी फराकिलो दायरामा पूर्णता दिन कम्तिमा बर्षदिनको समय र यथेष्ट आर्थिक स्रोतसहित पुनः अध्ययन गुर्नपर्ने आवश्यकता सहित सिफारिस गरिन्छ । अध्ययनबाट प्राप्त भएको निष्कर्षबाट मधेशी आयोग तथा सरोकारवाला निकायहरूलाई निम्नानुसारको अतिरिक्त सुझाव तथा सिफारिस पनि गरिएको छ । निजामती तथा अन्य सेवाका क्षेत्रमा मधेशी समुदायको आकर्षण बढाउन अभियान संचालन गर्नुहुन, विभिन्न संघीय कार्यालय, आयोग, निकाय, प्रादेशिक निकाय, मधेश क्षेत्रमा रहेको कार्यालय, जिल्लास्तरीय कार्यालय, स्थानीय तहसँग मधेशी आयोगले समन्वय बढाउनुहुन, अध्ययनमा सहजताका लागि भरपर्दो साधन र स्रोतको व्यवस्था उपलब्ध गराउनुहुन, अध्ययन र अनुसन्धानलाई निरन्तर जारी राख्नुहुन वा अनुसन्धानकर्तालाई विज्ञको रूपमा आधिकारीक आवद्धता दिनुहुन ।

# अनुसूची १

## पत्राचार गरिएका सरकारी निकाय र संघसंस्थाहरू

### निजामती

- राष्ट्रिय किताबखाना (निजामती)
- राष्ट्रिय किताबखाना (शिक्षक)

### सुरक्षा निकाय

- नेपाल प्रहरी
- नेपाली सेना
- राष्ट्रिय अनुसन्धान विभाग
- सशस्त्र प्रहरी बल

### संवैधानिक आयोग

- लोक सेवा आयोग
- महालेखा परिक्षकको कार्यालय
- मधेशी आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय मानवअधिकार आयोग
- मुस्लिम आयोग
- राष्ट्रिय समावेशी आयोग
- राष्ट्रिय दलित आयोग
- निर्वाचन आयोग
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- आदिवासी जनजाति आयोग
- थारू आयोग

- राष्ट्रिय योजना आयोग
- भाषा आयोग
- नेपाल कानून आयोग

**संसद सचिवालय**

- संघीय संसद सचिवालय, काठमाडौं
- संसद सचिवालय, कोशी प्रदेश
- संसद सचिवालय, मधेश प्रदेश
- संसद सचिवालय, वागमती प्रदेश
- संसद सचिवालय, गण्डकी प्रदेश
- संसद सचिवालय, लुम्बिनी प्रदेश
- संसद सचिवालय, कर्णाली प्रदेश
- संसद सचिवालय, सुदूरपश्चिम प्रदेश

**विभिन्न सरकारी कार्यालय**

- राष्ट्रपतिको कार्यालय
- उपराष्ट्रपतिको कार्यालय
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
- नेपाल पुरातात्विक विभाग
- अर्थ मन्त्रालय
- सर्वोच्च अदालत
- महान्यायाधिवक्ताको कार्यालय
- हुलाक सेवा विभाग
- नापी विभाग
- वन विभाग

- भन्सार विभाग
- मुद्रण विभाग
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- वातावरण विभाग
- वन तथा वातावरण मन्त्रालय
- शिक्षक सेवा आयोग
- केन्द्रीय तथ्यांक विभाग
- स्वास्थ्य मन्त्रालय
- स्वास्थ्य सेवा विभाग
- रेल विभाग
- त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालय

**सञ्चार माध्यम**

- राष्ट्रिय समाचार समिति
- गोरखापत्र संस्थान
- रेडियो नेपाल
- नेपाल टेलिभिजन
- प्रेस काउन्सिल नेपाल

**वित्तिय संस्था**

- नेपाल राष्ट्र बैंक
- नेपाल बैंक लि.
- कृषि विकास बैंक लि.
- राष्ट्रिय वाणिज्य बैंक

## संस्थान तथा बोर्ड

- दुग्ध विकास संस्थान
- नेपाल टेलिकम
- नेपाल आयल निगम
- नेपाल विद्युत प्राधिकरण
- नेपाल खानेपानी संस्थान
- नेपाल वायुसेवा निगम
- राष्ट्रिय बीमा संस्थान
- नेपाल पर्यटन बोर्ड
- नेपाल चलचित्र विकास वोर्ड
- राष्ट्रिय खेलकुद परिषद्
- सास्कृतिक संस्थान
- नेपाल औषधी लिमिटेड
- नेपाल प्रज्ञा प्रतिष्ठान
- राष्ट्रिय विज्ञान तथा प्रविधी प्रज्ञा प्रतिष्ठान (नाष्ट)
- अखिल नेपाल फुटवल महासंघ (एन्फा)
- नेपाल क्रिकेट संघ (क्यान)
- नेपाल इञ्जिनियरिङ्‌। काउन्सिल
- नेपाल मेडिकल काउन्सिल
- प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र (सिटिइभिटी)
- चिकित्साशास्त्र अध्ययन संस्थान, नेपाल
- नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)

**प्रदेशस्तरीय कार्यालय**

- नेपाल विद्युत प्राधिकरण कोशी प्रदेश
- नेपाल विद्युत प्राधिकरण मधेश प्रदेश
- महिला बालबालिका तथा खेलकुद मन्त्रालय, मधेश प्रदेश

**जिल्लास्तरिय कार्यालय**

- जिल्ला प्रशासन कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, धनुषा

**पालिकास्तरीय कायालय**

- ७५३ स्थानीय तह

# अनुसूची २

## सरकारी निकाय र संघसंस्थाहरूबाट प्राप्त विवरणको नामावली

### निजामती

- राष्ट्रिय किताबखाना (निजामती)
- राष्ट्रिय किताबखाना (शिक्षक)

### सुरक्षा निकाय

- नेपाल प्रहरी
- नेपाली सेना
- राष्ट्रिय अनुसन्धान विभाग
- सशस्त्र प्रहरी बल

### संवैधानिक आयोग

- लोक सेवा आयोग
- महालेखा परिक्षकको कार्यालय
- मधेशी आयोग
- राष्ट्रिय महिला आयोग
- राष्ट्रिय मानवअधिकार आयोग
- मुस्लिम आयोग
- राष्ट्रिय समावेशी आयोग
- राष्ट्रिय दलित आयोग

### संसद सचिवालय

- संघीय संसद सचिवालय, काठमाडौं
- संसद सचिवालय, मधेश प्रदेश

### विभिन्न सरकारी कार्यालय

- नेपाल पुरातात्विक विभाग

- हुलाक सेवा विभाग
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- वन तथा भू-संरक्षण विभाग
- वन तथा वातावरण मन्त्रालय
- त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय
- रेल विभाग सञ्चार माध्यम
- राष्ट्रिय समाचार समिति
- गोरखापत्र संस्थान
- रेडियो नेपाल
- नेपाल टेलिभिजन

**वित्तिय संस्था**

- नेपाल राष्ट्र बैंक
- नेपाल बैंक लि.
- कृषि विकास बैंक लि.
- राष्ट्रिय वाणिज्य बैंक

**संस्थान तथा बोर्ड**

- दुग्ध विकास संस्थान
- नेपाल आयल निगम
- नेपाल वायुसेवा निगम
- नेपाल पर्यटन बोर्ड
- राष्ट्रिय खेलकुद परिषद्

**सास्कृतिक संस्थान**

- नेपाल प्रज्ञा प्रतिष्ठान

- नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)

प्रदेशस्तरीय कार्यालय

- महिला बालबालिका तथा खेलकुद मन्त्रालय, मधेश प्रदेश

**जिल्लास्तरिय कार्यालय**

- जिल्ला प्रशासन कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, महोत्तरी
- जिल्ला प्रहरी कार्यालय, धनुषा

**पालिकास्तरीय कायालय**

**७५३ स्थानीय तहमा ५७ पालिकाको विवरण प्राप्त**

- मनराशिसवा नगरापलिका, महोत्तरी
- गोकुलगंगा गाउँपालिका, रामेछाप
- देवदह नगरपालिका, रूपन्देही
- तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी
- पुतलीबजार नगरपालिका, स्याङ्जा
- सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट
- चामे गाउँपालिका, मनाङ
- शहीदभूमी गाउँपालिका, धनकुटा
- देवघाट गाउँपालिका, तनहु
- इन्द्रसरोवर गाउँपालिका, मकवानपुर
- विगु गाउँपालिका, दोलखा
- तिनपाटन गाउँपालिका, सिन्धुली
- इलाम नगरपालिका
- विहादी गाउँपालिका, पर्वत

- वुटवल उपमहानगरपालिका, रूपन्देही
- चौदण्डीगढी नगरपालिका, उदयपुर
- माङ्सेबुङ गाउँपालिका, इलाम
- बेलबारी नगरपालिका, मोरड
- फिदिम नगरपालिका, पाँचथर
- गोदावरी नगरपालिका, कैलाली
- फुंलिन नगरपालिका, ताप्लेजुङ
- नागार्जुन नगरपालिका, काठमाडौं
- रूपाकोट गाउँपालिका, कास्की
- नेत्रावती डबजोङ गाउँपालिका, धादिङ
- भक्तपुर नगरपालिका, भक्तपुर
- लिशंखुपाखर गाउँपालिका, सिन्धुपाल्चोक
- खैरहनी नगरपालिका, चितवन
- कपिलवस्तु नगरपालिका,
- बेलबारी नगरपालिका, झापा
- चापाकोट नगरपालिका, स्याङ्जा
- बुढानिलकण्ठ नगरपालिका, काठमाडौं
- दुधपोखरी गाउँपालिका, लमजुङ
- कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं
- बेलबारी नगरपालिका, मोरङ
- कचनकवल गाउपँ ालिका, झापा
- घोराही नगरपालिका, दाङ
- कन्कासनु दरी गाउँपालिका, जुम्ला

- सिदिङ्वा गाउँपालिका, ताप्लेजुङ
- वाणगंगा नगरपालिका, कपिलवस्तु
- खाडाचक्र नगरपालिका, कालिकोट
- मुड्केचुला गाउँपालिका, डोल्पा
- ठोरी गाउँपालिका, पर्सा
- भीरकोट नगरपालिका, स्याङ्जा
- कटहरी गाउँपालिका, मोरङ
- ललितपुर महानगरपालिका
- सुनकोसी गाउँपालिका, सिन्धुली
- धुनिवेसी नगरपालिका, धादिङ
- आवुखैरेनी गाउँपालिका
- सन्धिखर्क नगरपालिका, अगार्ख ाँची
- लहान नगरपालिका, सिरहा
- पाखिबास नगरपालिका, धनकुटा
- कुश्मा नगरपालिका, पर्वत
- पाताराशी गाउँपालिका, जुम्ला
- तुम्बेवा गाउँपालिका, पाँचथर
- गेरूवा गाउँपालिका, वर्दिया
- गोलन्जोर गाउँपालिका
- गौर नगरपालिका, रौतहट

# मधेशी आयोग

ज्वागल, ललितपुर

पत्र संख्याः २०७९/८०
चलानी नं. : १०३

फोन नं: ०१-५२६११८५
टोल फ्रि नं: १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

मितिः २०८०/०१/२१

श्री ..............................

......................................

**विषय : विवरण उपलब्ध गराईदिने बारे ।**

उपरोक्त सम्बन्धमा मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नका लागि स्थापित यस आयोगले द्धितीय तथ्याङ्कलाई आधार मानी **"राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच"** सम्बन्धी अध्ययन कार्य गरिरहेको व्यहोरा जानकारी गराउँदछु ।यसै सन्दर्भमा यस आयोगलाई अध्ययन प्रतिवेदन तयार पार्नका लागि विवरण आवश्यक परेको हुँदा यहाँको त्यस कार्यालय वा संस्थामा मधेशी समुदायको उपस्थिति दर्जा अनुसार वा तहगत के कति रहेका छन् सोको विवरण उपलब्ध गराई दिई सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

**धन्यवाद !**

सबिता डंगोल
.............................
सबिता डंगोल
उपसचिव

सम्पर्क व्यक्ति
संजीव सिंह
सम्पर्क नं.९८४१२४५४०४
ईमेल : gurusanjivananda@gmail.com

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

Email: madheshicommission@gmail.com
Website: www.madheshicommission.gov.np
आयोगको हेल्पलाईन नं. ११४८

मनराशिसवा नगरपालिका
Manarashiswa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

प.स./Reference No.:२०७९/८०   मधेश प्रदेश नेपाल/ Province No.2,Nepal
च.नं./Dispatch No. : २९३४   मिति/ Date: २०८०।०२।०८

श्री संजिव सिंह
अनामनगर २९ , काठमाण्डौं।

विषयः विवरण उपलब्ध गराईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तपाईले मिति २०८०।०१।२९ गते माँग गर्नु भएको सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

श्यामदेव महासेठ
नि. प्रमुख प्रशासकीय अधिकृत

मनराशिसवा नगर कार्यपालिका मा कार्यरत स्थायी कर्मचारीहरु

| क.सं. | नामथर | पद | कार्यरत शाखा |
|---|---|---|---|
| १ | माधवेन्द्र चौधरी | प्रमुख प्रशासकीय अधिकृत | मनराशिसवा न.पा.कार्यपालिका |
| २ | श्यामदेव महासेठ | अ.छैठौं | प्रशासन एवं योजना शाखा प्रमुख |
| ३ | राकेश कुमार पाण्डेय | ई.छैठौं | प्राविधिक |
| ४ | पुनम कर्ण | सा.पाचौं | राष्ट्रिय परिचयपत्र |
| ५ | दुर्गेश कुमार झा | सा.पाचौं | शिक्षा |
| ६ | रन्जित रौनियार | सव.ई | प्रविधिक |
| ७ | सुनिल मण्डल | सव.ई. | प्रविधिक |
| ८ | जय शंकर मण्डल | प्रा.स. | जिन्सी |
| ९ | गोमा काफ्ले | सा.चौथों | स.म.वि.नि. |
| १० | श्रीप्रसाद यादव | सा.चौथो | लेखा |
| ११ | अम्बरिश कुमार मण्डल | अ.स.ई | प्रविधिक |
| १२ | सरोज कुमार चौधरी | अ.स.ई | प्रविधिक |
| १३ | रमेश कुमार साह | अ.स.ई. | प्रविधिक |
| १४ | ईन्द्र बहादुर तोलाङ्गि | अमिन | |
| १५ | अनिल कुमार सिंह | सि.अ.हे.ब.(अ.) | स्वास्थ्य |
| १६ | रामहित साह | सा.चौथों | न्यायीक |
| १७ | राम चन्द्र राय | जनस्वास्थ्य अ. | स्वास्थ्य |
| १८ | राम प्रताप मण्डल | अ.छैठौं | स्वास्थ्य |
| १९ | श्यामनन्दन सिंह | शिक्षा संयोजक | शिक्षा शाखा |

मधेसी समुदायको स्थायी, करार पदमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.स. | नाम थर | क्षेत्र | तह/पद | स्थायी/करार/राहत |
|---|---|---|---|---|
| १ | बिपिन शाह | शिक्षा/गणित | नि.मा.बी. तृतीय | स्थायी |
| २ | दिनेश कुमार यादब | शिक्षा/अंग्रेजी | मा.बी. तृतीय | राहत |
| ३ | एमामुदिन अन्सारी | शिक्षा/बिज्ञान | नि.मा.बी. तृतीय | राहत |
| ४ | सन्तोष कुमार शाह | शिक्षा/गणित | मा.बी. तृतीय | राहत |
| ५ | दिनेश कुमार शाह | शिक्षा/अंग्रेजी | मा.बी. तृतीय | राहत |
| | | | | |
| ६ | जागिर राय | स्वास्थ्य | स्वास्थ्य संयोजक, छैठौं | स्थायी |
| ७ | सरोज कुमार महतो सुडी | पशु सेवा | प्र. स्वा.प्रा. पाचौं | स्थायी |
| | | | | |
| ८ | आदर्श यादब | स्वास्थ्य | मेडिकल अधिकृत | करार |
| ९ | शैलेश यादब | स्वास्थ्य | मेडिकल अधिकृत | करार |
| १० | पुरण शाह | स्वास्थ्य | हेअ, पाचौं | स्थायी |
| ११ | सुधिर कुमार यादब | स्वास्थ्य | हेअ, पाचौं | स्थायी |
| १२ | नितु शहनी | स्वास्थ्य | हेअ, पाचौं | स्थायी |
| १३ | कुलदिप यादब | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १४ | राहुल कुमार यादब | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १५ | बलराम महतो | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १६ | कमोद कुमार शाह | स्वास्थ्य | अहेब, चौथो | स्थायी |
| १७ | अमिर कुमार मण्डल | स्वास्थ्य | अहेब, चौथो | स्थायी |

होम बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

साञ्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी-०६, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या - २०७९/०८०   चलानी नः -   मितिः - २०८०/ ०२ /०५

विषयः- सुचना उपलब्ध गराईएको बारे ।

श्री संजिव सिंह ज्यु
अनामनगर-२९, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८०/०१/२९ गते को प्राप्त पत्रानुसार मधेशी आयोगलाई सुझाव दिने प्रतिवेदन बनाउने लगायत अध्ययन कार्यको प्रायोजनका लागि आवश्यक सुचना उपलब्ध गराई पाउँ भनि दिनुभएको निवेदन अनुसार यथार्थ विवरण तपसिल बमोजिम उपलब्ध गराईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल

| क्र.सं | नाम,थर | पद | दर्जा | नियुक्तिको प्रकार | कार्यारत कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| १ | श्री दिपेश महतो | कम्प्युटर अपरेटर | पाँचौ तह | स्थायी | साञ्नी त्रिवेणी गाउँपालिका | |
| २ | श्री दिपेन्द्र प्रसाद कानु | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ३ | श्री सुनिल कुमार मंडल | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ४ | श्री राम पुकार महतो | शिक्षक | मा.वि | स्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ५ | श्री संजिव कुमार यादव | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ६ | श्री मानसिहं बडाल | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ७ | श्री विजय कुमार ठाकुर | शिक्षक | नि.मा.वि | स्थायी | श्री शंकर मा.वि,सैरिज्युला | |
| ८ | श्री दिनेश यादव | शिक्षक | मा.वि | करार | श्री जनज्योति मा.वि, तिकुवा | |
| ९ | श्री डा. रोशन कुमार राय यादव | मेडिकल अधिकृत | आठौं | करार | आधारभुत अस्पताल, मेहलमुडी | |
| १० | श्री निराजन अधिकारी | सव-ईन्जिनियर | चौथो | स्थायी | साञ्नी त्रिवेणि गा.पा, वडा नं ०९ | |

प्रमुख प्रशासकीय अधिकृत

Email: ito.strm@gmail.com
Website: www.sannitrivenimun.gov.np
सम्पर्क नः अध्यक्षः-९८६१९३२९६०,प्रमुख प्रशासकीय अधिकृतः- ९८५८३२०१३६,सूचना अधिकारीः-९८४८३७७०७७,
"व्यावसायिक र सिर्जनशील प्रशासन विकास ,समृद्धि र सुशासन"

साान्नी त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी-०६, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

पत्र संख्या - २०७९/०८० चलानी नं - मितिः - २०८०/ ०२ /०५

**विषयः- सुचना उपलब्ध गराईएको बारे ।**

श्री संजिव सिंह ज्यु
अनामनगर-२९, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८०/०१/२९ गते को प्राप्त पत्रानुसार मधेशी आयोगलाई सुझाव दिने प्रतिवेदन बनाउने लगायत अध्ययन कार्यको प्रायोजनका लागि आवश्यक सुचना उपलब्ध गराई पाउँ भनि दिनुभएको निवेदन अनुसार यथार्थ विवरण तपसिल बमोजिम उपलब्ध गराईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल

| क्र.सं | नाम,थर | पद | दर्जा | नियुक्तिको प्रकार | कार्यारत कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| १ | श्री दिपेश महतो | कम्प्युटर अपरेटर | पाँचौ तह | स्थायी | सान्नी त्रिवेणी गाउँपालिका | |
| २ | श्री दिपेन्द्र प्रसाद कानु | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ३ | श्री सुनिल कुमार मंडल | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ४ | श्री राम पुकार महतो | शिक्षक | मा.वि | स्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ५ | श्री संजिव कुमार यादव | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ६ | श्री मानसिहं बडाल | शिक्षक | उ.मा.वि | अस्थायी | श्री पञ्चदेवल मा.वि, मेहलमुडी | |
| ७ | श्री विजय कुमार ठाकुर | शिक्षक | नि.मा.वि | स्थायी | श्री शंकर मा.वि,सैरिज्युला | |
| ८ | श्री दिनेश यादव | शिक्षक | मा.वि | करार | श्री जनज्योति मा.वि, तिकुवा | |
| ९ | श्री डा. रोशन कुमार राय यादव | मेडिकल अधिकृत | आठौं | करार | आधारभुत अस्पताल, मेहलमुडी | |
| १० | श्री निराजन अधिकारी | सव-ईन्जिनियर | चौथो | स्थायी | सान्नी त्रिवेणि गा.पा, वडा नं ०१ | |

प्रमुख प्रशासकीय अधिकृत

Website: www.sannitrivenimun.gov.np Email: ito.strm@gmail.com
सम्पर्क नः अध्यक्षः-९८६१९३२९६०,प्रमुख प्रशासकीय अधिकृतः- ९८५८३२०१३६,सूचना अधिकारीः-९८४८३७७०७७,
"व्यावसायिक र सिर्जनशील प्रशासन विकास ,समृद्धि र सुशासन"

"प्रयोगमैत्री संरचना शिक्षा, पर्यटन र कृषि, समतामूलक विकास इन्द्रसरोवरको समृद्धि"
इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल ।

प.स. ०७९/०८०
च.नं. १३४२

मितिः२०८०/०२/०८

श्री संजिव सिंह,
अनामनगर २९, काठमाण्डौं।

विषयः सूचना उपलब्ध गराइएको सम्वन्धमा।

प्रस्तुत विषयमा मिति २०८०/०१/२९ गते माग गर्नुभएको सूचनाको विवरण तपसिल बमोजिम पठाइएको व्यहोरा जानकारी गराइ।

१. यस इन्द्रसरोवर गाउँपालिकामा स्थायी, करार, लगायत शिक्षक पदमा रहेका मधेशी समुदायको उपस्थिति दर्जा अनुसार तहगत रुपमा तपसिल बमोजिम रहेको छ।

तपसिलः

| सि.नं. | नाम | पद | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | सत्यनारायण यादव | अ.हे.ब | श्री मार्खु स्वास्थ्य चौकी | |
| २ | मनिषा कुमारी यादव | अ.हे.व | श्री फाखेल स्वास्थ्य चौकी | |
| ३ | आशाराम चौधरी | प्रा.वि शिक्षक | श्री भैरव आधारभूत मा.वि | |
| ४ | मनोज गुरौ | मा.वि शिक्षक | श्री सरस्वती बालबोधनी मा.वि | |
| ५ | परमेश्वर शाह | मा.वि शिक्षक | श्री वत्सलादेवी मा.वि | |
| ६ | नुनलाल चौधरी | मा.वि शिक्षक | श्री सरस्वती बालबोधनी मा.वि | |

२. यस गाउँपालिका भित्रका विद्यालय व्यवस्थापन समितिमा मधेशी समूदायको उपस्थिति छैन।
३. यस गाउँपालिका भित्र कुनै पनि संस्थागत विद्यालय सञ्चालनमा रहेको छैन।

दीपक चापागाईं
सूचना अधिकारी
दिपक चापागाईं
सूचना अधिकारी

Website: indrasarowarmun.gov.np Email: indrasarowarmun@gmail.com

फोन नं : ०७६-५६०२०१
कपिलवस्तु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प.सं. :२०७९ / ०८० प्र.शा.
च.नं. : ९०६
मितिः-२०८०/०२/०२

श्री मधेशी आयोग ,
ज्वागल, ललितपुर ।

विषयः- विवरण पठाइएको सम्वन्धमा ।

ताँहा कार्यालयको मिति २०७९/१०/१८ च.नं.१०३ पत्रानुसार यस कार्यालयमा रहेका मधेशी समुदायको उपस्थिति दर्जा अनुसार वा तहगत विवरण तपसिल बमोजिम रहेको व्यहोरा सादर अनुरोध छ ।

| क्र.स | दर्जा/तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अधिकृत आठौं | १ (एक) | स्थायी |
| २ | अधिकृत छैठौं | ४ (चार) | स्थायी |
| ३ | अधिकृत छैठौं | ६ (छ) | अस्थायी |
| ४ | सहायक पाँचौ | ४ (चार) | स्थायी |
| ५ | सहायक पाँचौ | ६ (छ) | अस्थायी |
| ६ | सहायक चौथो | ६ (छ) | स्थायी |
| ७ | सहायक चौथो | २१ (एक्काइस) | अस्थायी |
| ८ | श्रेणी विहिन | १२ (बाह्र) | स्थायी |
| ९ | श्रेणी विहिन | २८ (अठ्ठाइस) | अस्थायी |

गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

खैरहनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन
बागमती प्रदेश, नेपाल
फोन ०५६-५८२८८५, ०५६-५८२००६

प.सं. : ०७९/८०
च.नं. : १२६२४
मिति : २०८०/०२/०१

श्री मधेशी आयोग
ज्वागल, ललितपुर ।

विषय : विवरण उपलब्ध गराईएको वारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयको प.सं. २०७९/८० च.नं. १०३ मिति २०७९/१०/१८ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो । यस कार्यालयमा तपसिल बमोजिमका मधेशी समुदायको कर्मचारीहरु कार्यरत रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

तपसिल

| क्र.सं | नाम,थर | तह | पद | कैफियत |
|---|---|---|---|---|
| १ | मुकेश यादव | सहायक पाँचौ | पशु स्वास्थ्य प्राविधिक | |
| २ | राकेश साह | सहायक पाँचौ | मत्स्य प्राविधिक | |

पुरूषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत
पुरूषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -६

# आयोगका वैठकहरु

२०७९ श्रावण देखि २०८० असार मसान्त सम्मका बैठकहरु

**सम्बत् २०७९ साल श्रावण १ गते बसेको आयोगको वैठकका निर्णयहरु**

**निर्णय:**

१. आयोगको चौथो वार्षिक प्रतिवेदन तयारी मूल समिति देहाय बमोजिम गठन गर्नेः

माननीय डा. विजय कुमार दत्त - अध्यक्ष

माननीय सदस्य श्री जीवछ साह - सदस्य

माननीय सदस्य श्री रेणु देवी साह - सदस्य

माननीय सदस्य श्री विजय कुमार गुप्ता - सदस्य

माननीय सदस्य श्री आभा कुमारी - सदस्य

सचिव श्री अन्जनकुमार मिश्र - सदस्य

उपसचिव श्री भुवन बहादुर कार्की (मस्यौदा तयारी उपसमितिका संयोजक)- सदस्य सचिव

२. मूल समितिले आवश्यकता अनुसार विज्ञ/सल्लाहकारहरुलाई वैठकमा आमन्त्रण गर्न सक्ने छ । आमन्त्रण गर्दा विषयगत क्षेत्र हेर्ने पदाधिकारीको सल्लाह अनुसार गरिने छ ।

३. चौथो वार्षिक प्रतिवेदन तयार गर्न देहाय बमोजिमको मस्यौदा तयारी उपसमिति गठन गर्नेः

| | | | |
|---|---|---|---|
| उपसचिव | - | श्री भुवन बहादुर कार्की | : संयोजक |
| उपसचिव | - | श्री सविता डंगोल | : सदस्य |
| शाखा अधिकृत | - | श्री रमेश कुमार दास | : सदस्य |
| शाखा अधिकृत | - | श्री विन्दु देवी शर्मा | : सदस्य |

| | | | |
|---|---|---|---|
| शाखा अधिकृत | - | श्री लोकेन्द्र ज्ञवाली | : सदस्य |
| नायब सुब्बा | - | श्री मदन नारायण मल्लिक | : सदस्य |
| नायब सुब्बा | - | श्री सुन्दर प्रसाद निरौला | : सदस्य |
| लेखापाल | - | श्री गोपाल प्रसाद घिमिरे | : सदस्य |
| कम्प्युटर अपरेटर | - | श्री अमित कुमार साह | : सदस्य |

४. वार्षिक प्रतिवेदन तयार गर्दा प्रदेशगत र विषयगत विवरण समावेश गर्ने र सो का लागि माननीय अध्यक्ष एवं माननीय सदस्यहरुको सचिवालयले २०७९ श्रावण १५ गते भित्र आ-आफ्नो विषयगत एवं प्रदेशगत विवरण मस्यौदा तयारी उपसमितिलाई अनिवार्य रुपमा सफ्टकपी र हार्डकपी उपलब्ध गराउने ।

५. २०७९ साल श्रावण महिना भित्र चौथो वार्षिक प्रतिवेदनको मस्यौदा तयार गर्ने ।

६. २०७९ साल भाद्र मसान्त भित्र वार्षिक प्रतिवेदन तयार गरी छपाई गरी सक्ने र प्रतिवेदन पेश गर्न सम्माननीय राष्ट्रपतिज्यू समक्ष पत्राचार गरी २०७९ असोज ७ गते भित्र समय माग गर्ने ।

७. गत आर्थिक वर्षको प्रगति समीक्षा गरियो ।

## सम्बत् २०७९ साल श्रावण ३१ गते बसेको आयोगको वैठकका निर्णयहरु

### निर्णय:

वार्षिक कार्यक्रमको खर्च शिर्षक नं. २२५१२(२.७.७.१) र (२.७.७.२) अन्तर्गतका विनियोजित रकमका सम्बन्धमा क्रियाकलाप/कार्यक्रमको खाका तयार गरी अर्को वैठकमा पेश गर्न यस आयोगका शा.अ. रमेश कुमार दासलाई जिम्मेवारी दिने निर्णय गरियो ।

महिला तथा सामाजिक समितिबाट प्राप्त मिति २०७९।०४।१६ को निर्णय कार्यान्वयन सम्बन्धको पत्र यस आयोगको वैठक समक्ष पेश गरियो ।

विशेषज्ञ/विज्ञ सेवाका लागि वजेट माग गर्ने सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो ।

मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित सङ्घीय कानून

बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

## क. सोही ऐनको दफा ७ ले निम्नबमोजिम व्यवस्था गरेको छः

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी ततसम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने

(ग) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ ।

उपर्युक्त कार्यहरू सम्पादन गर्नका लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने देखिएकोले कानुनी विशेषज्ञको आवश्यकता पर्ने भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको सुरू तलब पारिश्रमिक पाउने गरी एक जना कानून विज्ञ व्यवस्था गर्न र सो का लागि यस आयोगमा बजेट विनियोजन नभएकोले थप बजेट निकासाका लागि समेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।

## ख. सोही ऐनको दफा ७ ले निम्नबमोजिम व्यवस्था गरेको छ ।

(क) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने

(ग) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था रहेको छ ।

उपर्युक्त कार्यहरू सम्पादन गर्नका लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीले पाउने सुरु तलब बराबर पारिश्रमिक पाउने गरी एकजना सामाजिक तथा सांस्कृतिक विज्ञको व्यवस्था गर्न आवश्यक रहेकोले एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र सो का लागि यस आयोगमा बजेट विनियोजन नभएकोले थप बजेट निकासाका लागि समेत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।

## सम्बत् २०७९ साल असोज ४ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: यस आयोगको आ.व. २०७८।७९ मा सम्पादन गरेका कामसँग सम्बन्धित तेस्रो वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिई आवश्यक प्रति छपाईको निमित्त प्रेसमा पठाउने निर्णय गरियो ।

निर्णय २: यस आयोगको आ.ब. २०७९।८० को वार्षिक कार्यक्रमको समबन्धमा आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय: ३

(क) निहारिका राजपुत र विनु यादवको उजुरी सम्बन्धमा आयोगको क्षेत्राधिकार भित्र रही कार्य गर्ने ।

(ख) राष्ट्रिय महिला आयोग भारतबाट आमन्त्रण आएमा आयोगको बैठक बसी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयबाट स्वीकृति लिने ।

(ग) २०७९ साल मंसिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पछि अनुगमन गरी आयोगमा प्रतिवेदन पेश गर्ने ।

(घ) मधेशी समुदायको राज्यमा पहुँचको अध्ययन सम्बन्धमा छलफल गर्दा वार्षिक कार्यक्रममा तोकिएको रकमबाट अध्ययन, अनुसन्धान गर्ने ।

## सम्बत् २०७९ साल मंसिर २० गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: चालु आ.ब. २०७९।८० मा विनियोजन भएको बजेट मध्ये निम्न बमोजिमको बार्षिक कार्यक्रमको लागि रकम बाँडफाँड गरी २०७९ फागुन मसान्त भित्र समापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | कार्यक्रम हुने सम्भावित स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | रु ४,००,०००/- | प्रदेश नं. १ मा एक वटा कार्यक्रम, मधेश प्रदेशमा दुई वटा कार्यक्रम, लुम्विनी प्रदेशमा एक वटा कार्यक्रम, सुदुरपश्चिम प्रदेशमा एक वटा कार्यक्रम गरी जम्मा पाँचवटा कार्यक्रम | जम्मा रु ७,००,०००/- |
| २ | मधेशी समुदायको सशक्तिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम | रु ३,००,०००/- | | |

निर्णय २(क) २०७९ मंसिरमा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन अनुगमनको प्रतिवेदन माननीय अध्यक्ष डा. विजय कुमार दत्त साथै माननीय सदस्य श्री रेणु देवी साहबाट प्राप्त भएको र प्रतिवेदनको बारेमा आयोगको अर्को वैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय २(ख) मधेशी आयोगको थर सूचिकरण प्रतिवेदन २०७८ अनुसार थारु र मुस्लिम छुट्टै समुह बनाई उपसमुह १ र २ मा राखिएको थियो तर मधेशी आयोगको अध्ययन प्रतिवेदन माथी थारु आयोग र मुस्लिम आयोगबाट विमति सहित कागजहरु सामाजिक संजाल लगायत विभिन्न माध्यमबाट प्राप्त हुन आएकोले आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । तसर्थ थारु र मुसलिम समुदायलाई मधेशी समुदायबाट हटाइएको छ । सो को कार्यार्थ पत्राचार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, सवै प्रदेश सरकारहरु, सवै जिल्ला

प्रशासन कार्यालय र सवै स्थानीय तहलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय २(ग) मधेशी आयोगको आ.ब. २०७९।८० को लागि घरभाडा शिर्षकमा विनियोजित रकमको अवस्था र आयोगको आवश्यकतालाई ध्यान दिई घरभाडामा लिने र नपुग रकम अर्थ मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

## सम्बत् २०७९ साल चैत्र ९ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: मधेशी समुदायको सरकारी सेवामा पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन सम्बन्धमा छलफल गर्दा मधेशी समुदायको सरकारी सेवामा पहुँच सम्बन्धी अध्ययन प्रतिवेदन शिघ्र कार्य सम्पादनका लागि जानकारी गराउने ।

निर्णय २: रोक्का रहेको रकमको फुकुवाको लागि अर्थ मन्त्रालयमा पत्राचार गर्ने ।

निर्णय ३: यस आयोगको वार्षिकोत्सव प्रत्येक वर्षको चैत्र ७ गते मनाउने।

निर्णय ४: आर्थिक पक्ष सम्बन्धमा आयोगलाई आवश्यक पर्ने रकम अर्थ मन्त्रालयमा निकासाको लागि लेखी पठाउने ।

निर्णय ४(क) मधेशी आयोगले तयार पारेको मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८ मा नागवंशी/ताम्बोली जातलाई समावेश गर्ने । यस भित्रका थरहरु : नागवंशी, भगत, नाग, नागम, बनौधिया, ताम्बोली, राउत, चौरसिया राख्ने ।

निर्णय ४(ख) नेपाल गोंड समाज उत्थान समिति विरगंज पर्साले मिति २०७९।१०।११ गते यस आयोगमा दिएको निवेदनको आधारमा मधेशी आयोगले तयार पारेको मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८ को पेज १५ को सि.नं. ४२ मा गोंड जातलाई गोढ/गोडं बनाइ सच्याउने। यस भित्रका थरहरु सा, साह, शाह, प्रसाद, कुमार, गोढ, गोंड, गोढीन, गोठ, गुप्ता राख्ने ।

## सम्बत् २०७९ साल चैत्र ३० गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णयः मधेशी आयोगको पञ्चवर्षिय रणनीतिक योजना (२०७७/७८-२०८२/८३) मध्ये देहाय बमोजिमका अत्यावश्यक ६ वटा नीति, कार्यक्रम तथा अपेक्षित परिणामहरु प्राप्त हुने गरी माग गर्ने निर्णय गरियो ।

क) विस्तृत अध्ययन अनुसन्धान गरी प्राथमिक तथ्याङ्कको आधारमा मधेशी समुदायको थर सुचिकरण गर्नका निम्ति रु १ (एक) करोड बजेट माग गर्ने ।

ख) मधेश प्रोफाइलको प्राथमिक तथ्याङ्कको आधारमा अध्यावधिक गर्नको लागि रु १ (एक) करोड बजेट माग गर्ने ।

ग) परम्परागत जात तथा पेशागत सीप संरक्षण, सम्बर्द्धन तथा सशक्तिकरण गर्न अध्ययन अनुसन्धान गर्न लागि रु १(एक) करोड बजेट माग गर्ने ।(अध्ययन कार्यका लागि रु ५० लाख र अनुसन्धानको लागि रु ५० लाख)

घ) मधेशी समुदायको भाषा, कला, सस्कृति र लिपी संरक्षण सम्बर्द्धन तथा सशक्तिकरण गर्न अध्ययन अनुसन्धानको लागि रु १(एक) करोड बजेट माग गर्ने । (भाषाका लागि रु २५ लाख, कलाको लागि रु २५ लाख, सस्कृतिको लागि रु २५ लाख र लिपीको लागि रु २५ लाख)

ङ) मधेशी समुदायमा रहेको बोक्सी, झाक्री र छुवाछुतसहितका अन्धविश्वास सम्बन्धी अध्ययन अनुसन्धान गर्नका लागि रु १(एक) करोड बजेट माग गर्ने ।

च) कृषिको व्यवसायिकरण, बजारीकरण र विविधिकरण सम्बन्धी अध्ययन अनुसन्धान र कार्यक्रम गर्न रु १ करोड ।

## सम्बत् २०८० साल बैशाख ८ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: राष्ट्रिय समावेशी आयोगको प.सं. २०७९-८०, च.नं. २२८, मिति २०७९।१२।२३ को पत्रानुसार संविधानको प्रस्तावना र मौलिक अधिकारसहितका धाराहरुको आधारमा पत्राचार गर्ने ।

निर्णय २: राष्ट्रिय सरोकार तथा समन्वय समितिको प.सं. २०७९-८०, च.नं. ९७, मिति २०७९।११।०८ को पत्रलाई मध्यनगर गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मौखिक जिज्ञासाको जवाफ प्रेषित गर्ने ।

निर्णय ३: नेपाल सरकारका आधिकारिक प्रज्ञा प्रतिष्ठानहरु नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल नाट्य तथा संगित प्रज्ञा प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग छुट्टाछुट्टै बैठक गरी प्रदत्त विद्वतवृत्तिलाई समावेशीकरण गर्न अग्रसारित गर्ने ।

निर्णय ४(क) संयुक्त राष्ट्रसंघद्वारा घोषित आदिवासी जनजाति मातृभाषा दशकलाई मधेशी जनजातिहरुको मातृभाषालाई समावेश गर्न भाषा आयोगद्वारा सिफारिस गरिएका भाषाहरुको आधारमा नेपाल सरकारलाई सिफारिस गर्ने साथै मधेशी समुदायको मातृभाषा वर्ष घोषणा गर्ने, यसका लागि भाषा आयोगसँग मधेशी आयोगको ऐनको दफा ७(ज) अनुसार गहन तथा सघन सहकार्य गर्ने ।

निर्णय ४(ख)मधेशी आयोगको कार्यलाई अझै प्रभावकारी बनाउनको लागि विभिन्न कलष्टरका विज्ञ/सल्लाहकारको हाललाई अवैतनिक व्यवस्था गर्ने, जसमा कानुन व्यवसायी, संचारकर्मी, व्यक्ती/संस्था/जनसंख्याविद/अर्थविद /समाजशास्त्री/मानवशास्त्री सहितका आवश्यक समुहलाई सूचिकृत गर्ने ।

## सम्बत् २०८० साल बैशाख २४ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णयः बैठकमा उपस्थित आयोगका माननीय सदस्यहरु तथा आमन्त्रित विज्ञहरुबाट प्राप्त सुझावहरुको आधारमा नेपाला CEDAW कार्यान्वयनको सम्बन्धमा माग गरिएका राय सुझाव उपलब्ध गराउने निर्णय गरियो ।

## सम्बत् २०८० साल जेठ ९ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १ः विज्ञहरुबाट प्राप्त सुझाव तथा जानकारीहरुलाई एकिकृत गरी आयोगका माननीय पदाधिकारीहरुसँग विमर्श गरी सूचना तथा प्रशारण विभागमा पत्राचार गर्ने । साथै सूचना तथा संचार विभागले प्रकाशन गर्ने नेपाल परिचय दशौ संस्करणका लागि पृष्ठपोषणका लागि यस आयोगमा सम्प्रेषण भएकोमा धन्यवाद ज्ञापन गर्दै प्रेषित गर्ने सुझावहरुलाई समावेश गर्न अपेक्षा गर्दछ ।

निर्णय २ः मधेशी समुदायको निजामती सेवामा उपस्थित प्रभाव तथा आरक्षण/समानुपातिक समावेशीताको औचित्य सम्बन्धी अध्ययन प्रतिवेदन सम्बन्धमा विषयविज्ञहरुसँग यथासिघ्र फलदायी विमर्श गरी पृष्ठपोषणसहितको पचात्रार गर्ने ।

निर्णय ३(क) : विदेह सभ्यता विषयक गोष्ठी गर्नका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

निर्णय ३(ख) मधेशी समुदायको राज्यमा पहुँचसम्बन्धी अध्ययन प्रतिवेदन मिति २०८०।२।१२ गते शुक्रवार आयोगको वैठकमा छलफल गर्ने ।

## सम्बत् २०८० साल जेठ १२ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णयः**

राज्यको मूल प्रवाहमा मधेशी समुदायको पहुँच अध्ययन प्रारम्भिक प्रतिवेदनको सन्दर्भमा विज्ञहरुसँग प्राप्त विमर्शहरुलाई मिति २०८०।०२।२२ गते पुनः बसेर छलफल गर्ने निर्णय गरियो ।

## सम्बत् २०८० साल जेठ २२ गते बसेको आयोगको वैठकका निर्णयहरु

**निर्णयः**

प्रस्ताव नं १ र २ माथि छलफल गर्दा निम्नानुसारको निर्णय गरियो ।

यस बैठकले उद्योगहरुलाई प्रभावकारी रुपमा जिम्मेवार बनाउन उद्योग मन्त्रालयलाई पत्राचार गर्ने, स्थानीय तहलाई अझ जिम्मेवार बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकारहरुलाई कार्यान्वयनमुखी बनाउन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, वन क्षेत्रको वैज्ञानिक सिमांकन गर्नको लागि वन तथा वातावरण मन्त्रालय, सम्बन्धित ऐन कानुन कार्यान्वयन भए नभएको सम्बन्धमा गृह मन्त्रालयलाई पत्राचार गर्ने,

वास्तविक सुकुम्बासी समस्या समाधान गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय भूमि आयोगलाई पत्राचार गर्ने तथा प्रदुषण नियन्त्रण बोर्ड गठन गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पत्राचार गर्ने ।

चुरे क्षेत्रको दीर्घकालिन समस्या समाधन गर्नको लागि पानी पुनःभरण (Water Recharge) कार्यको लागि चुरे क्षेत्रको पिंढबाट पूर्व पश्चिम नहर निर्माण गर्नु पर्ने त्यसको लागि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पत्राचार गर्ने ।

## सम्बत् २०८० साल जेठ २४ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १ः संविधानको मुल मर्म र भावनालाई आत्मसात गरी समानुपातिक समावेशीताको आधारमा राज्यको मूलप्रवाहमा मधेशी समुदायको उपस्थिति गराउनुपर्ने विषयमा भएको अध्ययन प्रतिवेदन स्वीकार गरी सो प्रतिवेदनको भुक्तानीका लागि आर्थिक प्रशासनलाई अनुरोध गर्ने । साथै स्रोत सुनिश्चितता गरी प्रकाशन गर्ने र मधेशी आयोगको वेवसाइटमा राख्ने।

निर्णय २:

(क) संविधानप्रदत्त आरक्षण सम्बन्धी सिफारिस गर्न सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

(ख) संविधानको मुल मर्म अनुसार "मधेश दिवस" निर्णयको लागि एउटा समिति बनाई प्राप्त सुझावको आधारमा सो दिवस वर्षेनी आयोजना गर्ने ।

(ग) राष्ट्रिय जनगणना २०७८ को प्रकाशन सम्बन्धमा सरोकारवाला संस्थाहरु तथा नागरिक समाजसँग छलफल गरी पत्राचार गर्ने ।

## सम्बत् २०८० साल असार ४ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: संघीय संसद प्रतिनिधिसभा महिला तथा सामाजिक मामिला समितिबाट प्राप्त पत्रलाई ध्यानमा राखी आयोगले सो समितिमा निकट भविष्यमा हुन प्रस्तुतीकरण तयार गर्ने ।

निर्णय २: मिति २०८० असार १ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयबाट माग भए बमोजिमको विवरण उपलब्ध गराउने ।

## सम्बत् २०८० साल असार १० गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: विज्ञहरुबाट मधेश दिवस मनाउने सम्बन्धी विभिन्न सुझावहरु प्राप्त भयो ।जुन निम्नानुसार रहेका छन् ।

सुगौली सन्धी : सन १८१६ मार्च ४

मधेश प्रदेश स्थापना भएको मिति नेपाल सदभावना परिषदको मितिः

Passport हटाइएको दिन :

१७७०-८० मा मधेशी शब्द प्रयोग भएको अन्तरिम संविधान जारी भएको मिति

काठमाडौ आउदा पासपोर्ट हटाइएको दिनः

२०६२।६३ आन्दोलन भएको दिन : २०६२ चैत्र २४

सीताको जन्म दिनः

गौतम बुद्धको जन्म : इ.पु. ५६३

मधेशी आयोग ऐन जारी भएको मितिः

मधेश गोश्वारा १९७४

सर्बोच्चको परमादेश २०७१ फागुन २५ गते
सांस्कृतिक महत्वका दिन
विज्ञहरुद्वारा माथीका मितिहरु प्राप्त भएको र आउदो अर्को बैठकहरुमा छलफल गर्ने ।

निर्णय नं. २: आदिवासी जनजाति आयोग र राष्ट्रिय दलित आयोगद्वारा प्रकाशित जातीय सूची र आरक्षणको सम्बन्धमा प्राप्त सूची अनुसार नै मधेशी आयोगले कार्य गर्ने ।

## सम्बत् २०८० साल असार १० गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: आ.ब. २०७९।८० को स्विकृत वार्षिक कार्यक्रम मिति २०७९ माघ १७ गतेको अर्थ मन्त्रालयको च.नं. ४२१ को पत्रबाट सीप विकास तथा जनचेतना तथा कार्यक्रम खर्च पूर्ण रुपमा रोक्का भएको हुँदा उक्त बजेट २०८० असार महिनाको पहिलो हप्तामा मात्र वजेट फुकुवा भएकोले उक्त कार्यक्रमलाई निम्नानुसार विनियोजन गरी सम्पन्न गर्ने निर्णय गरियो ।

(क) नैतिकवान मधेश तथा नैतिक शिक्षा कार्यक्रमको लागी रु ४,००,०००/- (अक्षरेपी रु चार लाख मात्र) लाई

क) मधेस प्रदेशको सिराहा जिल्लाको भगवानपुर गाउँपालिका : रु. १,३३,३३३/-

ख) मधेस प्रदेशको सप्तरी जिल्लाको बलान विहुल गाउँपालिका : रु. १,३३,३३३/-

ग) गण्डकी प्रदेशको कास्की जिल्लाको पोखरा म.न.पा. : रु. १,३३,३३३/-

(ख) मधेशी समुदायको सशक्तकीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रमको लागी रु ३,००,०००/- (अक्षरेपी रु तीन लाख मात्र) मध्ये

क) कोशी प्रदेशको सुनसरी जिल्लाको बर्जु गाउँपालिकामा : रु १,५०,०००/-

ख) लुम्विनी प्रदेशको दाङ्ग जिल्लाको गढवा गाउँपालिकामा: रु १,५०,०००/-

## सम्बत् २०८० साल असार २७ गते बसेको आयोगको वैठकका निर्णयहरु

निर्णय १: आयोगको पाँचौ वार्षिक प्रतिवेदन तयार गर्न निम्न बमोजिमको समिति बनाउने निर्णय गरियो ।

श्री रुद्र प्रसाद लामिछाने : संयोजक

श्री सविता डंगोल : सदस्य

श्री रमेश कुमार दास : सदस्य

श्री विन्दु देवी शर्मा : सदस्य

श्री गोपाल प्रसाद घिमिरे : सदस्य

श्री अमित कुमार साह : सदस्य

श्री सुन्दर प्रसाद निरौला : सदस्य

श्री खगेन्द्र नेपाली : सदस्य

आ.ब. २०७९।८० को वार्षिक प्रतिवेदन (पाँचौ प्रतिवेदन) तयारी समितिले मिति २०८० श्रावणको अन्तिम सातामा आयोगको वैठकमा प्रस्तुत गर्ने र भाद्र महिनाको पहिलो सातामा नेपालको संविधान अनुसार सम्मानननीय राष्ट्रपतिज्यू समक्ष पत्राचार गर्ने ।

निर्णय २(क) आयोगको वार्षिक उत्सव माननीय अध्यक्षज्यूको पद वहाली गरेको पहिलो दिनलाई आधार मानेर प्रत्येक वर्ष चैत्र ७ गते मनाउने निर्णय गरेतापनि आ.ब. २०७९।८० को बजेट मिति २०७९ माघ १७ गतेको अर्थ मन्त्रालयको च.नं. ४२१ को पत्रबाट सीप विकास तथा जनचेतना तथा कार्यक्रम खर्च पूर्ण रुपमा रोक्का भएको र उक्त बजेट २०८० असार महिनाको पहिलो हप्तामा वजेट फुकुवा भएकोले यो आ.ब. को वार्षिक उत्सव कार्यक्रम मिति २०८० असार २९ गते विविध कार्यक्रम गरेर मनाउने निर्णय गरियो ।

निर्णय २(ख) आ.ब. २०७९।८० को स्विकृत वार्षिक कार्यक्रमहरु बारे समिक्षा गरियो ।

## अनुसूची -७

# आयोगका प्रेस विज्ञप्ती

**मिति : २०७९।०६।११**

**प्रेस विज्ञप्ती**

हिन्दुहरुको महान पर्व बडा दशै २०७९ को अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु तथा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु ।

**मिति : २०७९।०७।०१**

**प्रेस विज्ञप्ति**

आर्थिक बर्ष २०७८।७९ को चौथो वार्षिक प्रतिवेदनमा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य सिफारिस तथा कार्यहरुको विवरण

१. आयोगबाट गरिएको सिफारिसहरुः मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु पेश गरिएको थियो।

१.१ परिभाषा नं. १ "मधेश"के हो ? भनि जिज्ञासाको लागि तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठान द्वारा २०४४ सालमा प्रकाशित स्थाननाम -कोष २०४४ पुस्तकको पृष्ठ ११६ अनुसार " [ सं.मध्य +देश ] मध्य अर्थात् वीचको र देश अर्थात् भेक भन्ने अर्थमा तराई प्रदेशलाई "मधेश" भनिएको छ ।

चुरे र महाभारतको भित्री मधेश र चुरेदेखि दक्षिणको भागलाई खास "मधेश" भनिन्छ । प्राचीन ग्रन्थहरुमा "मध्यदेश" को उल्लेख पाइन्छ । कुरुपान्चाल राष्ट्र र कुरुक्षेत्र मण्डल मध्यदेशका मुख्य अंगहरु थिए । मध्यदेशको पश्चिमी र मध्य पहाडी प्रदेशको नाम सपादलक्ष्य थियो । यहाँका प्राचीन वासिन्दाहरु खस थिए । मिथिला, अवध, भोजपुर र मगध चाहि "मध्य देश" का भाषिक प्रान्तहरु थिए ।

## परिभाषा नं.२

## मत्स्यदेश (मोरङ)

## मत्स्य +देश ।

पूरातात्त्विक अवशेषहरुको आधारमा मोरङ नै महाभारतकालिन भएको अनुमान हुन्छ । झापा, मोरङका सांगुरी डांडा, सयसयसमेगढ, किसरी नदि, सतासीधाम्, विराटपोखर, किलागढ, लुकानी, किचकवध आदी ठाउँहरुको वारेमा लोकोक्ति रहेको छ ।

१.२ "मधेशी" को को हुन् ? भन्ने जिज्ञासाका लागि मधेशी आयोगको अध्ययन प्रतिवेदन २०७८ अनुसार १४९ वटा जात र (मुस्लिम-थारु) रहेका छन् । जसको २२०० भन्दा वढि थरहरु रहेका छन् ।

१.३ मधेशी आयोगले नेपाल सरकारसँग सम्पर्क राख्ने विद्यमान कानूनी व्यवस्थालाई संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्पर्क राख्ने व्यवस्था हुनुपर्ने । यसबाट आयोगको कार्य प्रभावकारी र फलदायी हुनेछ ।

१.४ संघीय संसद अन्तर्गत रहेका विभिन्न समितिहरूमा विभिन्न संवैधानिक निकायहरूको प्रतिवेदन माथि छलफल हुने गरेकोमा यस आयोगको प्रतिवेदन उपर छलफल हुने समितिमा प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समिति हुनुपर्ने । यसबाट प्रत्यक्ष रूपमा नीतिगत निर्णयमा सहभागी भई फलित कार्यको अनुभूति हुनेछ ।

१.५ आयोगको कार्य सम्पादन प्रभावकारी बनाउन आयोगमा विशिष्ट श्रेणीको सचिवको दरबन्दी कायम गरिनु पर्ने । यो भन्दा पूर्व प्रावधान गरिएको थियो तर ऐनमा संशोधन गरी हटाइएको छ ।

१.६ आयोगमा जनशक्ति पर्याप्त हुनुपर्ने तथा कानूनी सल्लाहकार, सामाजिक साँस्कृतिक सल्लाहकार, तथ्याङ्कविद सहितका थप दरवन्दी तथा रकम व्यवस्थापन हुनुपर्ने । आयोगलाई कानून बमोजिम परिभाषित गरिएका कार्यहरू विज्ञ/विशेषज्ञ रूपमा रही कार्य सम्पादन हुनमा सहजता हुनेछ ।

१.७ आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाउनुपर्ने जसबाट निर्देशित कार्य अविक्रमित रूपमा संचालन गर्नुपर्ने हुन्छ।

१.८ मधेशी आयोगको कार्य प्रभावकारी बनाउन प्रदेश तहमा कार्यालयहरू यथासिघ्र स्थापना गरी संचालन गर्न व्यवस्थापन हुनुपर्ने देखिन्छ।

१.९ मधेशी समुदाय सम्बन्धी कानून तर्जुमा गर्दा आयोगको सल्लाह अनिवार्य रूपमा लिने प्रावधान बनाउनुपर्ने । यसबाट समुदायमा अपेक्षित विश्वास बढ्ने र कार्य ठोस रूपमा हुनेछ ।

१.१० संवैधानिक आयोगहरुको छुट्टै संवैधानिक सेवा गठन गरी कर्मचारीको मनोवल उच्च बनाउनुपर्ने, यसबाट कर्मचारीहरूमा स्थिरता हुनेछ र समयमै मनोवैज्ञानिक तवरले कार्य सम्पादन हुनेछ ।

१.११ आयोगबाट गरिएका सिफारिसहरू यथासिघ्र र यथाशक्य लागू गर्ने वातावरण सिर्जना गर्नुपर्ने । यसबाट राज्यलाई लोककल्याणकारी बनाउन सहायक सिद्ध हुनेछ ।

१.१२ मधेशी समुदायसँग सम्बन्धित नीति कार्यक्रम तर्जुमा गर्दा आयोगसँग समन्वय गर्ने व्यवस्था हुनु पर्ने ।

१.१३ मधेशी आयोग विशेष र सम्वेदनशील आयोग रहेकाले यस आयोगलाई विशेष प्याकेजको व्यवस्था गरी परिभाषित कार्यहरू सुसम्पादन गर्न लगाउनुपर्ने हुन्छ।

१.१४ आयोगद्वारा तयार गरिएको २० वटा विभिन्न कार्य क्षेत्रको लागि क्रमशः बजेट विनियोजन गर्नुपर्ने । कार्यक्षेत्र पञ्चवर्षिय रणनीतिक कार्ययोजना विस्तृत उल्लेख गरिएका छन ।

१.१५ देखिएका विकासमा वास्तविकता र यथार्थताको लागि आयोगको भूमिका प्रभावकारी बनाउनुपर्ने । एउटै योजनामा तीनै तहमा रकम विनियोजित भएतापनि योजना अपुर्ण नै रहेको छ ।

१.१६ मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ऐनको प्रावधानलाई संशोधन गरी उजुरी माथि **“छानवीन तथा तहकिकात”** गर्ने गरी व्यवस्था गर्नुपर्ने हुन्छ।

१.१७ नेपाल-अंग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित "मधुवन गोठ" लाई

ऐतिहासिक स्थलको रूपमा अध्ययन, अनुसन्धान र विकास गर्न अत्यावश्यक देखिन्छ । यसबाट मधेशी समुदायको इतिहासप्रति अपनत्व बढ्ने छ ।

१.१८ राजा विराटको गृहनगर रहेको स्थललाई उचित रूपमा विकास गरी पर्यटकीय स्थल बनाउनुपर्ने ।

१.१९ विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा-३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा सूचीकृत गर्ने । साथै, अन्य स्थलहरुको पहिचान गरी सूचीकृत गर्नुपर्ने देखिन्छ ।

१.२० कपिलवस्तु जिल्लामा रहेका प्रसिद्ध तौलेश्वर मन्दिरलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने ।

१.२१ अति विपन्न र विपन्न वर्गको लागि गुणात्मक शिक्षा, आयमुलक सीपमा संलग्न गराई आर्थिक रूपमा स्वावलम्बी बनाउनुपर्ने ।

१.२२ नेपालको सवभन्दा जेठो विद्यालय श्री राजकीय संस्कृत पाठशाला महोत्तरी हाल मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी न.पा. स्थित श्री राजकीय संस्कृत माध्यमिक विद्यालय ३०४ वर्ष पूरानो रहेकोले यसलाई सोही अनुसार सूचीकृत गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पहल गर्नुपर्ने हुन्छ।

१.२३ सीमावर्ती स्थानीय तहका जनताले भोग्दै आएका समस्याहरू डुवान, अपराध र तस्करी जस्ता समस्यालाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

१.२४ धर्मान्तर र धर्मान्धताको नाममा भित्रिने रकमलाई तत्काल गृहमन्त्रालयले निगरानी राख्नुपर्ने हुन्छ।

१.२५ नेपाल परिचय तथा आधुनिक विषयहरू सवै शैक्षिक संस्थाहरूमा अनिवार्यरूपमा पठनपाठन गराउनु पर्ने ।

१.२६ सूचीकृत नभएका विभिन्न धर्मावलम्बीहरूको शिक्षण संस्थाहरूलाई अनिवार्य रूपमा सूचीकृत गरी राज्यको मूलधारमा ल्याउनुपर्ने ।

१.२७ मधेशको संस्कृति नै जल संस्कृति रहेकोले चुरे संरक्षण गरी पानीको स्रोत

बनाउनु/जोगाउनुपर्ने । यसको दोहनबाट सिर्जित कटान, डुवान र भरान सहितका समस्यालाई समाधान गर्नुपर्ने हुन्छ।

१.२८ अतिविपन्न, विपन्न र मध्यम वर्गलाई विशेष सामाजिक सुरक्षा भत्ता व्यवस्था गरी राज्यको मूलधारमा ल्याउनुपर्ने देखिन्छ ।

१.२९ स्थानीय तह, प्रादेशिक तह र संघीय तहमा आवश्यक समन्वय र सहकार्य गरी सहअस्तित्वको भावना जगाई मानव विकास र भौतिक विकासको वातावरण तयार गर्नुपर्ने ।

१.३० अनावश्यक देखिएका राजकीय संरचनाहरू खारेज हुनेगरी सफा सुग्घर संरचनाको विकास गर्नुपर्ने ।

१.३१ भाषा आयोगद्वारा सिफारिस प्राथमिकता अनुसारका भाषाहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठन अझै सुचारु नभएकोले सिफारिस अनुसार पठनपाठन संचालन गर्नुपर्ने ।

१.३२ पाठ्यक्रममा नै आठ कक्षा सम्म आधुनिक स्तरमा संस्कृत शिक्षा, नैतिक शिक्षा र योगशिक्षा हुनुपर्ने । यसबाट भाषा, नैतिकता तथा स्वास्थ्यलाई प्रभावकारी र फलदायी रूपमा जीवन पद्धतीमै उतार्न सहायक सिद्ध हुन्छ ।

१.३३ मधेशी समुदायका आस्थाका केन्द्र लोकतन्त्र र सनातन हिन्दु संस्कृति नै रहेको छ । यसलाई अक्षुण्य राख्न लोकतान्त्रिक संस्कृतिलाई वलियो पार्नुपर्छ । साथै सनातनी हिन्दु संस्कृति माथि अतिक्रमण र धर्मान्तरण सहितका कार्यलाई अविलम्ब रोक्नुपर्छ ।

१.३४ देश दर्शन अभियान सघन रूपमा संचालन गर्नुपर्छ । यसबाट विभिन्न भुगोलमा बसोवास गर्नेहरूलाई आफ्नै मुलुकको कला, संस्कृति, समाज, लोकज्ञानमा सहजता हुनेछ । मुलुकमा सामाजिक र सांस्कृतिक एकता झन् वलियो हुनेछ । यसबाट राष्ट्रिय एकता मजवुत हुनेछ ।

१.३५ मुलुकलाई आत्मनिर्भर बनाउन युवाशक्ति, महिलाशक्ति, अनुभवि ज्येष्ठ नागरिकका विचारशक्ति लगायतलाई उत्प्रेरित गर्ने विषय-विज्ञताका साथै सीपयुक्त प्रशिक्षण दिई सर्वाङ्गीण क्षेत्रमा स्वावलम्बी बनाउनु पर्छ । मधेशी युवालाई उत्प्रेरणा जगाई कुलत,

कुरीति, कुसंस्कारबाट जोगाउनुपर्छ ।

१.३६ हुलाकी राजमार्ग तराई-मधेशको जीवन रेखा हो । सो राजमार्गको निर्माण कार्यमा तिव्रता ल्याई पुर्वपश्चिमको राजमार्ग अविलम्ब संचालन गर्नुपर्छ । सिराहा र धनुषाको सीमामा रहेका कमला पुल उदघाटन नहुदै भत्किएको २ वर्ष वितिसक्दा पनि बन्न नसकेकोले सो पूलको पूर्ननिर्माण गरी हुलाकी राजमार्गको धनुषा सिराहा खण्ड संचालन गर्नुपर्छ । यसबाट यातायात सहज हुनुको साथै आर्थिक रूपमा समाज सशक्त हुनेछ ।

१.३७ विपन्न र अतिविपन्न वर्गको न्यायमा सहज पहुँचको लागि जिल्ला न्यायाधिवक्ता, प्रदेशका मुख्य न्यायाधिवक्ता र महान्यायधिवक्ताको पहुँचमा सहजीकरण गर्नुपर्ने देखिन्छ । गैर-सरकारी क्षेत्रका कानुन व्यवसायीहरूसँग समेत समन्वय र सहकार्य गरी लक्षित वर्गको पहुँच सहज हुनुपर्ने देखिन्छ ।

१.३८ सशक्तीकरण कार्यक्रमहरुमा "लोकसेवा आयोग" को परिक्षा प्रणाली आधुनिक र भूगोल तथा विविधतामैत्री हुनुपर्ने ।

१.३९ शिक्षण सिकाई अझ प्रभावकारी वनाउन कम्तीमा ५ कक्षा सम्म मातृभाषामा नै अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने देखिन्छ ।

१.४० शिक्षालाई सीपयुक्त वनाउन अनिवार्य रुपमा Learning with Earning को व्यवस्थापन व्यवहारमै उतार्नु पर्ने देखिन्छ ।

१.४१ लैङ्गिक अल्पसंख्यक, फरक क्षमता, अतिविपन्न, विपन्न वर्गहरुको वास्तविक पहिचान गरी सहि तथ्यांकको आधारमा सामाजिक सेवा सुविधा को व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१.४२ मधेश प्रदेशका आठवटै जिल्लाहरु लगायतमा आकाशे वर्षामा आश्रीत किसानहरुलाई तत्कालै "सुक्खा क्षेत्र" घोषणा गरी राहत दिनुपर्ने ।

१.४३ किसानहरुका दिर्घकालिन समस्या समाधानका लागि कोशी कमला, वलान, वाग्मती, नारायणी, राप्ती सहितका नदिहरुवाट नहरको उचित व्यवस्थापन गरी बाह्रै महिना सिचाइको व्यवस्था गर्नुपर्ने हुन्छ । साथै, भएका नहरहरुलाई सुव्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१.४४ मलको हाहाकारलाई दीर्घकालीन समस्या समाधान गर्नको लागि मल कारखाना नेपालमै खोल्नु पर्ने ।

१.४५ मधेशी जनतालाई आर्थिक विपन्नताका कारण सामाजिक संस्कार र अन्त्येष्टिमा समेत समस्या देखिएकोले तत्कालै सहुलियत ऋणको व्यवस्था स्थानीय तहको रोहवरमा हुनुपर्ने ।

१.४६ राज्यले वास्तविकताका आधारमा अतिविपन्न, विपन्न, भुमिहीनहरुको पहिचान गरी जमिन आधिपत्य स्थापित गर्नुपर्ने देखिन्छ ।

१.४७ चुरेको विनाशलाई रोक्न तत्कालै कदमहरू चाल्न सिफारिस गरिएको र सोको लागि वन तथा वातावरण मन्त्रालयले अवैध जंगल कटान, भौतिक सम्पदा निर्माणलाई रोक्नुपर्ने देखिन्छ साथै राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१.४८ किसानको आन्दोलनमा किसानहरू माथिको अत्याधिक बल प्रयोग भएकोले सो रोक्न सरोकारवालाहरूसंग छलफल गरि आन्दोलनलाई वार्ताको माध्यमबाट समाधान गर्न सिफारिस गरिएको ।

१.४९ भौतिक रुपमा सडक पुर्वाधारहरू उत्तर-दक्षिणको सडकहरू अत्याधिक कमजोर रहेकोले गुणात्मक सडक निर्माण गर्नका लागि सिफारिस गरिएको ।

१.५० शिक्षा र स्वास्थ्य सहितका क्षेत्रमा बढ्दै गएको अराजकताको न्यूनीकरणका लागि सरोकारवालाहरूसँग छलफल गरी अराजकता रोक्न सिफारिस गरिएको ।

१.५१ ज्येष्ठ नागरिकहरूलाई घरबाट सम्मान गर्ने भावनाको विकास गरी महिला, बालबालिका, युवाहरूको नैतिक विकासका लागि स्थानीयहरू तथा शिक्षण संस्थाहरूमा अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्न सिफारिस गरिएको ।

१.५२ तराई-मधेशमा रहेका पूरातात्त्विक महत्वका मठ-मन्दिरलाई उचित संरक्षण विकास गर्न सिफारिस गरिएको ।

१.५३ योग शिक्षा र चिकित्साको माध्यमबाट शारिरीक, मानशिक लगायतका समस्याहरु समाधान गर्न आधुनिक विधि र प्रविधिको प्रयोग गरी ग्रामिणस्तर सम्मका आधारमभुत

वर्गलाई लाभान्वित हुने गरी स्थानीय र प्रदेश सरकारहरुले प्रभावकारी रुपमा केन्द्र निर्माण वा विद्यालयमा अभियान सुरु गर्नु पर्ने हुन्छ । यसवाट नैतिकता, आध्यात्मिकता र आर्थिक रुपमा समेत युवाहरुलाई संयोजनको अवसर प्राप्त हुनेछ ।

१.५४ गाँस, बास र कपास सम्वन्धीः

क. अतिविपन्न, विपन्न दलित महिलाहरुको लागि सीपयुक्त क्षमताको पहिचानगरि सो आधारमा तहगत सरकारहरुले सहुलियतपूर्ण पूँजीको व्यवस्थापन उत्पादनमा फलदायी प्रोत्साहन गरि उत्पादित सामग्रीहरुको उचित वजार व्यवस्थापन गर्नुपर्ने ।

ख. कृषि पेशा गर्न चाहनेहरुलाई आधुनिकताका साथ सामुहिक खेतीमा प्रोत्साहन गर्नुपर्ने ।

ग. विभिन्न प्रकारका आधारभूत तालिमहरु जस्तै - मैनवत्ती, सावुन, भुजा/मुरही, चिउरा, दालमोट, भुजिया, मसाला, अगरवत्ती वनाउने, मोबाइल मर्मत, विजुलीको वाईरिङ्ग, फर्निचर, कपाल काट्ने, वाँस र काठका सामग्री निर्माण, जुत्ता-चप्पल सिलाउने, सिलाई -कटाई, व्युटिसियन फोटो/भिडियोको एडिटिङ्ग, घर निर्माण, डोरी/रस्सी वनाउने, फलामको कृषि औजार जस्ता स्थानीय वजारमै खपत र व्यवस्थापन हुने वजार तालिम दिई आय आर्जनवाट मूलधार ल्याउने गरी कार्य गर्नुपर्ने ।

घ. व्यवहारिक र आचरणमै आउने गरी महिला-पुरुषको ज्याला एउटै हुनुपर्ने ।

१.५५ शिक्षा सम्वन्धी :

क. अतिविपन्न, विपन्न र दलितका अभिभावकहरुलाई सचेतना दिई वालवालिकाहरुलाई विद्यालयसम्मको शत-प्रतिशत व्यवहारिक पहुँच वढाउनु पर्ने ।

ख. शिक्षामा पहुँच वढाउन विहानी वा सांझको अतिरिक्त कक्षाहरु टोल-टोलमा व्यवस्था गर्नुपर्ने ।

ग. शिक्षकहरूलाई पुर्ण जिम्मेवार वनाउनु पर्ने ।

घ. मातृभाषामा अनिवार्यरुपमा प्राथमिक शिक्षा हुनुपर्ने साथै अतिरिक्त ज्ञानको लागि

समेत व्यवस्था स्थानीय तहले गर्नै पर्ने ।

१.५६ स्वास्थ्य क्षेत्र सम्वन्धी :

क. अतिविपन्न, विपन्न र दलितलाई निःशुल्क र गुणस्तरीय फलदायी स्वास्थ्य सेवा व्यवस्था गर्नुपर्ने ।

ख. वालमृत्यु दर, मातृ मृत्युदर घटाउन वडा स्तरीय जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

ग. आर्थिक स्रोत वढाई जनचेतनामूलक कार्यक्रमहरुद्वारा कुपोषणको गम्भीर स्वास्थ समस्या समाधान गर्नुपर्ने ।

घ. स्वास्थ्य चौकीहरुमा स्नातक तहका चिकित्सक अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने ।

१.५७ सशक्तीकरण सम्वन्धी :

क. यथार्थपरक रुपमा अतिविपन्न, विपन्न र दलितहरूको पहिचान गरी तहगत गरिवीको प्रमाणपत्रको व्यवस्था गरी सामाजिक सुविधा र प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

ख. परम्परागत सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र वजारीकरण गरी सांस्कृतिक अधिकार र पहिचानको व्यवस्था गर्नुपर्ने ।

ग. गुणस्तरीय शिक्षा तथा वातावरण तयार गरी जातीय छुवाछूत आचरणवाटै निर्मुल गर्नुपर्ने र छुवाछुत गर्नेहरुलाई कानुनतः दण्डीत गर्नुपर्ने ।

घ. अति विपन्न, विपन्न, मध्यम र दलित वर्गलाई राज्यले विशेष आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारका साथै शान्ति-सुरक्षाको व्यवस्था गर्नुपर्ने ।

१.५८ श्री छिन्नमस्ता भगवति सखडेश्वरी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा रहेको छ । सो प्रसिद्ध शक्तिपिठ हालसम्म निजि गुठी कै रुपमा रहेकोले सो गुठीलाई सार्वजनिक गुठीमा लैजानको लागि आवश्यक प्रकृया संस्कृति, पर्यटन तथा

नागरिक उडयन मन्त्रालय, केन्द्रिय गुठी संस्थानका साथै आवश्यक रहेको सवै सरोकारवालाहरुसँग पहल गर्न सिफारिस गर्ने । यो शक्तिपिठ सार्वजनिक गुठीमा भएपछि नेपालीहरुलाई नै रोजगारी र सामाजिक, सांस्कृतिक विकासमा सुअवसर पाउनेछन् । साथै सो शक्तिपिठको परिसरमा रहेको छिन्नमस्ता भगवती भुपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई समेत आधुनिक तथा प्रभावकारी तवरले संस्कृत शिक्षाको लागि अगाडि बढाउनुपर्ने नितान्त जरुरी देखिन आएकोले सो विद्यापिठलाई व्यवस्थित गर्न सिफारिस गर्ने निर्णय गरिएको छ ।

१.५९ नेपाल भारतका सीमा खुल्ला रहेकोले निजी वा पारिवारिक जीवनमा हुने सामाजिक, सांस्कृतिक र आर्थिक कार्यमा प्रभाव नपर्ने गरी कार्यलाई संघीय सरकारले व्यवस्थित गर्नुपर्ने देखिएकोले यो सिफारिस गरिएको छ । साथै सीमा क्षेत्रमा हुने अवैध कार्यहरुलाई यथासिघ्र रोक्नुपर्ने देखिन्छ ।

१.६० वैदिशिक रोजगारबाट प्राप्त भएको रकमलाई उत्पादनमुखी कार्यमा लगाउनु पर्ने जसवाट आयात प्रतिस्थापन र मुलुकमा रोजगारीको वातावरण सिर्जना हुने देखिएकोले विप्रेषणलाई उचित र प्रभावकारी ढंगवाट व्यवस्थापन गर्नुपर्ने ।

१.६१ सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं. २ वनैनियामा रहेको श्री नवदुर्गा भगवति मन्दिर ऐतिहासिक तथा पूरातात्विक दृष्टीले १०० बर्ष भन्दा बढी पूरानो रहेकोले सो लाई संरक्षण सम्बर्द्धन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने ।

१.६२ मिथिला पेन्टिङ सहितका हस्तकलाका अग्रपंक्तिमा रहेकाहरुले नेपालका किर्ति विश्वभरी पचास वर्ष पहिले नै फैलाई सकेका थिए । अहिले ती हस्तकारीगरहरुलाई स्थानीय र प्रदेश सरकारहरुले केही कतै नगरेको देखिन्छ । तिनका आँखा र हात दुवै कमजोर भईसकेको यथार्थता रहेको छ । ती प्रखर र निपूण हस्तकारिगरहरुलाई स्थानीय र प्रदेश सरकारहरुले विवरण संकलन गरी "कलाकारिता सुरक्षा भत्ता" को व्यवस्था गर्नुपर्ने ।

१.६३ सुनसरी जिल्लाको हरिनगरा गाउँपालिकामा रहेको ऐतिहासिक तथा पूरातात्विक शिव मन्दिर, सप्तरी जिल्लाको कंकालिनी भगवती मन्दिर, लोकनायक दिनाभद्री, सिराहा जिल्लाको लहान न.पा. को ढोडनामा अवस्थित राजदेवी पञ्चावती मन्दिर, सिराहा

जिल्लाको सहलेश फुलवारी मन्दिर, पताइर पोखरी, मानिक दह, मिर्चैया न.पा. वडा नं. ९ मा अवस्थित प्राकृतिक कमल दह, वारा जिल्लाको गढीमाई, पर्सा जिल्लाको माईस्थान, बाँके जिल्लाको वागेश्वरी मन्दिर, नवलपरासी जिल्लाको त्रिवेणीधाम, कपिलवस्तु जिल्लाको तिलौराकोट लगायतका धार्मिक स्थलहरुको उचित विकासगरी पर्यटन प्रबर्द्धन मार्फत लक्षित वर्गको आय आर्जनमा टेवा पुऱ्याउने ।

१.६४ तराई मधेशमा भएका ऐतिहासिक कलाहरु (मिथिला पेन्टिङ्ग, भोजपुरी पेन्टिङ्ग, अवधि पेन्टिङ्ग) लगायतका हस्तकलाहरुलाई अध्ययन अध्यापनको लागि शैक्षिक पाठ्यक्रममा राख्नुपर्ने ।

१.६५ विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा-३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा सूचीकृत गर्ने । साथै, अन्य स्थलहरुको पहिचान गरी सूचिकृत गर्नुपर्ने देखिन्छ ।

२. मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले मधेशी आयोग ऐन, २०७४ बमोजिमका कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

३. आयोगको ऐनको दफा ७ (ठ) अनुसार मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल ११४ वटा उजुरीहरु आयोग समक्ष प्राप्त भएका छन् । ती उजुरीको आवश्यक छानबिन तथा तहकिकात गरी पिडितलाई न्याय दिलाउन आयोगले सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको छ ।

४. आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धनका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले विभिन्न जिल्लाको अनुगमन भएको थियो । मधेश प्रदेशको दाइजोको कारण हत्या गरिएको घटनाको अनुगमन, छठ पर्वको दिन हिन्दु मुस्लिमको विचमा तेलिया

पोखरीमा छठ घाट बनाउने विषयमा भएको झगडा सम्बन्धी स्थलगत अनुगमन, बलान विहुल गाउँपालिकामा कृषिका लागि चाहिने मल, विउ, किटनाशक औषधि हाहाकार भएको सम्बन्धमा अनुगमन, किसान आन्दोलनको स्थलगत अनुगमन, मधेशमा व्याप्त महिला हिंसा, जातिय विभेद र सामाजिक कुरीति सम्बन्धी अनुगमन, बाढीबाट प्रभावित क्षेत्रहरुको अनुगमन, २०७९ बैशाख ३० गतेको स्थानीय निर्वाचन स्थलमा पुगेर संचार माध्यमवाट राजनैतिक दल, प्रहरी, प्रशासन, उम्मेदवार र मतदाताहरुसँग भएको छलफल तथा अनुगमन, मधेशी समुदायको सरोकारवालाहरुसँग थर सूचीकरण सम्बन्धी छलफल कार्यक्रम तथा अनुगमन, छिन्मस्ता भगवतीको मुखौटा चोरी सम्बन्धमा अनुगमन, चितवन जिल्लास्थित नारायणगढमा निर्माणको क्रममा रहेको रंगशालाको अनुगमन गरी सुझाव लिई प्रतिवेदन तयार गरिएको थियो । सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो ।

५. थर सुचिकरणः मधेशी आयोग ऐन, २०७४ अनुसार **"मधेशी समुदाय"** भन्नाले "मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ" भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । सो ऐनको दफा ७ (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ ।आर्थिक वर्ष २०७७।७८ मा नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन कार्यको सुरुवात गरिएको थियो । तर कामको व्यापकता सीमित स्रोत साधनको कारणले द्वितीय तथ्थांकमा आधारित भएर तयार पारिएको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ को प्रारम्भिक प्रतिवेदन तयार पारिएतापनि मधेशी समुदायको थर सूचीकरण सम्बन्धमा गरिने अध्ययन अनुसन्धान अझ व्यापक, बृहत, सम्वेदनशील र चुनौतीपूर्ण रहेकोले यसको अध्ययन प्रथम तथ्याङ्कलाई प्रमुख आधार बनाई अध्ययन गर्नुपर्ने देखिन्छ। यस

प्रतिवेदनमा जम्मा १५१ वटा जात र सो जातजाति भित्र विभिन्न थरहरु समावेश भएका छन् ।

६. अन्तरक्रिया कार्यक्रम : आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो । सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

७. मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रमः आजको मानव समाज स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत विभेद जस्ता साँगुरो सोचवाट गुज्रिरहेको छ । यस्तो सोँचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ ।नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोँचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । मानिस नैतिक रुपमा सफा हुनु पर्दछ । जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढ्दै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन् । परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा को लागि प्रदेश १ सुनसरी, मधेश प्रदेशको जनकपुरधाम, लुम्विनी प्रदेशको नेपालगंज, सुदुरपश्चिमको धनगढी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

८. लोक सेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रमः मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले मधेश प्रदेशको जनकपुरधाम,

वागमती प्रदेशको हेटौडा र कर्णाली प्रदेशको सुर्खेतमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न भयो ।

९. विभिन्न निकायमा गरिएको सिफारिसः आयोगको ऐन अनुसार तराई मधेशमा बाढीले पुऱ्याएको क्षति न्यूनीकरण गर्न र प्रभावित व्यक्तिहरुको खाना,नाना र छानाको व्यवस्थापनका लागि चाल्नुपर्ने कदम, नेपाल-भारत सीमामा देखिएको समस्यालाई द्विपक्षीय वार्ता मार्फत समाधान गर्न सरकारलाई सुझाव दिईएको थियो । किसानको आन्दोलनमा किसानहरू माथिको अत्याधिक बल प्रयोग भएकोले सो रोक्न सरोकारवालाहरूसंग छलफल गरी आन्दोलनलाई वार्ताको माध्यमबाट समाधान गर्न सिफारिस सहितका सुझावहरुका साथै अन्य विषयहरुमा समेत समय समयमा सम्बद्ध निकायहरु र नेपाल सरकारलाई सुझाव तथा सिफारिस गरिएको थियो । शिक्षाबाट बञ्चित लक्षित वर्गलाई शिक्षामा सहज पहुँच, कुरिति, अन्धविश्वास, दाईजो प्रथा र छुवाछुत न्यूनिकरण सम्बन्धमा समेत सिफारिस गरिएको थियो ।

**मिति : २०७९।०७।२८**

## प्रेस विज्ञप्ती

आवधिक निर्वाचन लोकतन्त्रका लागि महापर्व मानिन्छ । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको दोस्रो आवधिक आसन्न निर्वाचन २०७९ मंसिर ४ गते हुन गइरहेको छ । यस निर्वाचनलाई स्वच्छ, निष्पक्ष, मर्यादित, शान्तिपुर्ण र लोकहितको लागि राज्यका सवै संयन्त्रहरुले प्रभावकारी रुपमा निर्वाचन सुसम्पन्न गराउन लागि परेका छन् ।

लोकतान्त्रिक प्रक्रिया जति पारदर्शी हुन्छ त्यति नै लोकतन्त्रका आधार-स्तम्भहरु र प्रजातान्त्रिक संस्कृति पूर्णरुपमा कार्य गर्ने हुन्छ । यी सम्पूर्ण लोकतान्त्रिक अवयवहरुलाई समिचिनता प्राप्त गर्न/गराउन नागरिकहरुको भूमिका अहम् र अपरिहार्य हुन्छ । जनधरातलीय विकास र संस्कारलाई प्रस्फुलित गर्न/गराउन आउदो प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनहरुलाई पूर्ण व्यवस्थित र सुरक्षित गर्नुपर्ने भएको हुनाले, यस परमपवित्र कार्यलाई सुसम्पन्न गराउनको लागि मधेशी आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र त्यसपछि पनि अनुगमन तथा सुपरिवेक्षण गर्ने निर्णय गरेको छ ।

यस कार्यका लागि आयोगका माननीय अध्यक्ष सहित माननीय सदस्यहरुको नेतृत्वमा टोली बनाई विभिन्न प्रदेशहरुमा अनुगमन कार्य भइरहेको छ । साथै, आवश्यक्तानुसार आयोगका कर्मचारीहरु समेत सो कार्यमा सहयोगका लागि अहोरात्र लागि परेका छन् ।

जनताले निर्भिकताका साथ आ-आफ्नो मतको सदुपयोग गर्न पाओस् यहि हो मधेशी आयोगको भावना र शुभकामना ।

यस निर्वाचन कार्यमा सवै संवैधानिक आयोगहरु र सवै सरोकारवालाहरुसँग मधेशी आयोग सहकार्यको लागि सदा सदैव तत्पर र तयार रहेको विनम्रताका साथ अपिल गर्दछ ।

**मिति २०७९।०८।१८**

## प्रेस विज्ञप्ती

मधेशी समुदाय नेपालमा आदिमकाल देखि बसोबास गर्ने महत्वपूर्ण र गौरवशाली इतिहास बोकेको समुदाय रहेको सर्वविदितै छ । देशको सीमा रक्षा गर्न पनि मधेशी समुदाय सधै अगाडी रहेको कुरा लुकेको छैन ।

विगत केहि दिन देखि मधेशी समुदायलाई लक्षित गरी समय-समयमा विभिन्न व्यक्तिहरुले धोती, भैया, मदिसे, काले जस्ता अपमानजनक शब्द प्रयोग गरी सामाजिक सद्भावमा खलल पार्ने काम गरिरहेको बारे मधेशी आयोग समक्ष विभिन्न उजुरीहरु प्राप्त भएको छ । यस्ता गैर-कानुनी कार्यहरुले राष्ट्रिय एकतामा खलल पार्न सक्दछ ।

त्यस्ता प्राप्त उजुरीहरु माथि आयोग गम्भिर र सचेत रहेको समेत विनम्र जानकारीको लागि अनुरोध छ ।आयोगले त्यस्ता उजुरीहरु माथि तुरुन्त सम्बन्धीत निकायहरुलाई पत्राचार गरी छानविन तथा कडा भन्दा कडा कारबाही गर्नको लागि सिफारिस समेत गरिरहेको छ । आयोगको सिफारिस पश्चात सम्बन्धीत निकायले विभिन्न घटनाहरुमा छानविन गरी दोषीलाई कानुनी दायरामा समेत ल्याएको छ । यस्ता संवेदनशील घटनाहरुमा स्थलगत अनुगमन समेत हुने गरेको जानकारीको लागि अनुरोध छ ।

कुनै पनि जात, धर्म, समुदाय वा संस्कति माथि प्रहार गर्नु अमानवीय गैर-संवैधानिक र गैर-कानुनी कार्य हो र यस्ता कार्यहरु नगर्न/नगराउनु हुन आयोग सबैलाई सचेत गराउदछ । कुनै व्यक्ति वा संस्थाले त्यस्तो गैर-कानुनी कार्य गरेमा नेपालको प्रचलित कानुन बमोजिम

कडा भन्दा कडा कारबाही हुने व्यहोरासमेत जानकारीका लागि अनुरोध छ ।

“जहाँ समस्या, त्यही मधेशी आयोग"को मूल मन्त्रसहित आयोगले आफ्नो संवैधानिक दायराभित्र रही मधेशी समुदायको संरक्षण, संबर्द्धन तथा सशक्तिकरणको लागि अहोरात्र काम गरिरहेको विनम्र जानकारीको लागि अनुरोध छ ।

मधेशी समुदायको अधिकार उल्लघंन गर्ने गराउने र सो समुदायमा प्रहार गर्ने व्यक्ति वा संस्थाको विरूद्धमा आयोगको ऐन २०७४(७) अनुसार उजुरी दिन आयोगको टेलीफोन ०१-५२६११८५ हटलाइन ११४८ टोल फ्रि १६६००११६१८५ आयोगको सामाजिक सञ्जाल वा ईमेलमार्फत सम्पर्क गर्न सकिन्छ ।

## मिति २०७९।८।२६

## प्रेश विज्ञप्ती

नेपाली किसानहरु विपुल समस्याहरुका माझमा पनि मुलुक लाई समुन्नतिको पथमा लैजान अहोरात्र कार्य गर्दै आएका छन् । यसैको परिणाम स्वरुप मुलुकको ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको २५% भन्दा बढी योगदान रहेको सर्वविदितै छ ।

आ. व २०७९/०८० को लागि नेपाल सरकारद्धारा धानको खरिद मुल्य निर्धारण हुनु सकारात्मक पक्ष हो । तर मंसिरको अन्तिम समय सम्ममा पनि किसानको धान नेपाल सरकारका अंगिकृत अवयवहरुवाट खरिद नगर्नु कुनै पनि दृष्टिले सकारात्मक भन्न सकिदैन । आफ्नै प्रयासद्धारा उत्पादन गरिएका धानलाई दैनिक आधारभूत आवश्यकता पूर्ति गर्न कम मुल्यमा बिचौलियाहरुलाई धान बेच्नु पर्ने बाध्यात्मक अवस्था सृजना भएको छ । तसर्थ नेपाल सरकारले अविलम्ब किसानका सामुन्ने उपस्थित जटिल समस्या समाधान गर्न आयोग अपिल गर्दछ ।

विगतमा कृषकहरुले भोगेका मल र उखुको समस्या आगामी दिनमा पुनः नदोहोरियोस भन्ने आयोगको चाहना हो । यसका लागि सरकार समयमै सजग र सतर्क हुनु आवश्यक छ । यसका अत्तिरिक्त उचित सरकारी संयन्त्र बनाई तिनै तहका सरकारहरुले उत्पादित कृषकका उत्पादनहरुलाई खरिद गरि वजार व्यवस्थापन र वितरणका लागि भरपर्दो अवस्था सृर्जना गर्न आयोग हार्दिक अपिल गर्दछ ।

**मिति-२०७९।०८।२९**

**प्रेस विज्ञप्ती**

## किन मधेशी आयोगले थारु र मुस्लिम लाई मधेशीको सूची बाट हटायो ?

मधेशी आयोगले आफ्नो "नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८" मा १४९ जात र उपसमुह १.थारु २. मुस्लिमलाई थारु आयोग र मुस्लिम आयोगकै पदाधिकारीहरुको सहमति मै मधेशीको रुपमा सुचिकृत गरी अग्रसारित गरेको थियो ।

सो अध्ययन प्रतिवेदन सार्वजनिक भएपछि थारु र मुस्लिम समुदायका विभिन्न संघ-संगठनहरुले आयोगमा "हामी मधेशी होइनौ, हाम्रो छुट्टै सभ्यता र पहिचान छ " र मधेशीको सुचीबाट हटाइदिन भनेर ज्ञापन पत्र, निवेदन र उजुरीहरु दर्ता गराएका थिए । साथै मधेशी को सुचीमा राख्दा व्यापक विरोध समेत गरेका थिए ।

साथै, थारु र मुस्लिम आयोगका अध्यक्षज्यूहरुले "हामीलाई मधेशी मा राखु गलत कदम हो र छिटो हटाउनुपर्छ भनेर आफैले गरेको सहमतिका विपरीत दोहोरो चित्र र चरित्र देखाउंदै सार्वजनिक रुपमै प्रेस विज्ञप्ति निकालनुभएका थिए ।

प्राप्त उजुरी,ज्ञापनपत्र र विज्ञप्तिहरुलाई ध्यानमा राखि मधेशी आयोगको मिति २०७९/०८/२० गतेको ७५ औ वैठकद्वारा मधेशी आयोगले थारु र मुस्लिम लाई सुचीकृत उपसमुहवाट बाट हटाउने निर्णय गरेको छ ।

**विरोध अब मधेशी आयोगको किन ?**

**अध्ध्यन गरेर लेख्दा राम्रो होला कि ?**

थारु र मुस्लिम आयोगका पदाधिकारीज्यूहरु संग प्रश्न सोध्नुस कि सहमति विपरीत किन मधेशी सुचिबाट हटाउन लिखित रुपमै दिनुभयो ? संघ-संगठनहरुलाई सोध्नुस किन ज्ञापन पत्र बुझाउनुभयो ?

**अब रोइलो किन ? र के का लागि ?**

**मिति : २०७९।०९।०३**

## प्रेस विज्ञप्ती

नेपालको संविधानले धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा अक्षरांकित गरेको छ । सवै नागरिकको उपचार राज्यले ग्यारेन्टी गरेको छ । उपचारको अभावमा कसैको मृत्यु हुने छैन कानुनी व्यवस्था समेत रहेको छ तर सप्तरी जिल्लाको कन्चनरुप नगरपालिकामा पाँच जना अति विपन्न मधेशी दलितहरुले अकालमै ज्यान गुमाएका छन् । उपचारको अभावमा यी पाँच जनाको ज्यान गएको प्रारम्भिक अध्ययनवाट देखिन्छ । यस घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता किसिमका घटनाहरु वर्षेनी हुने गरेको छ तर यस्ता घटना पुनः नदोहोरिनको लागि राज्यले गहन अध्ययन गरी समाधानका अल्पकालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्नुपर्छ । यस घटनाको सत्यतथ्य जानकारी हेतु यथाशीघ्र आयोगको एउटा टोली त्यहाँ पठाउने छ र सवै सरोकारवालाहरुसँग मन्थन गरी समस्या निदानार्थ कार्य गर्नेछ ।

पीडित परिवारहरुलाई राज्यले सवै प्रकारका सहयोग गर्नुहुन र बिरामीहरुलाई यथोचित स्वास्थ्य उपचार स्थानीय, प्रदेश र संघ सरकारले गरिदिनुहुन मधेशी आयोग अपील गर्दछ ।

**मिति २०७९।०९।१४**

## प्रेस विज्ञप्ति

तराई - मधेशका जिल्लाहरुमा प्राकृतिक विपदको रुपमा हुने शीतलहरले जनजीवनलाई नराम्रो तरिकाले असर पार्दै छ । हुस्सु र कुहिरोको कारण चिसो अत्याधिक वढेको छ । सामान्य तापक्रममा कमि आएको छ । जनजीवन असमान्यता तिर धकेलिदै गएको छ । ज्येष्ठ नागरिक दीर्घरोगी, वालवालिका लगायतहरुलाई जीवनयापन गर्न कठिन भइरहेको छ ।

विभिन्न तहमा रहेका सरकारी र गैर-सरकारी विपद व्यवस्थापन संस्था/केन्द्रहरु अझ सक्रिय हुन आवश्यक छ । तीनै तहका सरकारहरुले अशक्त, गरिव, अपाङ्ग सहितका लक्षित वर्गहरुलाई न्युनतम सुविधाको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

सामाजिक संघ-संस्थाहरुको विगतभन्दा अझ बढी सक्रिय र संवेदनशील हुनुपर्ने हुन्छ । न्यानो

वनाउनको लागि काठ-दाउरा, चोक-चोकमा "घुर" आगो ताप्ने, न्यानो लुगा सामग्रीहरुको व्यवस्था हुन समेत आवश्यक देखिन्छ । शितलहरको कारणले कसैको ज्यान जान नदिन स्थानीय सरकार सहित प्रदेश सरकारहरुले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

यसका साथै, उखु किसानको उखुको समसामयिक मुल्य निर्धारण गरी उत्पादित उखुको वजार व्यवस्थापनको लागि आयोग हार्दिक अपील गर्दछ ।

**मिति: २०७९।०९।२४**

## प्रेस विज्ञप्ति

बाँके जिल्ला खासगरी नेपालगन्ज उपमहानगरपालिकाका विभिन्न वडाहरुमा दादुरा महामारीको रुपमा फैलिएको सञ्चार माध्यमहरुवाट जानकारीमा आएको छ । दादुराकै कारणबाट एकजना वच्चाको ज्यान समेत गई सकेको छ । यो रोग अत्यन्तै संक्रामक रहेको स्वास्थ्य विज्ञहरूको भनाइ समेत रहेको छ । रोगलाई तत्कालै रोकथाम गर्नको लागि स्थानीय, प्रदेश र संघ सरकारहरुले समिचीन पहल गर्नुपर्ने देखिन्छ । साथै स्वास्थ्य सम्बन्धी सघन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने, स्वास्थ्यकर्मी, औषधी तथा अन्य विशेषज्ञहरुको प्रभावित क्षेत्रमा व्यवस्थापन गर्नुपर्ने हुन्छ । थप बालबालिका संक्रमित हुन नदिन र ज्यान गुमाउन नदिनको लागि आवश्यक सवै उपायहरू स्थानीय सरकारले गर्नुपर्ने देखिन्छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बाँके जिल्ला पूर्ण खोपयुक्त जिल्ला रहेको छ तर खोपयुक्त रहेतापनि दादुरा महामारी फैलिएको सम्बन्धमा उचित संयन्त्र वनाई छानवीन समेत गर्नुपर्ने देखिन्छ । जोखिममा परेका बालबालिका तथा परिवारहरुलाई उचित आर्थिक तथा अन्य व्यवस्थापनको लागि सरकारहरु सम्वेदनशील बन्नुपर्ने देखिन्छ ।

**मिति: २०७९।१०।२५**

## प्रेस विज्ञप्ति

नेपालको विप्रेषणमुखी अर्थतन्त्रमा वैदेशिक रोजगारले अतुलनीय योगदान गरिरहेको सर्वविदितै छ । तराई मधेशका युवा पनि आन्तरिक रोजगारीको अवसरको कमिले बाध्यात्मक रुपमा

वैदेशिक रोजगारीमा जानु परिरहेको छ । वैदेशिक रोजगारको अवस्था हेर्दा रोजगारीपूर्व, रोजगारी र रोजगारी पश्चात तीनै चरण चिन्ताजनक छ । अझ परिवारको रोजीरोटीका लागि विदेशिएका युवाहरु बाकसमा फर्किनुले वैदेशिक रोजगारको सुरक्षाको अवस्था र स्तर बोध गराउदछ । मृत्यू पश्चात मृतकको परिवारले प्राप्त गर्ने राहत लगायतका सुविधाहरुमा पनि विचौलियाहरुको चलखेलले गर्दा थप पिडित हुनुपर्ने अवस्था रहेको छ । यस तर्फ सम्बन्धित निकायले उच्च चासो दिनुपर्ने देखिन्छ । यसर्थ वैदेशिक रोजगारमा गएका युवाहरुको रोजागरी सुरक्षा साथै मृतकका आश्रित परिवारले प्राप्त गर्ने राहत रकम प्राप्तीलाई सहज र सरल गराउने तर्फ नेपाल सरकार लगायत सरोकारवालाहरुले उचित पहल गरिदिनुहुन मधेशी आयोगले हार्दिक अपिल गर्दछ ।

**मिति: २०७९।११।०५**

**प्रेस विज्ञप्ति**

**मलेशियामा अलपत्र परेका श्रमिकहरुको उद्धार गर्न सरकारसँग अपिल:**

मिति २०७९ चैत्र ४ गते शनिवार नयाँ पत्रिका(वर्ष १६, अंक ३२८) राष्ट्रिय दैनिकमा प्रकाशित समाचारप्रति यस आयोगको ध्यानाकर्षण भएको छ ।

वैदेशिक रोजगारीमा गएका नेपालीहरुको "कन्त विजोग" को अन्त्य हुनुको सट्टा दिन प्रतिदिन झन् शोषण र उत्पीड्न बढ्दै गएको पाईन्छ । यसैको अविछिन्न कडीको रुपमा मलेशियामा गएका ५६ नेपालीहरु अढाई महिनादेखि अलपत्र परेका छन् । म्यानपावर कम्पनीहरुले मासिक एकलाखको शर्तनामामा तिनीहरुसँग उल्लेख्य रकम असुलेर मलेसिया पठाएका थिए तर म्यानपावर कम्पनीहरुको सदावहार ठग्ने प्रवृत्तिले तिनीहरू ठगिएका छन् । ती नेपाली युवाहरु अढाई महिनादेखि मलेशियाको सडकका पेटीहरुमा जीवनयापन गर्दै अत्यन्तै कष्टकर जीवनयापन गर्न वाध्य भएका छन् । नेपाल सरकारले तत्कालै ती युवाहरूलाई मलेशियामा रोजगार वा उद्धारको व्यवस्था गर्नु पर्छ । यसका साथै, दोषी म्यानपावर कम्पनीलाई समेत कानुनी दायराभित्र ल्याउन आयोगले सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ। शीघ्रताशीघ्र श्रमिकहरुको रोजगारी र कानुनी व्यवस्थापनको लागि आयोग अपील गर्दछ ।

**मिति: २०७९।११।२१**

## फागु पर्वको नवधा रसरंगी शुभकामना !

प्रकृतिले नव पल्लवित भएको र वसन्ती रंगमा रंगिएको ऋतु हो, वसन्त ऋतु । प्रकृति प्रेममयी वात्सल्य रंगमा रंगिन भएको समय हो वसुन्धरा । धरनीका विविधा र नवधा रंगमा रंगिएको पल-पल । सम्पुर्ण चर-चराचर समानताको रंगमा मात्र हैन विविधतामा एकता, समरुपता, भक्ति र स्नेहको रंगमा रंगिएको क्षण हो । यस्तो अनुपम र अलौकिक मासमा "फागु/फगुवा/होली/मनाउनु "द्वितियाको चन्द्रमा" झै प्रतीत हुन्छ ।

यस वर्ष २०७९(२०२३) को फागु पर्वले प्रभावकारी सदभावको रंग, सामाजिकताको रंग, सांस्कृतिकताको रंग, असत्यमाथि सत्यका रंग, भौगोलिकताको सहज रंग, सहज मनोवैज्ञानिकताको रंग सहित विजयोत्सवको रंगले नेपाल र नेपालीलाई सहज, सरल र सुमधुरताको नवधा-विविधा रंगको मंगलमय शुभकामना !

शान्तिपूर्ण रुपमा यो रंगोत्सव पर्व सुसम्पन्न होस् यहि चाहना र शुभकामना !

२०७९।१२।०६

## प्रेस विज्ञप्ती

### मधेशी आयोगको ४ बर्ष

### "जहाँ समस्या त्यही मधेशी आयोग, त्यही निदान र समाधान "

विविध भौगौलिक संरचनागत तथा जातीय एवम् बर्गीय विविधता भएको मुलुक नेपाल हो । विश्वका उच्चतम शिखर "सगरमाथा " एवम् सबभन्दा होचो स्थान "मुखियापट्टि मुसहरनिया" भएको मुलुक नेपाल हो । विविधता बीचको एकताको सुन्दरतम साक्षी मुलुक नै नेपाल हो र, विश्वशान्तिका अग्र व्यक्तित्व "गौतम बुद्ध" जन्मेको मुलुक र देहरहितका राजा "विदेह जनक" नेपालकै हुन् । विश्वको प्रथम गणतान्त्रिक मुलुक मिथिला नै रहेको थियो जहाँ प्रत्येक मानिसको मानवअधिकार पूर्णरुपेन सुरक्षित र संरक्षित थिए ।

विविध समुदायहरुको प्रकृति प्रदत अधिकारहरुलाई संरक्षित गर्नका लागि नेपालको संबिधान २०७२ ले विभिन्न अधिकारमुखी संवैधानिक आयोगहरु गठन गर्ने परिकल्पना अनुसार नेपालको संविधानको भाग-२७ मा रहेको "अन्य आयोगहरु " मध्ये धारा २६२ मा मधेशी आयोग रहेको छ । यस आयोगको विधिबत संचालन २०७५ चैत्र ७ गते देखि आयोगको अध्यक्षको नियुक्ति भएपछि भएको हो । हुनतः कार्यालय स्थापनाको निर्णय २०७५ कार्तिक महिना देखि नै भएको थियो । बिश्वब्यापी मानवअधिकारका सिद्धान्त र सर्बोच्च अदालतको मिति २०७१/११/२५/२ को फैसला/परमादेश अनुसार यो आयोग गठन गर्न नेपाल सरकार बाध्य भएको हो ।

कुनै पनि व्यक्ति वा समुदायको मानवाधिकार अहरणीय तथा जन्मशिद्ध नै हुन्छन । सम्भवतः यी अन्तराष्ट्रिय सिद्धान्तलाई सिरोधार्यगरी "मधेशी आयोग" को स्थापना भएको छ वा होला? मधेशी आयोगको प्रस्तावनानुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, सो समुदायको हकहितको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु नै मुलतः उद्देश्य रहेको छ ।

राज्यले मधेशी आयोग गठन गरे तर मधेश के हो? मधेशी को को हुन् ? मधेशीको जनसंख्या कति हो? मधेशीको राज्यमा पहुँच के-कति हो ? भन्ने कुरा कुनै उपलब्ध थिएन ।

आयोगको क्षेत्राधिकार लाई अक्षरशः पालना गर्दै र मधेशी समुदायको जनआकांक्षा अनुसार, मधेशको परिभाषा, मधेशी समुदायमा १५० वटा जात र २२०० भन्दा बढी थरहरु, २०६८

को जनगणना अनुसार मधेशी समुदायको खण्डीकृत जनसंख्या जुन २०७८ को जनगणना अनुसारको अद्यावधिक हुन बाँकि रहेको छ र यी कार्य सम्पादन भएका छन् । मधेशी समुदायको राज्यमा के कति पहुँच छ को समेत आयागले अध्ययन गरेको छ । यी कार्यहरु "कालजयी" भएका छन । आयोगको स्थापना वर्षमै मधेशी समुदायको वर्ग पहिचान (विपन्न, अतिविपन्न, मध्यम, सम्पन्न र सुसम्पन्न) गरि अध्ययनगरि नेपाल सरकारलाई सफारिस गरिसकेको छ भने मधेशी समुदायको अचेतना-चेतनाको कमी रुपान्तरणमा व्यापक समस्या, सशक्तीकरण आकाशमा पाकेको "बेल" भएको र पहुँचमा लगभग अतिविपन्न र विपन्न वर्गको शुन्यता पहिचान गरी सिफारिस गरिसकेको यर्थाथ चित्र रहेको छ । आयोगलाई सकेसम्म प्रविधिमैत्री आयोग बनाइएको छ र प्रविधि पहुँचमा सन्तोषजनक अवस्था रहेको छ । मधेशी समुदायका बालबालिकाहरुको संरक्षण र नैतिक प्रवर्धनका लागि "नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा" विभिन्न प्रदेशका र जिल्लाहरुका विद्यालयमा संचालित भएका छन् राज्यमा प्रभावकारी पहुँचका लागि "सरकारी सेवामा मधेशी समुदायको पहुँच" कार्यक्रमहरु सीमावर्ती विद्यालयहरुमा अभिमुखीकरण कार्यक्रमहरु गरिएका छन् । यी कार्यक्रमहरुबाट लक्षितवर्ग लाभाम्वित भएका छन्, भने केही स्थानीय तहहरुले यी कार्यक्रमहरु पालिकास्तरमै संचालन नै गरेका छन् । मधेशी आयोगको ऐन २०७४ को दफा ७ अनुसार मधेशी समुदायमा व्याप्त अन्धविश्वास, कुरीति, अशिक्षा, गरिवी, दाइजोप्रथा, लैङिक विषमता, गर्भ परिक्षणपछि छोरीलाई गर्भपतन गरि मार्ने, खुल्ला सिमाका असंख्य चुनौतीहरु, सामाजिक तथा साँस्कृतिक, धार्मिक तथा जातीय उन्माद, जातीय भेदभाव, अनमेल विवाह नागरिकता विहिनता सहितका तत्कालीन तथा दीर्घकालीन समस्याहरुलाई न्यूनीकरण गर्न आयोग अहोरात्र कार्य गर्दै आएको छ । वैदेशिक रोजगारको कारणबाट सृजित समस्याहरुको न्युनीकरण गर्न आयोगले पहल गर्दै आएको छ ।

लोकतन्त्रको महान पर्वको रुपमा निर्वाचनलाई भन्ने गरिन्छ । २०७९ साल बैशाख ३० गते र मंसीर ४ गतेको निर्वाचनलाई आयोगले निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पछिको अवस्थालाई अनुगमन, समीक्षा र मुल्याङ्कन गरेको छ । निर्वाचनलाई जनताको जनमुखी निर्वाचन हुनुपर्दछ भन्ने अनुगमनबाट देखियो । यसको विस्तृतरुप मधेशी आयोगको पाँचौं वर्षको प्रतिवेदन मार्फत फेरि आउने नै छ । तर, निर्वाचन प्रणाली र निर्वाचनको रुप र स्वरुपमा परिवर्तन गर्नु लोकतन्त्रको लागि अत्यावश्यक रहेको देखिन्छ । विज्ञहरुको रोष्टरद्वारा विज्ञताको लाभ आयोगले समय समयमा प्राप्त गर्ने गरेको छ । अवस्था अनुसार

व्यवस्थाको सिद्धान्त अनुसार काम गर्नु बाध्यात्मकता रहेको छ । आयोगको स्थापना कालदेखिको लगातार चार आर्थिक वर्षमा शुन्य वेरुजु कायम गरि सर्वोत्कृष्ट भई पुरस्कृत समेत भएको छ ।

राज्यको अष्टबके दृष्टीको कोपभाजनमा यो मधेशी आयोग परेको छ । यो आयोग न्यूनतम बजेटको अवस्थामा रहेकै थियो त्यसमा पनि २०७९ माघ १७ गतेको अर्थमन्त्रालयका परिपत्रले सम्पूर्ण कार्यक्रमहरु रोकिएका छन् । यसले आयोगलाई दामविहिन र कामविहिन बनाएको छ । समुदायको अपेक्षाको चाङ्ग नै रहेको छ । उजुरीको चाङ्ग नै रहेको छ । प्राप्त उजुरीहरुलाई अनुसन्धान गर्ने अधिकार आयोगलाई कानुनले दिइएको छैन । तथ्य सत्यको प्रमाणीकरण स्थलगत अनुगमनबाट मात्र हुने यथार्थता रहेतापनि शुन्य बजेटको कारण सबै रोकिएका छन् । नेपाल सरकारले तत्कालै रोकिएका बजेट फुकुवा गर्नुपर्ने आवश्यकता देखिन्छ । मधेशी समुदायको भाषा, कला, लिपि, साँस्कृतिक स्थलहरुको संरचना एवं विश्व सम्पदामा सूचिकृत गर्ने कार्यको विवरण आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ ।

स्रष्टाहरुको जीवनवृतिको सम्बन्धमा आवश्यक व्यवस्थापनको लागि आयोगले सिफारिस गरेको छ । थर सूचिकरणको प्राथमिक अध्ययन हुनुपर्ने र सोको लागि पञ्चवर्षिय योजना निर्माण गरी नेपाल सरकारलाई पटक पटक पठाई ताकेता गरेतापनि सरकारको कुम्भकरणीय निन्द्रा कहिले तन्द्रामा परिणत हुने हो ? थाहा छैन । यो आयोगलाई संवैधानिक रुपमै लङ्गरो बनाइएको हो । संविधानमा आयोगको काम कर्तव्य र अधिकार उल्लेखित गरिएको छैन । अनावश्यक रुपमा ऐनमा संशोधन गरी कर्मचारीको दरबन्दी न्यून बनाइएको र सचिवलाई प्रथम श्रेणीमा परिणत गरी दरिद्र सरकारी उदासीनता र सोचको राजकीय चरित्र प्रस्तुत भएको देखिन्छ । स्रोत साधन शुन्य बनाइएको छ । आयोगको अगाडि "राष्ट्रिय" शब्द समेत राखिएको छैन । यसबाट राष्ट्रिय मधेशी आयोग "राष्ट्रिय" बन्न नसकि मधेशी आयोग मात्र बनेको छ । आयोगलाई अझैपनि भाडाकै सानो घरमा बस्नुपर्ने बाध्यात्मक अवथा रहेको छ । दक्ष मानव संसाधनको व्यापक अभाव रहेको छ ।शिखरकै उँचाईमा रहेका चूनौतीको चाँङ्गलाई छिछोल्दै आयोगले नागरिक समाजको समन्वय र सहकार्यमा प्राप्त जिम्मेवारीहरुलाई माटोको सुगन्धलाई अझ वढि सुगन्धित हुनेगरी कार्य गरेको छ र गरीरहने छ ।

स्थापनाका ४ वर्ष अत्यन्तै जटिल आरोह अवरोहले भरिएतापनि "गुलाफ फूल" को सौन्दर्यता काँडा सहितमा हुन्छ भन्ने भावना अनुसार आयोगले चुनौतीहरुका माझ सुगन्धित वासना सर्वत्र फैलाईरहेको छ, र अझवढी सामाजिक तथा साँस्कृतिक एकताको लागि कार्य गर्ने नै छ ।

विश्वास छ, यहाँहरुको सहयोग अझ बढि प्रभावकारीरुपमा यो आयोगले पाउने नै छ । अन्त्यमा, आयोगका माननीय सदस्यहरु, कर्मचारीहरु तथा अग्रज, अनुज, शुभेच्छकज्यूहरुमा हार्दिक आभार । "सशक्त र जनमुखी सहकार्य र संयोग, निस्तेज पार्छ सबै प्रकारका वितृष्णा र वियोग । "

जय नेपाल,

जय नेपाली ।

डा. विजयकुमार दत्त

-अध्यक्ष_

मधेसी आयोग

**२०७९।१२।१४**

## प्रेस विज्ञप्ती

### मिटरब्याजी पीडितहरुको समस्या समाधानको लागि अपिल

तराई मधेश अति विपन्न, विपन्न मध्यम वर्गीय जनताहरु दशकौंदेखि बहुआयामिक गरिवीमा पिल्सिएका छन् । ठाकुर मनस्थिति र मनोविज्ञानले झन् पिडा थपिएका छन् । आम जनताको पहुँचमा वैंकिङ्ग र वित्तीय संस्थाहरु "आकाशको फल" जस्तै भएको छ । कुपोषण र गरिवीबाट बाँच्नु नियती नै भई सकेको यथार्थता रहेको छ । साहुहरुको चक्रवृद्धि/मिटरव्याजले मानसिक रुपमै विक्षिप्त बनाएको छ । जीवनयानको कुनै पनि आधार नदेखिएपछि आत्महत्या गर्न पिडितहरु बाध्य भएका छन् । राज्य खवरभित्रको खबरबाट पक्कै वेखबर छ वा छैन ठम्याउन सकिएको छैन ।

मीटरव्याजी पिडितहरुको समस्या समाधानार्थ राज्यले ६ महिना अगाडि सम्झौता गरेको थियो तर तिनिहरुको समस्या नभएपछि फेरी मधेश प्रदेशका आठवटै जिल्लाहरुबाट काखमा सन्तान बोकी १२ औ दिन दिनको पैदल यात्रा गरेर संघीय राजधानी काठमाडौं आई पुगेका छन् । तिनिहरु कष्टकर जीवन जिउन बाध्य भएका छन् । तत्कालै समस्या समाधानार्थ आयोगले राज्यलाई पत्राचार गरिसकेको छ । तर, समाधानका लागि सार्थक प्रयत्न नभएको

देखिन्छ । राज्यले तत्कालै समास्या समाधानका लागि "बहुवैकल्पिक पहल" गरी पिडितहरुको अधिकारलाई राज्यले संरक्षण गरोस् र तिनिहरुको बोल्न पाउने [Right to speack & express] लोकतान्त्रिक अधिकारलाई समेत सम्मान गरोस् भी आयोग अपील गर्दछ ।

पीडितहरुसँग छलफल तथा समाधानको लागि आयोगका मा. सदस्य जीवछ साह, मा. रेणुदेवी साह र मा. सदस्य आभा कुमारी सहितको टोलीलाई आयोगको स्थलगत अनुगमनका लागि जिम्मेवारी दिइएको छ र सोको स्थलगत अनुगमन गरी उचीत समाधानको कार्य भैरहेको कुरा सम्बन्धित पक्षलाई जानकारी गराइन्छ ।

**मिति : २०७९।१२।१९**

**प्रेस बिज्ञप्ति**

**"धार्मिक र सामाजिक स्वतन्त्रता कायम गर्न अनुरोध !"**

विगत एक दशकदेखि लगातार रुपमा संविधानको प्रस्तावनामा लेखिएको "धार्मिक विभेद गर्न नपाइने" माथिको क्रमिक प्रहार, भाग १ को धारा ४ को स्पष्टीकरण विपरीतका कार्य, भाग ३ को धारा १७ (२) (ख) विपरीतका कार्यहरु, भाग ३ को धारा १८ को विपरीत, भाग ३ को धारा २६ विपरीतका र धारा ४८ विपरीतका कार्यहरु केहि व्यक्ति, संस्था वा निकायबाट क्रमशः हुंदै आएका छन् । यस्ता गतिविधिबाट मुलुकको विविध पक्षमा अल्पकालिन र दीर्घकालिन असर पर्ने देखिन्छ ।

कुनै एउटा क्षेत्र एउटै धर्मावलम्बीको हो भन्नु धर्म निरपेक्ष मुलुकमा कसरी सम्भव हुन्छ ? ती क्षेत्रहरुमा धार्मिक यात्रा जाने वित्तिकै आक्रमण हुने गरेको र कपिलवस्तुमा हत्या समेत भएको थियो । ठिक त्यस्तै, धार्मिक यात्रामा रौतहट, महोत्तरी, धनुषा, सप्तरी, सुनसरीमा घटनाहरु दोहोरिएको देखिन्छ । विजयादशमीको कलश यात्रा- मुर्ती सेलाउने, छठ पर्वको अवसरमा, सरस्वती पुजाको अवसरमा र मुर्ती सेलाउने क्रममा जुत्ता - चप्पल मुर्ति माथि फाल्ने, मुर्तिहरुलाई अंग-भंग गर्ने वा त्यसमाथि मल-मुत्र फाल्ने, रामनवमीको धार्मिक यात्रा, कृष्णाष्टमी, महाशिवरात्रीको धार्मिक उत्सवमा विघ्न-वाधा पुऱ्याउने, धार्मिक भावना माथि ठेस पुऱ्याउने, पदीय दायित्व वहन गर्ने पदाधिकारीवाट धार्मिक हिंसा भड्काउने गरी भाषण गर्ने आदि कार्यहरु क्रमिक र नियोजित रुपमा भईरहेको छ भनी उजुरीहरु प्राप्त भएका छन् ।

